# नेपाली

नेपाली

(तेस्रो तह कक्षा ४ र ५ सरह)

## वैकल्पिक शैक्षिक कार्यक्रम : नमूना सिकाइ सामग्री



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# नेपाली

(तेस्रो तह कक्षा ४ र ५ सरह)

## वैकल्पिक शैक्षिक कार्यक्रम: नमुना सिकाइ सामग्री

**लेखक**
वेगेन्द्र सुब्बा
रामचन्द्र खनाल

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७८

# भूमिका

नेपालको संविधानमा हरेक नागरिकलाई शिक्षा पाउने अधिकार सुनिश्चित गर्न मौलिक हकको व्यवस्था गरिएको छ । यसको कार्यान्वयनका लागि शिक्षाका नीति, योजना तथा कार्यक्रमहरू कार्यानवयन गरिँदै आएका छन् । विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याई गुणस्तरीय शिक्षा दिने, विद्यालय बाहिर रहेका र विद्यालय उमेर कटेका नागरिकहरूलाई वैकल्पिक शिक्षाका माध्यमबाट विद्यालय शिक्षा प्रदान गर्ने नीति नेपाल सरकारको रहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र विद्यालय तहको औपचारिक तथा वैकल्पिक शिक्षाको सहज पहुँच तथा गुणस्तर अभिवृद्धि गर्न नीति, मापदण्डलाई कार्यान्वयन र सहजीकरण गर्ने कार्यमा प्रतिबद्ध रहेको छ ।

आर्थिक, सामाजिक लगायत विविध कारणले तोकिएको विद्यालय जाने उमेरमा विद्यालयमा भर्ना हुन नसकेका र भर्ना भएर पनि कक्षा छाडेका तथा साक्षरता कक्षा पूरा गरेका व्यक्तिहरूका लागि निरन्तर र दिगो सिकाइको अवसर प्रदान गर्नु सरकारको दायित्व हो । निरन्तर सिकाइ एवम् सिप आर्जन गर्न चाहने हरेक नेपाली नागरिकलाई आफू रहेकै स्थानबाट वैकल्पिक शिक्षाको अवसर प्रदान गर्न आवश्यक भएकाले सिकारुको रुचिका आधारमा सिकाइ सहजता प्रदान गर्न विभिन्न विषयगत स्वाध्ययन सामग्रीहरू विकास गरिएको छ । यस क्रममा वैकल्पिक शिक्षाको माध्यमबाट अध्ययन गर्ने ६ देखि १४ वर्ष उमेर समूहका बालबालिकालाई केन्द्रित गरी कक्षा ४ र ५ को पाठ्यक्रमका आधारमा एक वर्षे कार्यक्रमका लागि यो **'नेपाली'** विषयको नमुना सिकाइ सामग्री विकास गरिएको हो ।

यस नमूना सिकाइ सामग्रीको लेखन कार्य गर्ने लेखकद्वय श्री वेगेन्द्र सुब्बा र रामचन्द्र खनाल, सामग्री विकासमा संयोजन गर्ने केन्द्रका उपमहानिर्देशक श्री केशवप्रसाद दाहाल, समन्वय तथा व्यवस्थापन गर्ने पाठ्यक्रम तथा सामग्री शाखाका निर्देशक श्री सविता दङ्गाल र शाखा अधिकृत श्री भीमादेवी कोइराला, विषयवस्तु तथा भाषा सम्पादन गर्ने विषय विज्ञ श्री रजनी धिमाल र लेआउट डिजाइन गर्ने श्री जयराम कुइँकेल सबैलाई धन्यबाद दिन चाहन्छु । यस सामग्रीलाई थप सुधार गर्न प्राप्त रचनात्मक सुझाव तथा प्रतिक्रियाको शिक्षा तथा मानव स्रोत विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वैकुण्ठप्रसाद अर्याल
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र


# विषय सूची



| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ १ | चस्मा हरायो | १ |
| पाठ २ | हाम्रो देश | ११ |
| पाठ ३ | अङ्ग्रेजी टोप | २३ |
| पाठ ४ | विमानका आविष्कारक राइट दाजुभाइ | ३३ |
| पाठ ५ | डल्लेठो | ४५ |
| पाठ ६ | बुइँगलको भूत | ५५ |
| पाठ ७ | अनौठो प्राणी कङ्गारु | ६७ |
| पाठ ८ | चिठीपत्र | ७७ |
| पाठ ९ | लसुन | ८९ |
| पाठ १० | बच्चा जन्माउने भाँडो | ९९ |
| पाठ ११ | साइकल | १०९ |
| पाठ १२ | हाम्रा पोसाकहरू | ११९ |
| पाठ १३ | राजा मूर्ख भएपछि | १३३ |
| पाठ १४ | यातायातका साधनको महत्त्व | १४३ |
| पाठ १५ | घडी भन्छ | २५५ |
| पाठ १६ | बिदाका लागि निवेदन | १६६ |
| पाठ १७ | मौकामा हिरा फोर्नु | १७६ |
| पाठ १८ | असल मान्छे बन्नुपर्छ रे | १८७ |
| पाठ १९ | पृथ्वी : साझा घर | १९७ |
| पाठ २० | आकाश छुने रहर | २०७ |

पाठ
१


# चस्मा हरायो

















## पूर्वपठन


**Õ तलका वस्तु र चित्रको जोडा मिलाउनुहोस् :**



एउटा धार्मिक ग्रन्थ



समाचार पढ्न पाइने वस्तु




आँखा कमजोर हुँदा लगाइने



विभिन्न कार्यक्रम सुन्न र हेर्न मिल्ने



विभिन्न कार्यक्रम सुन्न मिल्ने



हिँड्न सहारा दिने वस्तु

### शब्द र अर्थ

| | | |
|---|---|---|
| हालखबर | : | समाचार; ताजा खबर |
| मरे भेटिँदैन | : | कसै गरे पनि भेटिँदैन |
| घर्रा | : | टेबुलमुनि सामान राख्ने बाकस |
| आशा | : | आस; पाउने धोको |
| गान्धी चस्मा | : | महात्मा गान्धीले लगाउने जस्तो सानो गोलो आकारको चस्मा |
| बानी | : | आदत/ कुनै कुराको लत |

## सुनाइ र बोलाइ

**Õ तलको पाठ सुन्नुहोस् :**







चस्मा आँखाका लागि लगाइने वस्तु हो । सामान्यतया आँखा कमजोर भए चस्मा लगाइन्छ । तर यो कुरा सबैमा लागु हुँदैन । घामबाट बच्न पनि चस्मा लगाइन्छ । आफू सुन्दर देखिन पनि चस्मा लगाउने चलन छ ।

आँखा कम देख्नेहरूले लगाउने चस्मा डाक्टरहरूको सल्लाहले लगाउने गर्छन् । उनीहरूको आँखाको दृष्टि क्षमताअनुसार डाक्टरले सल्लाह दिन्छन् । यस्तो कमजोरी दुई खालका हुन्छन् । एउटा नजिकको कम देख्ने र अर्को टाढाको कम देख्ने । आँखाको दृष्टिमा समस्या हुनेहरूले चस्मा नलगाए झन् समस्या बढेर जान्छ । त्यसैले यस्ता समस्या भएकाहरूले चस्मा अनिवार्य लगाउनुपर्छ । घामबाट बच्न र सुन्दरताका लागि लगाइने चस्मा भने रुचिअनुसारका विभिन्न खालका हुन्छन् ।

बुढाबुढीले भने सामान्यतया आँखा कमजोर भएर नै चस्मा लगाउने गर्छन् ।

**१. सुनाइ पाठका आधारमा मौखिक उत्तर दिनुहोस् :**

(क) चस्माले केको सुरक्षा गर्छ ?

(ख) आँखा कमजोर भएकाहरूले कसले चस्मा लगाउने सल्लाह दिन्छन् ?

(ग) आँखाका मुख्य कमजोरी कस्ता हुन्छन् ?

(घ) आँखा कमजोर हुनेहरूले चस्मा नलगाए के हुन्छ ?

(ङ) बुढाबुढीले सामान्यतया के कारणले चस्मा लगाउने गर्छन् ?

**२. तपाईंले कस्ता कस्ता चस्मा देख्नुभएको छ ? बताउनुहोस् ।**

**३. आँखाको सुरक्षा गर्न के के गर्नुपर्छ ? तपाईंको विचार प्रस्तुत गर्नुहोस् ।**

# चस्मा हरायो

*-गोरखबहादुर सिंह*

दौडी हिँड्ने जरायो, उफ्री हिँड्ने खरायो,
हजुरबाको गान्धी चस्मा कता हरायो ।

दराजटेबुल घर्राभित्र छेउकुना खोजेँ,
कोठाचोटा बार्दलीमा आँगनमा खोजेँ ।
खोज्दा खोज्दा थाकिसकेँ मरे भेटिँदैन,
'भेटिन्छ कि ?' हजुरबाको आशा मेटिँदैन ।



गाउँ डुल्न जानुभा'थ्यो उतै खस्यो कि त,
फूलबारीमा कतैतिर लुकी बस्यो कि त,
राख्नु भो कि कतैतिर बिर्सने छ बानी
भेट भो कि सोध्नुहुन्छ, 'चस्मा भेट्यौ नानी ?'

किनौँ भने नयाँ चस्मा टाढा पर्ने सहर,
नखोजूँ त हजुरबालाई पढ्न सारै रहर ।
बिहान पढ्ने हालखबर साँझ रामायण,
कता पऱ्यो गान्धी चस्मा हरिनारायण ।

दौडी हिँड्ने जरायो, उफ्री हिँड्ने खरायो,
हजुरबाको गान्धी चस्मा कता हरायो ।



## शब्दभण्डार

**१. तलका शब्दहरू उच्चारण गर्नुहोस् र कापीमा सार्नुहोस् :**
जरायो, खरायो, घर्रा, बार्दली, बिर्सने, रामायण, हालखबर

**२. तल अर्थ छन् । शब्द छानेर राख्नुहोस् :**

**हालखबर, घर्रा, गान्धी चस्मा, मरे भेटिँदैन, आशा, बानी**

.................. = महात्मा गान्धीले लगाउनेजस्तो सानो गोलो आकारको चस्मा

.................. = कसै गरे पनि भेटिँदैन

.................. = टेबुलमुनि सामान राख्ने बाकस

.................. = आस; पाउने धोको

.................. = आदत; कुनै कुराको लत

.................. = समाचार; ताजा खबर

**३. उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| भेटियो | गाउँ | सम्झने | पुरानो |
| बाहिर | निराशा | नयाँ | बिर्सने |
| आशा | हरायो | नजिक | बिहान |
| सहर | भित्र | साँझ | टाढा |

**४. तलका शब्दहरू राखी वाक्य बनाउनुहोस् :**

चस्मा, आशा, रहर, टाढा, हालखबर, रामायण

**५. पाठमा कतिपटक हजुरबा शब्द दोहोरिएको छ ? गनेर लेख्नुहोस् :**

.......................................................................................................

**६. दुई शब्द मिलेर बनेका शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

जस्तै : दराजटेबुल

## बोध र अभिव्यक्ति

**१. तपाईँलाई पहिलो दिन स्कुल आउँदा कस्तो लाग्यो ? आफ्ना साथीहरूलाई सुनाउनुहोस् । साथीले पहिलो दिनको आफ्नो अनुभव सुनाउँदा ध्यान दिएर सुन्नुहोस् ।**

**२. चस्मा हरायो कविता तल बताएअनुसार पढ्नुहोस् :**

(क) शिक्षकले वाचन गर्नुभएको हरफ सबैले दोहोऱ्याएर

(ख) त्यसपछि कक्षाका सबै विद्यार्थी मिलेर

(ग) अन्त्यमा एक्लाएक्लै

**३. कविताको तेस्रो श्लोक राम्रा अक्षर पारी सार्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

**४. कविता पूरा गर्नुहोस् :**

दराजटेबुल .................. छेउकुना ..................

.................. बार्दलीमा .................. खोजेँ

.................................. थाकिसकेँ .................. भेटिँदैन

'भेटिन्छ ......... ?' हजुरबाको ........... मेटिँदैन ।

**५. उत्तर दिनुहोस् :**

(क) जरायो र खरायो कसरी हिँड्छन् ?

(ख) नानीले चस्मा कहाँकहाँ खोजिन् ?

(ग) हजुरबाको बानी कस्तो छ ?

(घ) हजुरबालाई के गर्ने रहर छ ?

(ङ) हजुरबा बिहान बेलुका के के पढ्नुहुन्छ ?

**६. कवितालाई बढाएर आफ्नै भाषामा लेख्नुहोस् :**

किनौँ भने नयाँ चस्मा टाढा पर्ने सहर,
नखोजूँ त हजुरबालाई पढ्न सारै रहर ।

**७. तलका कविताका पङ्क्तिलाई वाक्यको क्रममा लेख्नुहोस् :**

जस्तै : दौडी हिँड्ने जरायो - जरायो दौडिएर हिँड्छ ।

(क) उफ्री हिँड्ने खरायो ..............................................

(ख) बिर्सने छ बानी ..............................................

(ग) चस्मा भेट्यौ नानी ? ..............................................

(घ) राख्नु भो कि कतैतिर ? ..............................................

(ङ) टाढा पर्ने सहर । ..............................................

**८. हजुरबाले चस्मा कहाँ छोड्नुभयो होला ? के गर्दा हजुरबाको चस्मा छुट्यो होला ? कल्पना गर्नुहोस् र आफूलाई लागेको कुरा चारपाँच वाक्यमा लेख्नुहोस् ।**

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## व्याकरण

१. **निर्देशनअनुसार पाँचपाँच नाम लेख्नुहोस् :**

| मान्छेका नाम | ठाउँका नाम | चिजबिजका नाम | जनावरका नाम |
|---|---|---|---|
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |

२. **तलका नाममध्ये समूह बुझाउने नाममा मात्र गोलो घेरा लगाउनुहोस् :**

मान्छे, भिड, फौज, घाम, मुढो, झुप्पो

हुल, अङ्गुर, माला, चाड, किताब, रास

३. **तलका नाममध्ये को र केका उत्तरमा आउने नामलाई छुट्टा छुट्टै लेख्नुहोस् :**

रोमन, तेल, सरला, धुँवा, काजी, घृणा, मान्छे, ताँती

को का उत्तरमा आउने : .................. .................. ..................

के का उत्तरमा आउने : .................. .................. ..................

४. **वाक्य बनाउनुहोस् :**

(क) शिव

(ख) चरा

(ग) झुप्पो

(घ) माटो

(ङ) माया

## सामूहिक क्रियाकलाप

Õ **सँगै पढ्ने सात जना साथीको नाम लेख्नुहोस् । अब ती साथीहरूसँग सोधेर उनीहरूका हजुरबा र हजुरआमाको नाम पनि लेख्नुहोस् :**

| साथीको नाम | साथीका हजुरबाको नाम | साथीकी हजुरआमाको नाम |
|---|---|---|
| ..................... | ................................. | .................................. |
| ..................... | ................................. | .................................. |
| ..................... | ................................. | .................................. |
| ..................... | ................................. | .................................. |
| ..................... | ................................. | .................................. |

## सिर्जनात्मक लेखन

Õ **आफ्ना हजुरबा अथवा हजुरआमालाई भेटेर तलका प्रश्नहरू सोध्नुहोस् । आफ्नै हजुरबाहजुरआमा नभए छिमेकका कोही पाका मानिसलाई ती प्रश्नहरू सोध्न सक्नुहुने छ :**

(क) हजुरको नाम के हो ?

(ख) हजुर कति वर्षको हुनुभयो ?

(ग) हजुर पहिले के काम गर्नुहुन्थ्यो ?

(घ) हजुर अहिले के काम गर्नुहुन्छ ?

(ङ) हजुरका छोराछोरी कति जना छन् ?

(च) हजुरका नातिनातिनी कति जना छन् ?

(छ) हजुरलाई के गर्न मन पर्छ ?


माथिका प्रश्नहरूको उत्तरको आधारमा हजुरबा वा हजुरआमा बारेमा पचाससाठी शब्द लेख्नुहोस् :

....................................................................................................

....................................................................................................

पाठ
२

# हाम्रो देश




सुदुरपश्चिम प्रदेश
कर्णाली
गण्डकी
बागमती
प्रदेश नं. १
लुम्बिनी प्रदेश
प्रदेश नं. २




RUSSIA
Nepal
Capital
Kathmandu
INDIAN OCEAN
AUSTRALIA

## पूर्वपठन

**तलको नेपालको नक्सा हेर्नुहोस् । अब प्रदेशअनुसार नक्सासँग जोडा मिलाउनुहोस् :**




## शब्द र अर्थ

| | | | |
|---|---|---|---|
| सिमाना | : साँध; छेउ; सीमा | आसपास | :वरपरका; छेउछाउका |
| भेक | : ठाउँ; इलाका | मातृभाषा | :आमाका मुखबाट सिकिने भाषा |

## सुनाइ र बोलाइ

Õ **तलको पाठ सुन्नुहोस् :**




हाम्रो देशको नाम नेपाल हो । यस संसारमा धेरै देशहरू छन् । कुनै देश नेपालभन्दा साना छन् । कुनै देश नेपालभन्दा ठुला छन् । संसारको ठुलो देश रसिया हो । सानो देश चाहिँ भ्याटिकन सिटी हो । चीन र भारत हाम्रो देशका दुई छिमेकी देश हुन् । दुबै देश नेपालभन्दा ठुला छन् ।

हाम्रो देशले समुद्रलाई छोएको छैन । हाम्रो देशमा धेरै नदीनाला छन् । यी नदीनालाको स्रोत हिमाल हो । हाम्रो देशमा धेरै हिमालहरू छन् । संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथथा हाम्रै देशमा छ ।

१. **सुनाइ पाठका आधारमा मौखिक उत्तर दिनुहोस् :**

(क) संसारको सबैभन्दा ठुलो देश कुन हो ?

(ख) भ्याटिकन सिटी नेपालभन्दा सानो कि ठुलो देश हो ?

(ग) हाम्रा दुई छिमेकी देशहरू कुन कुन हुन् ?

(घ) नदीनालाहरूको स्रोत के हो ?

(ङ) संसारको अग्लो हिमाल सगरमाथा कुन देशमा पर्छ ?

२. **ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) संसारमा सबै देशहरू नेपालभन्दा ठुला छन् ।

(ख) भ्याटिकन सिटीभन्दा रसिया ठुलो देश हो ।


(ग) हाम्रो देशले समुद्रलाई छोएको छैन ।

(घ) हिउँको स्रोत नदीनाला हुन् ।

३. **तपाईंलाई नेपालको कुन ठाउँ मन पर्छ ? बताउनुहोस् ।**

४. **नदीनालाबाट हामीलाई के फाइदा हुन्छ ? बताउनुहोस् ।**

# हाम्रो देश




यो चित्र तपाईँले चिनिसकेको हुनुपर्छ । यो हाम्रो देश नेपालको चित्र हो । हामी यही देशमा बस्छौँ । त्यसैले हामीलाई सबैले नेपाली भन्दछन् ।

हाम्रो देश नेपालको उत्तरी सिमाना चीनसँग गाँसिएको छ । नेपालको दक्षिणतिर चाहिँ भारत भन्ने देश छ । नेपालको पूर्व र पश्चिमतर्फ पनि भारत नै छ ।

हाम्रो देशको तल्लो भागमा समथर जमिन छ । समथर जमिन भएको यस भागलाई तराई भेक भनिन्छ । मध्य भागमा चाहिँ अग्लाहोचा पहाडहरू छन् । डाँडाकाँडा र पहाडहरू भएको यस भागलाई पहाडी भेक भनिन्छ । नेपालको सबैभन्दा माथिल्लो भागमा हिउँले ढाकिरहने अग्ला अग्ला हिमालहरू छन् । यी हिमाल र यसका आसपासका ठाउँहरूलाई हिमाली भेक भनिन्छ ।



हाम्रो देशको राजधानी सहर काठमाडौँ हो । काठमाडौँ चारैतिर पहाडले घेरिएर बनेको उपत्यका हो । नेपालको अर्को नाम चलेको सहर पोखरा हो । पोखरा पनि उपत्यका नै हो । पोखराको फेवाताल र माछापुच्छ्रे हिमाल संसारभर प्रसिद्ध छन् ।

संसारको सबभन्दा अग्लो शिखर सगरमाथा हो । सगरमाथा नेपालको सोलुखुम्बु जिल्लामा पर्दछ । विदेशीहरूले हाम्रो देशलाई सगरमाथाको देश भनेर पनि चिन्दछन् । गौतम बुद्धको जन्मथलो कपिलवस्तु पनि नेपालमै पर्दछ । गौतम बुद्धलाई एसियाका ज्योति पनि भन्दछन् ।

हाम्रो देशमा धेरै नदीनालाहरू छन् । कोसी, गण्डकी र कर्णाली यस देशका ठुला ठुला नदीहरू हुन् । वागमती, कमला, राप्ती, कन्काई आदि पनि निकै प्रसिद्ध नदीहरू हुन् । यस्ता धेरैजसो नदीहरूको मुहान अग्ला अग्ला हिमाल र पहाडहरू हुन् ।



यस देशमा धेरै जातजातिका मानिसहरू बस्तछन् । बेग्लाबेग्लै जातजातिका मानिसहरूको मातृभाषा पनि बेग्ला बेग्लै रहेको छ । तैपनि उनीहरू सबै नेपाली हुन् । हाम्रो देश नेपाल विश्वकै एउटा सुन्दर देश हो ।

## शब्दभण्डार

**१. धर्का तानी तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् र पढ्नुहोस् :**

| | |
|---|---|
| सिमाना | आमाको मुखबाट सिकिने भाषा |
| समथर | साँध; छेउ; सीमा |
| आसपासका | जन्मिएको ठाउँ |
| भेक | सम्म परेको |
| मातृभाषा | वरपरका; छेउछाउका |
| जन्मथलो | इलाका; ठाउँ; क्षेत्र |

**२. उही अर्थ दिने शब्द छानेर लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| प्रसिद्ध | = | ........................... | शिखर | = | ........................... |
| ज्योति | = | ........................... | नदी | = | ........................... |
| सुन्दर | = | ........................... | विश्व | = | ........................... |
| चित्र | = | ........................... | राष्ट्र | = | ........................... |

**(देश, प्रख्यात, चुचुरो, नक्सा, प्रकाश, खोला, संसार, राम्रो)**

**३. तलका शब्दको उल्टो अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| उत्तर | = | ........................... | पश्चिम | = | ........................... |
| होचो | = | ........................... | तल्लो | = | ........................... |
| स्वदेशी | = | ........................... | साना साना | = | ........................... |

**४. खाली ठाउँमा ठिक शब्द छानेर भर्नुहोस् :**

(क) नेपाल विश्वकै .................. देश हो ।

(ख) नेपालको पूर्व, पश्चिम र दक्षिणतिर .................. भन्ने देश पर्दछ ।

(ग) नेपालको उत्तरतर्फ .................. भन्ने देश पर्दछ ।

(घ) हिमाली प्रदेशमा धेरै .................. हुन्छ ।

(ङ) तराई प्रदेशमा धेरै .................. हुन्छ ।

गर्मी, जाडो, चीन, भारत, सुन्दर

## बोध र अभिव्यक्ति

**१. पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

**२. नेपालको झन्डा कस्तो छ ? पाँच वाक्यमा बताउनुहोस् ।**

**३. ठिक उत्तरमा ठिक (√) चिनो लगाउनुहोस् :**

(क) नेपालको दक्षिणतिर कुन देश पर्दछ ?

(अ) भारत (आ) चीन (इ) दुबै देश

(ख) नेपालको सबभन्दा बढी ठाउँ कुन भेकले ओगटेको छ ?

(अ) हिमाली भेक (आ) पहाडी भेक (इ) तराई भेक

(ग) सगरमाथा नेपालको कुन जिल्लामा पर्दछ ?

(अ) पोखरा (आ) कपिलवस्तु (इ) सोलुखुम्बु

**४. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सगरमाथा | नेपालको सबैभन्दा ठुलो नदी |
| लुम्बिनी | नेपालको राजधानी |
| कोसी | संसारकै अग्लो हिमाल |
| काठमाडौँ | बुद्धको जन्मथलो |

**५. उत्तर दिनुहोस् :**

(क) हाम्रो देशको सिमाना कुन कुन देशसँग जोडिएको छ ?

(ख) कुन ठाउँलाई हिमाली भेक भनिन्छ ?

(ग) गौतम बुद्धलाई के भनिन्छ ?

(घ) नेपालका धेरैजसो नदीहरूको मुहान के हो ?

(ङ) नेपालमा केकस्ता मानिसहरू बस्छन् ?

**६. तपाईंले कुनै न कुनै मन्दिर देखेको हुनुपर्छ । त्यो मन्दिर कहाँ छ ? त्यो मन्दिरको नाम के हो ? त्यो मन्दिरमा कहिले पूजा गरिन्छ ? त्यो मन्दिर कस्तो छ ? त्यहाँ तपाईं कहिले जानुभएको थियो ? यी प्रश्नहरूको उत्तर आउने गरी पाँचसात वाक्यमा बयान गर्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

**७. पाठको जस्तै नेपालको नक्सा बनाउनुहोस् । अब हिमाल, पहाड र तराई पनि छुट्याउनुहोस् :**

**८. हाम्रो देश नेपाल कस्तो छ ? पाँच वाक्यको अनुच्छेद लेख्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## ९. तलको अनुच्छेद पढ्नुहोस् :

टोपी नेपालीको परिचय हो । टोपी शिरमा लगाइन्छ । टोपीले टाउकाको शोभा बढाउँछ । नेपालीले पहिला पहिलादेखि नै टोपी लगाउने गरेका हुन् । टोपीको कपडा घरेलु तानबाट बुनिन्छ । टोपीहरू धेरै प्रकारका हुन्छन् । भक्तपुरमा कालो टोपी बनाइन्छ । पाल्पा, पोखरा, तेह्रथुममा ढाका टोपी बुनिन्छ । साधारण कपडाबाट पनि टोपी सिउँछन् । टोपीले टाउकालाई चिसोबाट बचाउँछ । टोपी लगाएको मानिसलाई नेपाली हो भनेर सजिलै चिन्न सकिन्छ ।




## १०. माथि ९ को अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

(क) टोपी कसको परिचय हो ?

..........................................................................

(ख) टोपीले केको शोभा बढाउँछ ?

..........................................................................

(ग) नेपालीहरूले टोपी कहिलेदेखि लगाउन थालेका थिए ?

..........................................................................

(घ) टोपीले टाउकालाई केबाट बचाउँछ ?

.............................................................................

(ङ) कसलाई सजिलै नेपाली हो भनी चिनिन्छ ?

.............................................................................

**११. माथि ९ को अनुच्छेद राम्रा अक्षरमा कापीमा सार्नुहोस् ।**

## व्याकरण

**१. उदाहरण हेरी नयाँ शब्द बनाउनुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

नेपाल + ई = ....नेपाली.... .................म नेपाली हुँ ।..........

पहाड + ई = ......................

.........................................................

पाल्पा + ली = ......................

.........................................................

भादगाउँ + ले = ......................

.........................................................

**२. ठिक शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

(क) नेपालको उत्तरी सिमाना चीन...................... गाँसिएको छ ।

(ख) नेपालको दक्षिण......................... भारत भन्ने देश छ ।

(ग) सगरमाथा संसार.................. प्रसिद्ध छ ।

(घ) संसारको सब.................. अग्लो हिमाल सगरमाथा हो ।

३. **तालिकाबाट वाक्य बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| नेपालको<br>तिम्रो<br>आफ्नो | दक्षिणतिर<br>छेउमा<br>नजिक | ओमकार<br>भारत<br>मोहन | भन्ने | देश<br>केटो | छ ।<br>छैन । |

जस्तैः नेपालको दक्षिणतिर भारत भन्ने देश छ ।

.............................................................................................

.............................................................................................

.............................................................................................

४. **तलका शब्द जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :**

शुद्ध - शुद्ध   बुद्ध - बुद्ध   प्रसिद्ध - प्रसिद्ध   विद्यालय - विद्यालय

विद्वान् - विद्वान्   शक्ति - शक्ति   उत्तर - उत्तर

हत्तपत्त - हत्तपत्त   ढुङ्गा - ढुङ्गा

५. **तलका सर्वनाम राखी वाक्य बनाउनुहोस् :**

म, हामी, तँ, तिमी, तपाईं, ऊ, त्यो, उनी, तिनी, उनीहरू

## सामूहिक क्रियाकलाप

Õ **उदाहरणमा देखाएजस्तै कक्षाका साथीहरूलाई सोधेर उनीहरूको नाम र मातृभाषा लेख्नुहोस् :**

| **क्र.सं.** | **नाम** | | **मातृभाषा** |
|---|---|---|---|
| **१.** | **मनोज** | | **तामाङ** |
| २. | ..................... | | .................. |

| | | | |
|---|---|---|---|
| ३. | ...................... | | .................. |
| ४. | ...................... | | .................. |
| ५. | ...................... | | .................. |
| ६. | ...................... | | .................. |
| ७. | ...................... | | .................. |
| ८. | ...................... | | .................. |

## सिर्जनात्मक लेखन

Õ तपाईँले आफ्नो गाउँ अथवा टोलका बारेमा १०० शब्दसम्म वर्णन गर्नुहोस् ।

...........................................................................................................

...........................................................................................................

...........................................................................................................


...........................................................................................................

पाठ ३

# अङ्ग्रेजी टोप







# पूर्वपठन

## õ तलका लुगाकपडाको नाम लेख्नुहोस् :





.................................... ....................................





.................................... ....................................






.................................... ....................................

### शब्द र अर्थ

| | | | | | |
|---|---|---|---|---|---|
| टोप | : | अङ्ग्रेजी टोपी; छत्रे टोपी | अचानक | : | एक्कासि; अपर्झट |
| गाह्रो | : | असजिलो; कठिन | जिद्दी | : | ढिपी |

# सुनाइ र बोलाइ

õ **तलको पाठ सुन्नुहोस् :**



म लालपानी भन्ने ठाउँमा बस्छु । मेरो गाउँमा करिब चालिस परिवारजति बस्छन् । उनीहरूमध्ये धेरैजसो मानिसहरू खेतीपाती गर्छन् । मेरा बुबा पनि किसान हुनुहुन्छ । म पनि बुबासँग कहिलेकाहीँ खेतीपातीको काम गर्छु । मेरा छिमेकी याम काका भने गाडी चलाउनुहुन्छ । अर्का छिमेकी जयप्रसाद बडाबाको किराना पसल छ । गाउँका सबैजसो मानिसहरू त्यही पसलबाट सामान किन्छन् । मेरो गाउँमा दलबहादुर बाजे र सन्त काका सिकर्मी हुनुहुन्छ । महेन्द्र बडाबा र ललिता फुपू चाहिँ सरकारी स्कुलमा पढाउनुहुन्छ । केकु काकाको कुटानी पिसानीको मिल छ । गाउँका अरू सबै खेतीपाती गरेर गुजारा गर्छन् ।

**१. उत्तर लेख्नुहोस् :**

(क) लालपानी भन्ने ठाउँमा को बस्छ ?

(ख) लालपानीमा कति जति घरहरू छन् ?

(ग) म पात्रका बुबा के गर्नुहुन्छ ?

(घ) कसको किराना पसल छ ?

(ङ) केकु काका के काम गर्नुहुन्छ ?

**२. तपाईं पनि पाठको जस्तै आफ्नो ठाउँ टोलको वर्णन गर्नुहोस् ।**

## अङ्ग्रेजी टोप



एक पटक हरिवंशले कतैबाट अङ्ग्रेजहरूले लगाउने राम्रो टोप पाएको थियो । ऊ त्यो टोप लगाएर गाउँटोल डुलिरहन्थ्यो ।

एक दिन अचानक एउटा मान्छे हरिवंशनेर आयो र भन्यो, "माड्साप ! यो चिठी मेरो बेलायती साथीले पठाएको । मैले पढ्नै सकिनँ । कृपया मेरा लागि पढिदिनुस् न ।"

हरिवंशले चिठी हेर्‍यो । चिठी अङ्ग्रेजीमा लेखिएको रहेछ । त्यसैले उसले पढ्न सकेन र भन्यो, "दाइ ! मैले अङ्ग्रेजी पढेको छैन । त्यसैले म यो चिठी पढ्न सक्दिनँ ।"

"त्यसरी गाह्रो नमान्नुस् न हरिवंश भाइ ! यति राम्रो अङ्ग्रेजी टोप लगाउने मान्छेलाई अङ्ग्रेजी लेखपढ गर्न आइहाल्छ नि ।" त्यस मान्छेले जिद्दी गर्दै भन्यो ।

हरिवंशलाई झनक्क रिस उठ्यो । उसले आफूले लगाइराखेको टोप त्यस मान्छेको टाउकामा ख्याप्प लगाइदियो ।

"लौ, अब तपाइँ आफैँ पढ्नुस् ! आफ्नो साथीले पठाएको अङ्ग्रेजी चिठी ! अङ्ग्रेजी टोप लगाउने बित्तिकै अङ्ग्रेजी पढ्न आउँछ होइन ?"

यति भनेर हरिवंश बाटो लाग्यो ।

### शब्दभण्डार

**१. तलका शब्दहरू उच्चारण गर्नुहोस् :**

हरिवंश, अङ्ग्रेजी, डुलिरहन्थ्यो, माड्साब, कृपया, हेर्‍यो,
सक्दिनँ, गाह्रो, नमान्नुस्, जिद्दी, झनक्क, बित्तिकै

**२. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| टोप | एक्कासि |
| अचानक | ढिपी |
| गाह्रो | अङ्ग्रेजी टोपी |
| जिद्दी | कठिन |

**३. तलको पाठ मनमनै पढ्नुहोस् :**

हामी किन लुगा लगाउँछौँ ? यसको उत्तर धेरै हुन सक्छन् ।

लुगा लाज ढाक्नलाई लगाइन्छ । जाडो छल्न पनि लगाइन्छ । कहिलेकाहीँ लुगाले सुरक्षा पनि दिन्छ । त्यसैले सुरक्षित हुन पनि लुगा लगाइन्छ । कतिपय लुगाले मान्छेलाई सुन्दर पनि बढाउँछ ।

हामीभन्दा उत्तर वा दक्षिणतिरका मान्छेहरूका लुगा हाम्रो जस्तो नहुन सक्छ । पूर्व, पश्चिम वा वरपरका मान्छेको लुगा पनि फरक फरक हुन सक्छन् ।

**४. माथिको पाठमा दुई ठाउँ 'उत्तर' भन्ने शब्द आएको छ । पहिलो ठाउँमा 'जबाफ' भन्ने अर्थमा र दोस्रो ठाउँमा 'एक दिशा' भन्ने अर्थमा । अब तलका वाक्य जोडीमा आएका शब्दहरूको अर्थ के हुन सक्छन् ? कोठाबाट छानेर लेख्नुहोस् :**

(क) भाइले फुटबल खेल्न **कर** गऱ्यो । (ढिपी/तिरो)

हामीले राज्यलाई **कर** तिर्नुपर्छ । (ढिपी/तिरो)

(ख) यो कुरा **साँचो** हो । (चाबी/सत्य)

मैले ढोकाको **साँचो** हराएँ । (चाबी/सत्य)

(ग) म अर्को **साल** आउँछु । (वर्ष/सखुवा)

यो **साल**को कुर्सी बलियो छ । (वर्ष/सखुवा)

(घ) बहिनीले विदेशबाट **पत्र** पठाई । (खात/चिठी)

तिमीले चार **पत्र** लुगा लगाएका छौ । (खात/चिठी)

(ङ) तिम्रो नयाँ **पुतली** राम्रो छ । (खेलौना/एउटा उड्ने किरा)

फुलबारीमा धेरै **पुतली** छन् । (खेलौना/एउटा उड्ने किरा)

## बोध र अभिव्यक्ति

**१. माथिको कथा प्रस्टसँग पढ्नुहोस् ।**

**२. माथिको कथाका आधारमा ठिकबेठिक छुट्याउनुहोस् :**

(क) हरिवंश टोप लगाएर गाउँटोल डुलिरहन्थ्यो । ......

(ख) हरिवंश अङ्ग्रेजी पढ्न जान्दथ्यो । ......

(ग) हरिवंशलाई एउटा मान्छेले कथा पढ्न दियो । ......

(घ) हरिवंशले आफूले लगाएको टोपी अर्कैलाई लगाइदियो । .........

(ङ) हरिवंशले त्यस मान्छेलाई टोपी लगाउन जिद्दी गऱ्यो । .........

**३. तलका घटनाहरूलाई १. २. ३... लेखी कथाक्रममा मिलाउनुहोस् :**

( ) त्यस मान्छेले अङ्ग्रेजी टोप लगाउनेलाई अङ्ग्रेजी पढ्न आउँछ भन्यो ।

( ) एक दिन एउटा मान्छेले हरिवंशलाई अङ्ग्रेजी भाषामा लेखिएको चिठी पढ्न लगायो ।

( १ )हरिवंश अङ्ग्रेजी टोप लगाएर गाउँटोल डुल्थ्यो ।

( ) हरिवंशले आफूले टोप लगाइदिएको मान्छेलाई अब आफैँ चिठी पढ्नू भन्यो ।

( ) हरिवंशले आफूले लगाएको अङ्ग्रजी टोप त्यस मान्छेलाई लगाइदियो ।

( ) हरिवंशले आफूले अङ्ग्रेजी नपढेकाले त्यो चिठी पढ्न नसक्ने कुरा बतायो ।

**४. 'हरिवंश' जस्तै शिरबिन्दु ( ं ) लागेका अरू चार ओटा शब्द लेख्नुहोस् :**

हरिवंश .................. .................. .................. ............

**५. 'अङ्ग्रेजी टोप' भन्ने कथाको दोस्रो अनुच्छेद सफा र सुन्दर अक्षरमा कापीमा सार्नुहोस् ।**

**६. तपाईं के के लगाउनुहुन्छ ? शिरदेखि पाउसम्म लगाउने कुनै आठ ओटा पहिरनको नाम लेख्नुहोस् :**

........................ ........................ ........................ ........................

........................ ........................ ........................ ........................

**७. तलको पाठलाई ठिक ठाउँमा अल्पविराम ( , ), पूर्णविराम ( । ) र प्रश्न चिह्न ( ? ) राखी पुनर्लेखन गर्नुहोस् :**

म टोपी स्वेटर जुत्ता र ट्राउजर किन्छु तिमी के के किन्छौ के तिमी कोट पनि किन्छौ मसँग घरमा धेरै लुगा छन् त्यसैले मलाई धेरै लुगा चाहिँदैन रुमाल मोजा र गन्जी चाहिँ किन्नुपर्ला

**८. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) हरिवंशले किन चिठी पढ्न सकेन ?

(ख) हरिवंशलाई किन झनक्क रिस उठ्यो ?

(ग) अन्त्यमा हरिवंशले के गऱ्यो ?

**९. कथाको पहिलो र दोस्रो अनुच्छेद सुनेर लेख्नुहोस् । त्यसपछि किताब हेरेर आफैँ परीक्षण गर्नुहोस् ।**

## व्याकरण



म भादगाउँले टोपी लगाउँछु । तिमी जाले टोपी लगाउँछौ । ऊ टोपी नै लगाउँदैन ।

हामी बक्खु र दोचा लगाउँछौँ । तिमीहरू कमिज सुरुवाल लगाउँछौ । उनीहरू चौबन्दी र फरिया लगाउँछन् । यसरी जसले जे लगाए पनि सबै जना नेपाली हुन् ।

**१. माथिको पाठमा तलका शब्दबाट सुरु हुने वाक्यहरू सार्नुहोस् :**

म : ..........................................................................

तिमी : ..........................................................................

ऊ : ..........................................................................

हामी : ..........................................................................

तिमीहरू : ..........................................................................

उनीहरू : ..........................................................................

२. **तलका सर्वनाम र क्रिया जोडी वाक्य बनाउनुहोस् :**

| | | |
|---|---|---|
| म | जान्छ । | ................................................................ |
| हामी | खेल्छौँ । | ................................................................ |
| तँ | लेख्छु । | ................................................................ |
| तिमीहरू | जानुहुन्छ । | ................................................................ |
| ऊ | बोल्छस् । | ................................................................ |
| उनीहरू | हेर्छौं । | ................................................................ |
| उहाँ | डराउँछन् । | ................................................................ |

## सामूहिक क्रियाकलाप

Õ **तीन तीन जनाको समूह बनाउनुहोस् । अब हरेक समूहले पच्चिस ओटा पहिरनका नाम लेख्नुहोस् :**

..................... ..................... ..................... ..................... .....................

..................... ..................... ..................... ..................... .....................

..................... ..................... ..................... ..................... .....................

..................... ..................... ..................... ..................... .....................

õ **तपाईंका छ जना साथीको नाम लेख्नुहोस् । उनीहरूलाई मन पर्ने कुनै तीन ओटा पहिरनका नाम लेख्नुहोस् :**

| साथीको नाम | साथीलाई मन पर्ने तीन ओटा पहिरन | | |
|---|---|---|---|
| .............................. | ..................... | ..................... | ..................... |
| .............................. | ..................... | ..................... | ..................... |
| .............................. | ..................... | ..................... | ..................... |
| .............................. | ..................... | ..................... | ..................... |
| .............................. | ..................... | ..................... | ..................... |
| .............................. | ..................... | ..................... | ..................... |

## सिर्जनात्मक लेखन

õ **तपाईंसँग अहिले केकस्ता पहिरनहरू छन् ? तपाईंसँग भएका मध्ये तपाईंलाई मन पर्ने पहिरन कुन हो ? यो कस्तो रङको छ ? यो कसले कहिले किनिदिनुभएको हो ? सबै कुरा खुलाएर एउटा अनुच्छेद लेख्नुहोस् :**

मेरो पहिरन

..........................................................................................

..........................................................................................

..........................................................................................


..........................................................................................

पाठ ४

# विमानका आविष्कारक राइट दाजुभाइ









## पूर्वपठन

**Õ उत्तर लेख्नुहोस् :**

सगरमाथाको चुचुरोमा पुग्ने महिलो व्यक्ति ..........................................

चन्द्रमामा पुग्ने पहिलो व्यक्ति ..........................................................

रेडियोका आविष्कारक ..........................................................

टेलिफोनका आविष्कारक ..........................................................

विमानका आविष्कारक ..........................................................

नेपालको राष्ट्रगानका लेखक ..........................................................

### शब्द र अर्थ

| | | | | | |
|---|---|---|---|---|---|
| ग्रह | : | सूर्यको परिक्रमा गर्ने चन्द्र, पृथ्वी, मङ्गल आदि । | वाहियात | : | नचाहिँदो; अनावश्यक |
| | | | साबित | : | प्रमाणित; सत्य |
| साकार | : | आँखाले देख्न सकिने | आविष्कार | : | नयाँ कुराको निर्माणसभ्यता |
| | : | विकास; उन्नति | अन्तरिक्ष | : | ग्रह र ताराका बिचको खाली स्थान |
| अध्ययन | : | पढ्ने काम | | | |

## सुनाइ र बोलाइ

**Õ तलको पाठ सुन्नुहोस् :**

कमल नेपाली । घर कास्की पोखरा । एउटा साधारण नेपाली परिवारका चार सन्तानमध्ये कान्छो सन्तान । हो, यिनै कमल नेपालीले एघार वर्षको धुलो खेल्ने उमेरमै देशभरि चर्चा बटुले- साहसी बालकका रूपमा ।



आराधना नामकी साढे दुई वर्षकी सानी केटी अचानक एउटा खोँचमा खसिन् । पैँसट्ठी फिट गहिरो खोँच । उसलाई निकाल्न सबै लागेका थिए । प्रहरी, सेना र अरू मानिसहरू जुटेका थिए । कोही सफल भएनन् तर कमल नेपाली - हो तिनै कमल साहस गरेर खोँचभित्र पसे र एक्काइस घण्टादेखि खोँचमा रहेकी आराधनालाई उनले जीवितै बाहिर निकाले । के कमललाई महान् काम गर्न उमेरले छेक्यो ?

**१. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) कमलका परिवारमा कति जना सदस्य थिए ?

(ख) कमल नेपालीको घर कहाँ हो ?

(ग) खोँचमा खसेकी आराधना कति वर्षकी थिइन् ?

(घ) कमल नेपालीलाई खोचबाट निकाल्न को को खटेका थिए ?

(ङ) खोँच कति फिट गहिरो थियो ?

**२. तपाईँको गाउँटोलमा भएको कुनै एक रोचक घटना सुनाउनुहोस् ।**

**३. तपाईँले पनि कुनै समय कसैलाई केही गरी सहयोग गरेको हुनुपर्छ । उक्त सहयोग कसरी गर्नुभयो ? के के गर्नुभयो ? बताउनुहोस् ।**

## विमानका आविष्कारक राइट दाजुभाइ

मानिसहरू विमानमा चढेर आकाशमा घुम्न सक्छन् । पृथ्वीको एक ठाउँबाट उडेर छोटो समयमै अर्को ठाउँमा पुग्न सक्छन् । चन्द्रमा र अरू ग्रहमा पनि पुग्न सक्छन् । मानिसले बनाएको विमान मङ्गल ग्रहमा पनि पुगिसकेको छ । यसरी आकाशमा चराजस्तै घुमफिर गर्ने काम मानिसका लागि सवा सय वर्षअघिसम्म कल्पनाको विषय मात्र थियो । तर मानिसहरू धेरै पहिलेदेखि नै आकाशमा चराजस्तै उड्न चाहन्थे । मानिसको यस्तो सपनालाई साकार पार्ने काम दुई जना दाजुभाइले पूरा गरे । उनीहरूको नाम थियो- विल्भर राइट र ओर्भिल राइट ।

मिल्टन राइटका यी दुई सुपुत्रमध्ये विल्भरको जन्म सन् १८६८ मा भएको थियो । ओर्भिलको जन्म चाहिँ सन् १८७१ मा भएको थियो । अमेरिकाका यी दाजुभाइ सानैदेखि नयाँ नयाँ काममा रुचि देखाउँथे । उनीहरू केटाकेटीदेखि नै साइकल कसरी गुड्छ, मोटर, रेल तथा पानीजहाजहरू कसरी गुड्छन् भन्ने कुरामा चाख राख्थे । उनीहरूको एउटा साइकल पसल पनि थियो । उनीहरू आफैँ पनि नयाँ किसिमको साइकल बनाउन चाहन्थे । यसबाट नाम र दाम दुबै कमाउन चाहन्थे ।



यस्तै बेला एक जना जर्मनेली विमान बनाउन खोज्दै थिए । तर दुर्भाग्यवश आकाशमा विमान उडाउन खोज्दाखोज्दै सन् १८९६ मा उनको मृत्यु भयो । यो घटना थाहा पाएपछि उनीहरूको ध्यान एकाएक यतातर्फ एकोहोरियो । उनीहरूले विमान बनाइछाड्ने अठोट गरे ।



राइट दाजुभाइले आफ्नो अठोटलाई पूरा गर्न धेरै कुराहरूको अध्ययन गरे । रातदिन मेहनत गरे । मोटरकारको कारखानामा गएर आफूले भनेजस्तै यन्त्र बनाइदिन अनुरोध गरे । तर सबैले उनीहरूको कुरालाई वाहियात ठाने र हावामा उडाइदिए । हावाभन्दा गह्रौं वस्तुलाई आकाशमा उडाउने उनीहरूको कुरा सुन्दा सबैले खिसी मात्र गरे । तापनि यी दाजुभाइले कहिल्यै हरेस खाएनन् । हिम्मत हारेनन् । अन्त्यमा उनीहरूले आफैँ आफूले सोचेजस्तो यन्त्र बनाइछाडे ।

उनीहरूले आफूले बनाएको विमान पहिलोपल्ट आकाशमा उडाएको दृश्य हेर्न धेरै मानिसलाई डाकेका थिए । तर त्यो सौभाग्य केवल पाँच जनालाई मात्र मिल्यो । अरू सबैले उनीहरूको निम्तालाई हावादारी ठानेर पत्यारै गरेनन् । त्यसैले तिनीहरूले आकाशमाथिको मानिसको पहिलो र सफल उडान हेर्ने अवसर पाएनन् । तैपनि त्यो दिन अर्थात् सन् १९०३ को डिसेम्बर २७ तारिख, मानव सभ्यताको एउटा महत्वपूर्ण दिन साबित भएरै छाड्यो । राइट दाजुभाइको बर्सौंको मेहनत सफल भएरै छाड्यो ।

अब त राइट दाजुभाइले विमानको आविष्कार गरेको सय वर्षभन्दा बढी भइसक्यो । आजकल त यसको रूप, रङ र क्षमतामा पनि ज्यादै उन्नति भइसकेको छ । हवाईजहाज, हेलिकोप्टर तथा अन्तरिक्षयानहरू पनि बनिसकेका छन् ।

मानिसहरू यिनै यानका सहायताले पृथ्वीका साथसाथै अरू ग्रह तथा अन्तरिक्षको भ्रमण र अध्ययन गर्दछन् । नयाँ नयाँ कुराहरू पत्ता लगाउँछन् र मानवजातिलाई अझ विकसित गर्दै लैजान्छन् । यस्तै महत्वपूर्ण आविष्कार गर्ने राइट दाजुभाइमध्ये सन् १९१२ मा दाजुको मृत्यु भयो । भाइको मृत्यु चाहिँ सन् १९४८ मा भयो ।

## शब्दभण्डार

**१. तल अर्थ दिएका छन्, ठिक शब्द छानेर शब्दार्थ बनाएर पढ्नुहोस् । शब्दहरू क्रमशः छन् :**

............................ : सूर्यको परिक्रमा गर्ने चन्द्र, पृथ्वी, मङ्गल आदि

............................ : अन्दाज; मनका कुरा

............................ : साक्षात्; आँखाले देख्न सकिने

............................ : विकास वा उन्नति

............................ : तागत; शक्ति

............................ : यात्रा; घुमफिर

............................ : नचाहिँदो; अनावश्यक

............................ : प्रमाणित; सत्य

............................ : नयाँ कुराको निर्माण

............................ : ग्रह र ताराका बिचको खाली स्थान

| |
|---|
| ग्रह |
| कल्पना |
| साकार |
| सभ्यता |
| क्षमता |
| भ्रमण |
| वाहियात |
| साबित |
| आविष्कार |
| अन्तरिक्ष |

**२. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अनुरोध | विचार |
| हिम्मत | मूल्य; सम्पत्ति |
| दाम | आँट |
| अठोट | बिन्ती |
| अवसर | हार |
| निम्तो | मौका |
| हावादारी | निमन्त्रणा |
| हरेस | असत्य |

**३. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आकाश | असफल |
| सुपुत्र | पाताल |
| सफल | कुपुत्र |
| भाग्य | दुर्भाग्य |

**५. तलका देशका मानिसलाई के भनिन्छ ? लेख्नुहोस् :**

नेपाल, जर्मनी, भारत, जापान, चीन, ग्रिस, रोम, अमेरिका, पाकिस्तान, भुटान, इराक

नेपाल नेपाली जर्मनी जर्मनेली

## बोध र अभिव्यक्ति

**१. तलका शब्दहरू सुनेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| विमान | दाजुभाइ | आकाश | पृथ्वी |
| गृह | मङ्गल | कल्पना | साकार |
| सपना | विल्भर | ओर्भिल | सुपुत्र |

**२. तपाईं विमान चढ्नुभएको छ ? विमान चढ्दा कस्तो भयो ? आफ्नो अनुभव सुनाउनुहोस् ।**

**३. पाठका चित्र हेरी देखेको कुरा बताउनुहोस् ।**

**४. मिल्ने उत्तरमा ठिक चिनो ( √ ) लगाउनुहोस् :**

(क) राइट दाजुभाइ सानैदेखि कस्ता थिए ?

(अ) नयाँनयाँ कुरामा रुचि राख्ने स्वभावका थिए ।

(आ) पूजापाठ गर्ने स्वभावका थिए ।

(इ) मानिससँग झगडा गर्ने स्वभावका थिए ।

(ख) विमान बनाउन खोज्दाखोज्दै कहाँका मानिसको मृत्यु भयो ?

(अ) अमेरिकाका (आ) जर्मनीका (इ) फ्रान्सका

(ग) उनीहरूले पहिलोपटक विमान उडाएको हेर्न कति जना आएका थिए ?

(अ) पन्ध्र (आ) दस (इ) पाँच

(घ) सुरुमा राइट दाजुभाइको केको पसल थियो ।

(अ) साइकलको (आ) पानीजहाजको (इ) हवाईजहाजको

**५. पाठ हेरी मिति भर्नुहोस् :**

(क) विल्भरको जन्म सन् ..........................................

(ख) ओर्भिलको जन्म सन् ..........................................

(ग) एक जर्मनेली व्यक्तिको मृत्यु सन् ..........................................

(घ) पहिलोपटक विमान उडेको दिन ..........................................

(ङ) ओर्भिल राइटको मृत्यु सन् ..........................................

(च) विल्भर राइटको मृत्यु सन् ..........................................

**६. कसलाई के भनिन्छ ? लेख्नुहोस् :**

साहित्यकार   ड्राइभर/गाडीचालक   समाजसेवी   वैज्ञानिक   विमानचालक

(क) विमान चलाउने ....................................

(ख) गाडी चलाउने ....................................

(ग) नयाँ नयाँ कुरा पत्ता लगाउने ....................................

(घ) कथा, कविता आदि लेख्ने ....................................

(ङ) समाजको सेवा गर्ने ....................................

**७. उत्तर दिनुहोस् :**

(क) मानिसहरू विमानमा चढेर के के गर्न सक्छन् ?

(ख) मानिसको उड्ने सपनालाई कसले साकार पाऱ्यो ?

(ग) राइट दाजुभाइ सानैदेखि कस्तो कुरामा चाख राख्थे ?

(घ) राइट दाजुभाइको ध्यान कहिलेदेखि विमान बनाउनेतर्फ मोडियो ?

(ङ) उनीहरूले उडाएको विमान हेर्न कति जना आएका थिए ?

(च) मानिसहरू विमानका सहायताले कस्ता कस्ता काम गर्दछन् ?

**८. हवाईजहाजबाट मानिसहरूलाई केकस्ता फाइदा भएका छन्, लामो उत्तर लेख्नुहोस् ।**

**९. तपाईं चराजस्तै आकाशमा उड्न सक्ने भए के गर्नुहुन्थ्यो ? कहाँ कहाँ जानुहुन्थ्यौ ? तपाईंलाई रमाइलो लाग्थ्यो कि नरमाइलो ? एक अनुच्छेदमा लेख्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

## व्याकरण

**१. शुद्ध पारेर लेख्नुहोस् :**

भर्मण .................. महत्त्वपुर्न .................. अविस्कार ............

गरह .................. ओरभिल .................. गरहौँ ............

**२. खाली ठाउँमा ठिक शब्द छानी भर्नुहोस् :**

(क) म घरमै ........................................ । (बस्छ, बस्छन्, बस्छु)

(ख) हामी पोखरा .................................. । (जान्छौ, जान्छौँ, जान्छु)

(ग) तँ काम ........................................ । (गर्छस्, गर्छु, गर्छौं)

(घ) तिमीहरू किताब ............................ । (किन्छ, किन्छौँ, किन्छौ)

(ङ) ऊ कथा ........................................ । (लेख्छु, लेख्छन्, लेख्छ)

**३. तालिकाबाट वाक्य बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| म<br>हामी<br>तँ<br>तिमीहरू<br>ऊ<br>उनीहरू | पोहोर | वनभोज<br>पोखरा | गयो/गएन ।<br>गयौ/गएनौ ।<br>गएँ/गइनँ ।<br>गइस्/गइनस् ।<br>गए/गएनन् ।<br>गयौँ/गएनौँ । |

**४. तलको अनुच्छेद पढ्नुहोस् । त्यहाँ प्रयोग भएका सर्वनाम चिनेर घेरा लगाउनुहोस् । ती सर्वनाम खाली ठाउँमा नदोहोऱ्याई लेख्नुहोस् :**

म र विनोद चौरमा गयौँ । त्यहाँ हरि र दुर्गा पनि आएका थिए । उनीहरूले भकुन्डो ल्याएका थिए । हामीले भकुन्डो खेल्यौँ । हरिलाई विनोदले के भन्यो कुन्नि ? हरि रिसायो । हामीले जो रिसाउँछ, त्यो खेल्दैन भन्यौँ । यसो भन्दा

हरि झन् रिसायो । ऊ बोल्दै नबोली आफ्नो घर लाग्यो । यसले गर्दा खेलमा मज्जा आएन ।

..................... ..................... ..................... .....................

..................... ..................... .....................

..................... ..................... .....................

## सामूहिक क्रियाकलाप

- **दुई दुई जनाको समूह बनाउनुहोस् । अब विभिन्न आविष्कार र आविष्कारकको नाम लेख्नुहोस् । आफ्नो समूहले तयार पारेको नामावली पढेर सुनाउनुहोस् । अरूले भनेको तपाईं सुन्नुहोस् :**

| आविष्कार | आविष्कारक |
| --- | --- |
| ....................................... | ....................................... |
| ....................................... | ....................................... |
| ....................................... | ....................................... |
| ....................................... | ....................................... |
| ....................................... | ....................................... |
| ....................................... | ....................................... |

- **हवाईजहाज कसरी उड्छ, कक्षामा चार चार जनाको समूहमा बसेर पाँच मिनेट छलफल गर्नुहोस् र आफ्नो टोलीबाट एक जनाले कक्षाका अरू साथीहरूलाई आफ्नो टोलीको विचार सुनाउनुहोस् ।**

## सिर्जनात्मक लेखन

**Õ तपाईँका बुबा, आमा वा आफन्तको छोटो जीवनी लेख्नुहोस् । जीवनीमा निम्न कुरा उल्लेख गर्नुहोस् :**

नाम, बुबा, आमा, जन्म मिति, जन्मस्थान, बाल्यकाल, पढाइलेखाइ, पेसाव्यवसाय, रुचि, घरपरिवार, सन्तान, हालको अवस्था, तपाईँलाई राम्रो लाग्ने पक्ष आदि ।

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................



.....................................................................................................

.....................................................................................................

.....................................................................................................

पाठ ५

# डल्लेठो











## पूर्वपठन

**õ तलका सामग्रीहरूको नाम लेख्नुहोस् :**




..............................



........................



...........................



..............................



..............................



.....................



..............................



..............................



..............................

**õ माथिका सामग्रीहरू के के कामका लागि प्रयोग गरिन्छन् ? बताउनुहोस् ।**

### शब्द र अर्थ

डल्ला : माटो जम्मा भएर बनेको माटाको थुप्रो

डल्लेठो : माटाका डल्ला फुटाउने काठबाट बनेको वस्तु

डाला : डालो; बाँसका चोयाबाट बनाएको सामान राख्ने भाँडो

बजार्दा : भुइँमा पछार्दा; भुइँमा साह्रो गरी फ्याँक्दा

हैरान : दुःख; कष्ट; पीडा

धन्सार : मालसामान, अन्न राख्ने ठाउँ

## सुनाइ र बोलाइ

**तलको पाठ शिक्षकबाट सुन्नुहोस् :**



खेतीपाती गर्नलाई धेरै किसिमका औजारहरू चाहिन्छन् । खेत जोत्नलाई हलो चाहिन्छ । बारी वा खेत खन्नलाई कोदाली वा फरुवा चाहिन्छ । खन्नकै लागि कुटो वा कोदालाको पनि प्रयोग गरिन्छ । डल्ला फोर्नका लागि डल्लेठो प्रयोग गरिन्छ । माटो सम्म्याउनलाई पटाहा वा दाँदे चलाइन्छ । घाँस वा धान काट्नलाई हँसिया चाहिन्छ । खेती गर्ने किसानलाई यस्ता धेरै किसिमका कृषिऔजारहरू चाहिन्छन् ।

हिजोआज खेतीपातीका लागि आधुनिक मेसिनऔजारहरूको प्रचलन बढेको छ । ट्याक्टर, थ्रेसर मेसिनहरू यस प्रकारका कृषिऔजारहरू हुन् ।

**१. सुनेका आधारमा छुटेका शब्द भर्नुहोस् :**

(क) खेतीपाती गर्नलाई धेरै किसिमका .............................. चाहिन्छन् ।

(ख) डल्ला फोर्नका लागि .............................. प्रयोग गरिन्छ ।

(ग) घाँस वा धान काट्नलाई .............................. चाहिन्छ ।

(घ) खेतीपातीका लागि आधुनिक औजारहरूको ............... बढेको छ ।

(ङ) ट्याक्टर, थ्रेसर ..................... यस प्रकारका कृषिऔजारहरू हुन् ।

**२. आधुनिक कृषि गर्ने तरिका र पुरानो कृषि गर्ने तरिकाका फरक बताउनुहोस् ।**

**३. बालीनाली राम्रो बनाएर धेरै उत्पादन बढाउन के के गर्नुपर्ला ? बताउनुहोस् ।**

# डल्लेठो

- रामबाबु सुवेदी

बारीभरि डल्ला छन्
कता पऱ्यो डल्लेठो
आफैँ काम गरेर
डल्ला फोर्छु म
मोतीदाना छरेर
डाला भर्छु म ।



डल्लेठाका डल्लामा
डल्ला फोर्ने शक्ति छ
साथीभाइ नजुटे
डल्लाहरू फुट्दैनन्
जुटौँ भन्छु म ।



डल्लेठालाई उचाल्दा
बजार्दा र थेचार्दा
म छु हैरान
हैरानमा सुख छ
छैन नभन ।

सुन मेरा साथी हो !
डल्लेठाको घर हो
सानो धन्सार
संसारका डल्लेठा
एकैचोटि उठेमा
बन्छ संसार ।

## शब्दभण्डार

**१. तलका शब्द सुनेर लेख्नुहोस् :**

डल्ला, डाला, मोतीदाना, शक्ति, बजार्दा, थेचार्दा, हैरान, धन्सार

**२. शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| डल्ला | डालो; बाँसको चोयाबाट बनाएको सामान राख्ने भाँडो |
| डल्लेठो | मालसामान, अन्न राख्ने ठाउँ |
| डाला | माटो जम्मा भएर बनेका माटाको थुप्रो |
| बजार्दा | माटाका डल्ला फुटाउने काठबाट बनेको वस्तु |
| हैरान | दु:ख; कष्ट; पीडा |
| धन्सार | भुइँमा पछार्दा; भुइँमा सारो गरी फ्याँक्दा |

**३. उही अर्थ दिने अरू एक शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

| | | |
|---|---|---|
| (क) तागत | बल | ..................................... |
| (ख) बजार्दा | पछार्दा | ..................................... |
| (ग) सास्ती | दु:ख | ..................................... |
| (घ) मित्र | दोस्त | ..................................... |
| (ङ) विश्व | पृथ्वी | ..................................... |

**४. तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

डल्ला शक्ति दु:ख सुख संसार

**५. सँगै आउने शब्द पत्ता लगाई लेख्नुहोस् :**

खेत = खेतबारी

हिउँद, लेक, माल, खेती, अन्न, किताब, खेल

(पाती, बैँसी, वर्षा, कापी, बाली, सामान, कुद)

६. **घरभित्र प्रयोग हुने दश ओटा सामानका नाम लेख्नुहोस् :**

...डालो... .................. .................. .................. ................

.................. .................. .................. .................. ................

## बोध र अभिव्यक्ति

१. **तपाईंले खेतीपाती गरेको देख्नुभएको होला । खेतीपाती गर्न के के चाहिन्छ ? कक्षामा छलफल गर्नुहोस् ।**

२. **माथिको कविता सबै मिलेर लय हाली पढ्नुहोस् ।**

३. **कविताको अन्तिम श्लोक राम्रो अक्षरमा तलको खाली ठाउँमा लेख्नुहोस् :**

.......................................................

.......................................................

.......................................................

४. **छुटेका शब्द भरी कविता पूरा गर्नुहोस् :**

बारीभरि ........................ छन्

.................. पर्‍यो ..................

आफैँ .............................. गरेर

.................. फोर्छु..................

.......................................

छरेर .............................. डाला

.............................. म ।

५. **तलका कविताका वाक्यलाई वाक्यको क्रममा लेख्नुहोस् :**

(क) कता पऱ्यो डल्लेठो ? डल्लेठो कता पऱ्यो ?

(ख) डाला भर्छु म । ....................................

(ग) डल्ला फोर्छु म । ....................................

(घ) जुटौँ भन्छु म । ....................................

(ङ) म छु हैरान । ....................................

६. **उत्तर दिनुहोस् :**

(क) बारीभरि के छन् ?

(ख) डल्लेठाको डल्लामा के गर्ने शक्ति हुन्छ ?

(ग) डल्लाहरू फुटाउन को जुट्नुपर्छ ?

(घ) सुख कहाँ हुन्छ ?

(ङ) डल्लेठाको घर कुन हो ?

(च) संसार कसरी बन्छ ?

## व्याकरण

१. **तलका वाक्यमा मिल्ने विशेषण शब्द लेख्नुहोस् :**

(क) ...................... घर सानो छ । (मेरो । म)

(ख) ...................... साथीहरू आए । (धेरै । एउटा)

(ग) ...................... साथीहरू बनाऊ । (एक । असल)

(घ) ...................... मान्छे यतै आए । (तीन जना । तीन ओटा)

(ङ) उत्तरमा ............ हिमालहरू छन् । (एउटा । सुन्दर)

**२. तलका शब्दको दुई ओटा अर्थ लेख्नुहोस् :**

सुन - सुन्ने काम गर । एक बहुमूल्य धातु

तर - .................................... ....................................

हार - .................................... ....................................

कल - .................................... ....................................

(झगडा, पानी तान्ने मेसिन, तर्ने काम गर, दुधको छाली, पङ्क्ति, पराजय)

**३. उदाहरणमा दिएजस्तै वाक्यहरू बदल्नुहोस् :**

तिमी आऊ । तिमीहरू आओ ।

तिमी जाऊ । तिमीहरू ..................

तँ पढ् । तिमीहरू ..................

तिमी लुगा धोऊ । तिमीहरू लुगा ..................

**४. उदाहरणमा दिएजस्तै वाक्य बनाउनुहोस् :**

(क) तिमी घर .................. । (जानु) तिमी घर जानेछौ ।

(ख) तिमी भोलि ............... । (आउनु) ........................................

(ग) तिमी डल्ला ............... । (फुटाउनु) ..................................

(घ) तिमी राम्रो .................. । (पढ्नु) ....................................

**५. उदाहरणमा दिएजस्तै वाक्यहरू बदल्नुहोस् :**

(क) बुबाले मलाई बोलाउनुहुन्छ । बुबाले मलाई बोलाउनुभयो ।



(ख) आमाले खाना दिनुहुन्छ । आमाले खाना ...................... ।

(ग) गुरुले कथा पढाउनुहुन्छ ।          गुरुले कथा ...................... ।

(घ) दिदीले गृहकार्य सिकाउनुहुन्छ ।   दिदीले गृहकार्य...................... ।

## सामूहिक क्रियाकलाप

Õ **तल जति ओटा कृषिऔजारका चित्र छन्, त्यति नै ओटा समूह बनाउनुहोस् । अब प्रत्येक समूहले कुनै एउटा कृषिऔजारको बारेमा छलफल गर्नुहोस् । त्यो औजार केबाट बनाइएको हुन्छ, त्यसलाई कुन कामका लागि प्रयोग गरिन्छ भन्ने कुरा समूहको एक जनाले अरूलाई सुनाउनुहोस् ।**

| | | |
|---|---|---|
|  |  |  |
|  |  |  |
|  |  |  |

## सिर्जनात्मक लेखन

õ 'किसान' भन्ने विषयमा एउटा छोटो कविता लेख्नुहोस् । अथवा पचास शब्दसम्ममा किसानको बारेमा वर्णन गर्नुहोस् :


..........................................................................................................

..........................................................................................................

õ तपाईँले पढेको अथवा राम्रो लागेको कविता कक्षामा अन्य साथीहरूलाई पढेर सुनाउनुहोस् ।

पाठ ६

# बुइँगलको भूत





## पूर्वपठन

õ तल घरको चित्र छ । घरका विभिन्न भागका नाम लेख्नुहोस् :



õ तपाईं कहिल्यै झुक्किएको छ ? कसरी ? साथीहरूलाई सुनाउनुहोस् ।

### शब्द र अर्थ

झुम्मिए : जम्मा भए; भेला भए; थुप्रिए

बुइँगल : घरको माथिल्लो भाग; छानामुनिको कोठा

तर्सिनु : डर मान्नु

गुन्दै : विचार गर्दै

होसियार : सावधानी

## सुनाइ र बोलाइ

### õ तलको कथा सुन्नुहोस् :

एकादेशमा एक जना राजा थिए । राजाको एउट घोडा थियो । राजा घोडालाई धेरै माया गर्थे । घोडा बुढो भइसकेको थियो ।

राजाको घोडा बिरामी भयो । घोडा बिरामी भएपछि राजाले एउटा घोषणा गरे, "जसले मेरो घोडालाई औषधी गरेर निको पार्छ, म उसलाई मागेजति पैसा दिन्छु । तर 'घोडा मर्‍यो' भनेर जसले पहिला भन्छ, उसको घोडाकै हालत हुनेछ ।"

राजाको घोषणाअनुसार कुनै डाक्टर, वैद्यले घोडाको उपचार गरेनन् । गाउँको एउटा बुढो वैद्यले घोडाको उपचार गर्ने र राजाको सर्त मान्ने भयो । गाउँले वैद्यले पनि एउटा सर्त राख्यो, "मलाई आधा पैसा पहिला नै चाहिन्छ ।"

राजाले मञ्जुर गरे । आधा पैसा दिए ।

केही दिनपछि घोडाको उपचार गर्ने वैद्य राजाकहाँ गयो ।

**राजा** : घोडा कस्तो छ ?

**वैद्य** : घोडा छ हजुर ! तर घोडाले घाँस, दाना, पानी खान छाड्यो ।

**राजा** : अनि

**वैद्य** : अनि घोडा उभिन पनि छाड्यो । चल्न पनि छाड्यो । सास पनि फेर्दैन सरकार ।

**राजा** : त्यसो भए मेरो घोडा मर्‍यो त ?

**वैद्य** : घोडा मर्‍यो भन्ने कुरा सबभन्दा पहिला यहाँले भन्नुभयो । सर्तअनुसार अब घोडाको हालत कसको हुन्छ सरकार ?

**(राजा अक्कनबक्क परे ।)**

**१. मुखैले जबाफ दिनुहोस् :**

(क) घोडा के कारणले बिरामी भएको थियो ?

(ख) कसले राजाको सर्त मान्न मञ्जुर गऱ्यो ?

(ग) राजाले किन आधा पैसा दिए ?

(घ) वैद्यले घोडाको कस्तो हालत भएको कुरा राजालाई बताए ?

(ङ) घोडा मरेको कुरा सबभन्दा पहिला कसले भन्यो ?

**२. वैद्यले अब घोडाको हालत कसको हुन्छ सरकार भनेपछि राजाले के भने होला ? राजा र वैद्यको कस्तो संवाद भयो होला ? कल्पना गरी बताउनुहोस् ।**

**३. तपाईंले सुनेको कुनै एउटा लोक कथा सुनाउनुहोस् ।**

# बुइँगलको भूत



सधैँझैँ आज पनि केटाकेटीहरू हजुरबाको वरिपरि कथा सुन्न झुम्मिए । त्यसपछि हजुरबाले उनीहरूलाई सोध्नुभयो, "आज कुन कथा सुन्ने ?" सन्तमानले भन्यो, "बाघ र बटुवाको ।"

सानुमैयाले बिचैमा कुरा काटी, "हैन, हैन, आज भूतको कथा भन्नुस् न ।" अरूले पनि सानुमैयाका कुरामा समर्थन जनाए । हजुरबाले घाँटी सफा गर्नुभयो र भन्नुभयो, "ल ल, आज म भूतकै बारेमा भन्छु ।"

सबै जना भूतको कथा सुन्न हजुरबाका नजिक सरे । हजुरबाले सुरु गर्नुभयो । यो कुरा म तिमीहरूजस्तै केटाकेटी हुँदाको घटना हो । त्यतिखेर मेरा पनि हजुरबा-हजुरआमा हुनुहुन्थ्यो । एक दिन दिउँसो बुबाआमा खेतमा काम गर्न जानुभयो । घरमा हजुरबा, हजुरआमा र म मात्र थियौँ । एकछिनपछि हजुरबा पनि गाउँ डुल्न निस्कनुभयो । अब घरमा हजुरआमा र म मात्र रह्यौँ ।

हजुरआमाको दिउँसो सुत्ने बानी थियो । उहाँले सुत्ने बेलामा मलाई भन्नुभयो, "नरेन्द्र ! बुइँगलमा नजा है ।"

मैले सोधेँ, "किन हजुरआमा ?"

"बुइँगलमा भूत हुन्छ, त्यसैले", हजुरआमाले भन्नुभयो ।

मैले सुनेको थिएँ- भूतको दारा हुन्छ । भूतको शरीर डरलाग्दो हुन्छ । भूतको

भुत्ला पनि हुन्छ । भूतले मान्छेलाई खान्छ । भूतले तर्सायो भने मान्छे मर्छ । म मनमनै भूतको कुरा गुन्दै थिएँ । हजुरआमा निदाइसक्नुभएछ ।

मैले भूतका बारेमा धेरै सुने पनि साँच्चिकै भूत चाहिँ देखेको थिइनँ । साँच्चिकै भूत कस्तो होला ? मान्छेहरूले भनेकै जस्तो होला कि नहोला ? देख्न पाए त साथीहरूसँग कुरा गर्न मज्जा आउला । यस्तो सोचाइले बुइँगलमा चढेर भूत हेर्ने मेरो इच्छा जाग्यो । मनभित्र डर पनि छँदै थियो ।

म निक्कै साहस बटुलेर बुइँगलमा चढेँ । सबैतिर सुनसान थियो । मैले कतै भूत देखिनँ । तर अचानक मेरा पछाडि केही उफ्रियो । भूत होला भनी मेरो सातोपुत्लो उड्यो । डराईडराई पछाडि फर्केर हेरेँ । त्यहाँ त बिरालो पो रहेछ ।

बिरालो देखेपछि म ढुक्क भएँ । हजुरआमाले भन्नुभएको भूत कुनाकाप्चामा पो लुकेको होला भन्ने लाग्यो । म होसियार हुँदै कुनाकाप्चातिर हेर्न थालेँ । एउटा कुनामा त पाकेका केराहरू पो रहेछन् ।

मैले एक कोसो केरा झिकेँ । अनि दौडँदै हजुरआमाछेउ गएँ ।

“हजुरआमा ! हजुरआमा !”

हजुरआमा तर्सिंदै उठ्नुभयो र सोध्नुभयो, “किन ? के भयो ?”

“मैले बुइँगलको भूत देखेँ !”

“खोइ कहाँ छ ?”, हजुरआमाले सोध्नुभयो ।

“यी”, मैले हातको केरा देखाएँ ।

मेरा हातमा केरा देखेपछि हजुरआमाले भन्नुभयो, “लौ मा-यो ! यिनै केरा झिकेर खालास् भनेर भूतको डर देखा’थेँ । केको हुन्थ्यो ? कस्तो चुलबुले केटो !” मैले पनि हजुरआमाको भूतलाई बाँकी राखिनँ । कपाकप खाइदिएँ ।

## शब्दभण्डार

**१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| झुम्मिए | विचार गर्दै |
| बुइँगल | सावधानी |
| तर्सिनु | जम्मा भए; भेला भए; थुप्रिए |
| गुन्दै | घरको माथिल्लो भाग; छानामुनिको कोठा |
| होसियार | डर मान्नु |

**२. यहाँ अर्थ दिइएका छन् । पाठबाट शब्द खोजेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| ............... | = रौँ | ...................... | = आँट |
| ............... | = एक्कासि | ...................... | = चकचके |
| ............... | = लामालामा र तिखा दाँत | ............ | = चाहना |

**३. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| केरोको | सितो |
| भातको | कोसो |
| चामलको | ढिँडी |
| खोर्सानीको | गट्टो |
| फर्सीको | गेडो |

**४. उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :**

पाकेको : ............................

सफा : ............................

समर्थन : ............................

सुत्ने : ............................

**५. वाक्यमा प्रयोग गर्नुहोस् :**

होसियार सुनसान चुलबुले अचानक भूत

**६. दश ओटा फलफूलका नाम लेख्नुहोस् :**

.................. .................. .................. .................. ............

.................. .................. .................. ................ ............

## बोध र अभिव्यक्ति

**१. तपाईं पनि शिक्षकबाट एउटा कथा सुन्नुहोस् ।**

**२. तलका शब्द सुनेर लेख्नुहोस् :**

सधैँ समर्थन नजिक घटना गाउँ

बानी बुइँगल मज्जा इच्छा कपाकप

**३. बुइँगलको भूत कथाका सबै अनुच्छेद कक्षामा पालैपालो आवाज निकालेर पढ्नुहोस् ।**

**४. ठिक उत्तरमा रेजा लगाउनुहोस् :**

(क) हजुरबालाई भूत कस्तो हुन्छ भन्ने लागेको थियो ?

(अ) मायालाग्दो (आ) डरलाग्दो (इ) साथीजस्तो

(ख) हजुरबा बुइँगलमा किन गए ?

(अ) भूत हेर्न (आ) बिरालो हेर्न (इ) केरा खोज्न

(ग) हजुरबाले बुइँगलमा के पाए ?

(अ) भूत (आ) हजुरआमा (इ) केरा

**५. उत्तर दिनुहोस् :**

(क) केटाकेटीहरू किन हजुरबाको वरिपरि झुम्मिए ?

(ख) हजुरबाले कहिलेको घटना भन्नुभयो ?

(ग) हजुरबाकी हजुरआमाले बुइँगलमा के हुन्छ भन्नुभयो ?

(घ) हजुरबाको सातोपुत्लो के भएर झन्डै उड्यो ?

(ङ) हजुरबाको नाम के रहेछ ?

**६. लामो उत्तर लेख्नुहोस् :**

(क) हजुरबालाई भूत कस्तो होला भन्ने लागेको थियो ?


(ख) हजुरबालाई किन भूत हेर्ने इच्छा भयो ?

**७. भूत कस्तो हुन्छ होला ? कल्पना गरेर आठदश वाक्यमा लेख्नुहोस् :**

..........................................................................................

..........................................................................................

**८. तलको मान्छेको चित्रमा विभिन्न अङ्गका नाम लेख्नुहोस् :**



## व्याकरण

**१. तलका शब्दहरूलाई उदाहरणमा देखाएजसरी बदल्नुहोस् :**

देखा'थेँ = देखाएको थिएँ भन्या'थेँ = ..............

बस्या'थेँ = .............. हिँड्या'छ = ..............

**२. तलका क्रियापदमा 'न' थपेर लेख्नुहोस् :**

जस्तै : नरेन्द्र बुइँगलमा जान्छ । नरेन्द्र बुइँगलमा जाँदैन ।

(क) मैले सुनेको थिएँ । .............................. ।

ख) हजुरबाले कथा सुरु गर्नुभयो । .............................. ।

(ग) नरेन्द्र चुलबुले थियो । .............................. ।

(घ) बुइँगलमा साँच्चै भूत थियो । .............................. ।

**३. क्रियापदका अन्त्यमा चन्द्रबिन्दु ( ँ ) लगाई पुनर्लेखन गर्नुहोस् :**

(क) म घर गइन । म घर गइनँ ।

(ख) म प्रथम भए । .............................. ।

(ग) हामी घुम्न गयौ । .............................. ।

(घ) हामीले खाजा खायौ । .............................. ।

**४. उदाहरणमा दिएजस्तै गरी वाक्य परिवर्तन गर्नुहोस् :**

जस्तै : तिमी बुइँगलमा नजाऊ । तँ बुइँगलमा नजा ।

(क) तिमी खाना खाऊ । ..............................

(ख) तिमी गृहकार्य गर । ..............................

(ग) तिमी कलम देऊ । ..............................

(घ) तिमी घुम्न जाऊ । ..............................


**५. पाठ हेरी सच्याएर सार्नुहोस् :**

उहाँ ले ....................... सरिर .......................

शाथि ....................... शाहस .......................

## सामूहिक क्रियाकलाप

**Õ दुई दुई जनाको समूह बन्नुहोस् । अब तलको घडीमा कति बजेको छ ? पत्ता लगाई लेख्नुहोस् :**



| | | | | |
|---|---|---|---|---|
| ................... | ................... | ................... | ................... | ................... |

**Õ गएको शनिबार माथिका घडीले बताएका समयमा तपाईंको साथी के गर्दै थियो ?**

साथीलाई प्रश्न सोध्नुहोस् र साथीलाई नै उत्तर लेख्न दिनुहोस् :

जस्तै : गएको शनिबार बिहान ७ बजे तिमी के गर्दै थियौ ?

सञ्जय : म दुध पिउँदै थिएँ ।

प्रश्न : ..............................................................................

साथीको उत्तर : ..............................................................................

प्रश्न : ..............................................................................

साथीको उत्तर : ..............................................................................

प्रश्न : ..............................................................................

साथीको उत्तर : ........................................................................................

प्रश्न : ........................................................................................

साथीको उत्तर : ........................................................................................

प्रश्न : ........................................................................................

साथीको उत्तर : ........................................................................................

## सिर्जनात्मक लेखन

- **तपाईँले पढेको कुनै कथा राम्रा अक्षरमा लेखेर (सारेर) देखाउनुहोस् ।**
- **सानामा तपाईँलाई तपाईँका बुबाआमा कसरी डर देखाउनुहुन्थ्यो, एक अनुच्छेदमा लेख्नुहोस् ।**

पाठ ७

# अनौठो प्राणी कङ्गारु





# पूर्वपठन

## Õ तलका चराहरूको नाम लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| .................. | .................. | ..................... | .................. |
|  |  |  |  |
| ........................ | ........................ | ........................ | .................. |
|  |  |  |  |
| ........................ | ........................ | ........................ | .................. |
|  |  |  |  |
| ........................ | ........................ | ........................ | .................. |


## Õ माथिका मध्ये कुनै एक चराका बारेमा बताउनुहोस् :

### शब्द र अर्थ

| | | | | | |
|---|---|---|---|---|---|
| विशेषता | : | गुण | अनौठो | : | अचम्मको |
| चट्टान | : | ठुल्ठुला ढुङ्गा | आारा | : | खानेकुरा |
| बेत | : | पशुले बच्चा जन्माउनाको पटक | प्रजाति | : | एउटा जातभित्रको अर्को जात/किसिम |

## सुनाइ र बोलाइ

Õ **तलको पाठ सुन्नुहोस् :**



यस संसारमा धेरै प्रकारका जनावरहरू छन् । कुनै साह्रै ठुला छन् । कुनै साना छन् । कुनै त साह्रै डरलाग्दा छन् । कुनै जनावर जमिनमा बस्छन् । कुनै पानीमा बस्छन् । कुनै पानी र जमिन दुबैमा बस्छन् । यस संसारमा जमिनमा भन्दा पानीमा धेरै प्रकारका जनावर बस्छन् । अनि संसारको सबैभन्दा ठुलो जीव ह्वेल हो । यो पनि पानीमै बस्छ ।



पानीमा बस्ने प्राणीलाई जलचर भनिन्छ । जमिनमा बस्ने प्राणीलाई थलचर भनिन्छ । जमिन र पानी दुबैमा बस्ने प्राणीलाई उभयचर भनिन्छ ।

मानिस पनि एउटा प्राणी नै त हो नि । मानिस चाहिँ जमिनमा बस्छ ।

१. **सुनाइ पाठका आधारमा ठिक र बेठिक छुट्याउनुहोस् :**

(क) बसाइका हिसाबले जनावर तीन किसिमका छन् ।

(ख) यस संसारमा पानीमा भन्दा जमिनमा धेरै प्राणी छन् ।

(ग) ह्वेल जमिनमा बस्ने सबैभन्दा ठुलो प्राणी हो ।

(घ) जमिन र पानी दुवैमा बस्ने प्राणीलाई जलचर भनिन्छ ।

(ङ) मानिस पानी र जमिन दुबैमा बस्छ ।

२. **तपाईँले देखेको कुनै अनौठो प्राणीका बारेमा बताउनुहोस् ।**

३. **'यो संसार हामी सबैको साझा घर हो' कसरी ?**

४. **मान्छे र अन्य प्राणीमा भएका मुख्य मुख्य फरक विशेषता बताउनुहोस् ।**

# अनौठो प्राणी कङ्गारु



यस संसारमा लाखौँ करोडौँ प्रकारका प्राणी छन् । तीमध्ये कङ्गारु भन्ने प्राणी आफ्नो छुट्टै विशेषता भएको अनौठो प्राणी हो । कङ्गारु मुख्यतः अस्ट्रेलिया भन्ने देशमा पाइन्छ । यसका साथै न्युगिनी र तस्मानिया भन्ने देशमा पनि कङ्गारुको बसोबास पाइन्छ ।

कङ्गारुको शरीर छोटा छोटा भुत्लाले ढाकिएको हुन्छ । यसका अगाडिका खुट्टाहरू छोटा छोटा हुन्छन् भने पछाडिका खुट्टाहरू लामा लामा हुन्छन् । पछाडिका यिनै लामालामा खुट्टाको सहायताले यो उफ्रँदै दौडन्छ । यो एक घण्टामा अड्चालिस किलोमिटरसम्म उफ्रँदै दौडन सक्छ । माउ कङ्गारुको पेटमा छालाको थैलो हुन्छ । माउ कङ्गारुले यही थैलोमा आफ्नो बच्चा राखेर हुर्काउँछ ।

कङ्गारु सुख्खा क्षेत्रमा बस्दछ । यसले घाँस, रुखका पात र फलफूल खान्छ । यो दिउँसो घाम लागेको बेलामा रुख र चट्टानको छायामा बस्छ । घाम ढल्केपछि आहाराको खोजीमा निस्कन्छ । यो पानी नखाईकन पनि धेरै दिन बाँच्न सक्दछ ।अपुच्छर कङ्गारुको पाँचौं खुट्टा हो ।



पछाडिका दुइटा खुट्टा र पुच्छरको सहायताले यो घन्टौं उभिन सक्छ । यसरी उभिँदा टुक्रुक्क बसे जस्तो देखिन्छ ।

कङ्गारु छ फिटसम्म अग्लो हुन्छ । यो बिस वर्षसम्म बाँच्न सक्छ । यसले एक बेतमा एउटा मात्र बच्चा जन्माउँछ। यसको बच्चा जन्मेको बखत भुत्लाबिनाको हुन्छ । यस्तो बच्चालाई माउ कङ्गारुले आठनौ महिनासम्म आफ्नो थैलीमा राखेर हुर्काउँछ । भाले कङ्गारुहरू कहिलेकाहीँ बहादुरीका लागि लडाइँ गर्छन् । यस्तो बेलामा अगाडिको खुट्टाले मुक्का र पछाडिका खुट्टाले लात्ती हानाहान गर्छन् ।

कङ्गारुहरू छयालिस प्रजातिका हुन्छन् । कुनै कङ्गारु रुखमा पनि बस्छन् । रुखमा बस्ने कङ्गारुका पछिल्ला खुट्टा अलि छोटा हुन्छन् । कुनै कङ्गारु मुसा जस्तै साना पनि हुन्छन् । अस्ट्रेलियाको राष्ट्रिय जनावरको रूपमा रहेको कङ्गारु पृथ्वीको एउटा अनौठो प्राणी हो ।

## शब्दभण्डार

**१. तलका शब्दहरू शुद्धसँग पढ्नुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पृथ्वी | राष्ट्रिय | प्राणी | कङ्गारु | मुख्यतः | अस्ट्रेलिया | भुत्ला |
| उफ्रँदै | प्रजाति | अड्चालिस | हुर्काउँदै | क्षेत्र | टुकुक्क | मुक्का |

२. **तलका शब्द र तिनका अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विशेषता | खानेकुरा |
| अनौठो | जात; किसिम |
| चट्टान | पशुले बच्चा जन्माउनाको पटक |
| आहारा | अचम्मको |
| बेत | ठुल्ठुला ढुङ्गा |
| प्रजाति | गुण |

३. **पाठबाट 'टुक्रुक्क' भन्ने शब्द लागेको वाक्य जस्ताको त्यस्तै सार्नुहोस् :**


.......................................................................................................

४. **तलका गतिविधिलाई नक्कल गर्ने ठिक शब्द कोष्ठकबाट छानेर लेख्नुहोस् :**





............... हाँस्नु ............... रुनु ............... पिट्नु





............ घाम लाग्नु ............ निदाउनु ............ फुल्नु

झलमल्ल, धुरुधुरु, थपक्क, ढकमक्क, मुसुक्क, ड्याम्म, भुसुक्क, टहटह

**५. तलका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

सिरसिर मुसुक्क खुर्र खलखली फनफनी प्याट्ट

## बोध र अभिव्यक्ति

**१. माथिको पाठ मनमनै (आवाज ननिकाली) पढ्नुहोस् :**

**२. छुटेका शब्दहरू भरी वाक्य पूरा गर्नुहोस् :**

(क) कङ्गारु मुख्यतः ...................... भन्ने देशमा पाइन्छ ।

(ख) माउ कङ्गारुको पेटमा ............... ...................... हुन्छ ।

(ग) कङ्गारुले घाँस, .................. ............ र ...................... खान्छ ।

(घ) कङ्गारु ...................... ...................... बाँच्न सक्छ ।

(ङ) कङ्गारुहरू ............................................ प्रजातिका हुन्छन् ।

**३. ठिकबेठिक छुट्याउनुहोस् :**

(क) कङ्गारु अस्ट्रेलियामा मात्र पाइन्छ । ..................

(ख) कङ्गारु सुख्खा क्षेत्रमा बस्तछ । ..................

(ग) कङ्गारुले एक बेतमा एउटा मात्र बच्चा जन्माउँछ । ..................

(घ) कङ्गारुहरू झगडा गर्दा पुच्छरले हानाहान गर्छन् ? ..................

(ङ) रुखमा बस्ने कङ्गारुको अगाडिका खुट्टा पछाडिको भन्दा लामा हुन्छन् । ..................

**४. एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) कङ्गारुका खुट्टाहरू कस्ता हुन्छन् ?

(ख) कङ्गारु कसरी घन्टौँ उभिन सक्छ ?

(ग) कङ्गारु जन्मँदा कस्तो हुन्छ ?

(घ) कङ्गारु कहाँ बस्छ ?

(ङ) कङ्गारु तपाईँलाई कस्तो प्राणी लाग्दछ ?

**५. कङ्गारु भन्ने पाठको दोस्रो अनुच्छेद राम्रा अक्षरमा कापीमा सार्नुहोस् ।**

**६. छोटो उत्तर दिनुहोस् :**

(क) कङ्गारु पाइने देशका नाम लेख्नुहोस् ।

(ख) कङ्गारु एक घन्टामा कति किलोमिटर दौडन सक्छ ?

(ग) कङ्गारु कति खेर आहाराको खोजीमा निस्कन्छ ?

(घ) कङ्गारुले कसरी झगडा गर्छ ?

(ङ) कङ्गारुलाई किन अनौठो प्राणी भनिन्छ ?

**७. कङ्गारुको शारीरिक बनावट कस्तो हुन्छ ? छोटो अनुच्छेदमा वर्णन गर्नुहोस् :**



..............................................................................

..............................................................................

..............................................................................

**८. तपाईँलाई अनौठो लाग्ने प्राणी (कङ्गारुबाहेक)का बारेमा पाँच ओटा वाक्यमा लेख्नुहोस् :**

..............................................................................

..............................................................................

**९. यस पाठमा परेका दश ओटा प्राणीको नाम लेख्नुहोस् ।**

**१०. यस पाठमा नपरेका अरू दश ओटा प्राणीका नाम लेख्नुहोस् ।**

## व्याकरण

**१. प्राणीसम्बन्धी तलका कुराहरू पढ्नुहोस् :**

(क) संसारका प्राणी**मध्ये** सार्कको अन्डा सब**भन्दा** ठुलो हुन्छ ।

(ख) हमिङ्बर्ड भन्ने चरो पछाडि**पट्टि** पनि उड्न सक्छ ।

(ग) संसार**भरि** चार अरब कुकुर छन् ।

(घ) डाइनोसर**सित** चराहरूको सम्बन्ध छ । चराहरूको पुर्खा डाइनोसर मानिन्छ ।

(ङ) घोडा उभी उभी**कन** निदाउन सक्छ ।

**२. माथिका वाक्यहरूबाट मोटा अक्षरले लेखिएका शब्दहरू तल सार्नुहोस् :**

............ ............ ............ ............ ................ ................

**३. माथि २. मा तपाईंले लेखेका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् । वाक्य बनाउँदा ती शब्दहरूलाई अर्को शब्दको पछिल्तिर जोडेर वाक्य बनाउनुहोस् ।**

**४. तलका शब्दहरूलाई अर्को कुनै शब्दसँग जोडेर वाक्य बनाउनुहोस् :**

सँग : ..........................................................................................

मध्ये : ..........................................................................................

बाहेक : ..........................................................................................

बिना : ..........................................................................................

भरि : ..........................................................................................

तर्फ : ..........................................................................................

यहाँ तपाईंले वाक्य बनाउँदा आएका शब्द नामयोगी हुन् ।

## सामूहिक क्रियाकलाप

õ दुई दुई जना मिलेर तलका तालिका भर्नुहोस् :

| चार खुट्टे प्राणी | | | चराहरू | | |
|---|---|---|---|---|---|
| ............... | ............... | ............... | ............... | ............... | ........... |
| ............... | ............... | ............... | ............... | ............... | ........... |
| ............... | ............... | ............... | ............... | ............... | ........... |
| **छ खुट्टे प्राणी (कीटपतङ्ग)** | | | **पानीमा बस्ने प्राणीहरू** | | |
| ............... | ............... | ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... | ............... | ............... |

õ हरेकले कम्तीमा पाँच ओटा प्राणीहरूको आवाजको नक्कल गरेर कक्षामा सुनाउनुहोस् ।

## सिर्जनात्मक लेखन

õ तपाईंलाई मन पर्ने जनावरका बारेमा एक सय शब्दसम्म समावेश गरी एउटा निबन्ध लेख्नुहोस् ।

(क) मेरो गाई (ग) मेरो घरको कुकुर (ङ) खरायो

(ख) मेरो सानो पाठो (घ) मेरो घरको बिरालो (च) कुखुरो

õ तपाईंलाई मन पर्ने प्राणीको चित्र बनाउनुहोस् । त्यस प्राणीको शारीरिक बनावट कस्तो छ ? त्यो कस्तो ठाउँमा बस्छ ? त्यसले के खान्छ ? त्यो थलचर, जलचर वा उभयचर के हो ? सबै कुरा खुलाउँदै चालिसपचास शब्दमा लेख्नुहोस् ।


पाठ
८

# चिठीपत्र




पत्र मञ्जुषा
LETTER BOX




पठाउने
श्रवणकुमार
जिमी
अनामनगर,
काठमाडौँ
पाउने
लक्षिका जिमी
नेपाल डाँडा
नेपालडाँडा,
भोजपुर

## पूर्वपठन

Õ तलका चित्रहरूको नाम लेख्नुहोस् :










............................... ............................... ...............................

............................... ............................... ...............................





............................... ............................... ...............................

### शब्द र अर्थ

संवाद : कुराकानी

राजधानी: राष्ट्रको सम्पूर्ण पशासन सञ्चालन गर्ने ठाउँ

गजुर : मन्दिरको छानामा राखिने ठाडो चुच्चे धुरी

पत्रमञ्जूषा : पत्रपेटिका; हुलाकबाट पत्र पठाउनका निम्ति पत्र खसाल्ने ठाउँ

भ्रमणीय स्थल : भ्रमण गर्न लायक ठाउँ; भ्रमणयोग्य ठाउँ

असमर्थ : असक्षम; अयोग्य; नलायक

## सुनाइ र बोलाइ

Õ **तलको पाठ सुन्नुहोस् :**

हिजोआज खबर आदानप्रदान गर्ने मोबाइल फोन छ। मोबाइल आउनुभन्दा अगाडि समाचार आदानप्रदान गर्ने माध्यम चिठी थियो । चिठीबाट व्यक्तिगत कुराहरू आदानप्रदान गरिन्थ्यो । चिठी हिजोआज पनि त्यत्तिकै महत्वपूर्ण छ । चिठी पठाउँदा निम्न कुरामा ध्यान दिनुपर्छ :

(क) सबैभन्दा पहिला चिठी लेख्ने,
(ख) चिठीलाई खामभित्र हालेर खाममा ठेगाना लेख्ने,
(ग) हुलाकघरमा गई टिकट किन्ने,
(घ) टिकटलाई खाममा टाँस्ने,
(ङ) टिकटसहितको खामबन्दी चिठीलाई पत्रमञ्जूषामा हाल्ने

यति गरिसकेपछि हुलाकका कर्मचारीले तपाईंले लेखेको चिठी सम्बन्धित ठेगानामा पुऱ्याउँछन् ।

**१. सुनाइ पाठका आधारमा तलका वाक्यहरूको १, २, ३........ लेखी क्रम निर्धारण गर्नुहोस् :**

( ) खाममा चिठी हालेपछि ठेगाना लेख्ने,
( ) चिठीलाई खाममा हाल्ने,
( ) चिठी लेख्ने,
( ) कापी कलमसहित चिठी लेख्न तयारी हुने,
( ) चिठीलाई पत्रमञ्जुषामा हाल्ने,
( ) टिकट खाममा टाँस्ने,
( ) हुलाकघर गएर टिकट किन्ने,

Õ यस कुराकानीमा भान्जीले दसैँमा आउँछु भनेको तर आउन नसकेको कुरा हुन्छ। भान्जीले आउन नसकेकोमा माफ माग्छिन्। मामाले हिउँदे बिदामा आउन आग्रह गर्नुहुन्छ। भान्जीले जसरी भए पनि हिउँदे बिदामा मामाघर आउने र त्रिवेणी मेला जाने कुरा गर्छिन् । अब आफ्नो छेउको साथीसँग मिलेर मामा-भान्जीबीच हुने टेलिफोन संवाद तयार गरी कक्षामा सुनाउनुहोस् । यस कुराकानीमा नमस्ते, धन्यवाद र माफ गर्नुहोला जस्ता पद वा पदावली राख्नुपर्ने छ ।

# छोरीलाई चिठी

अनामनगर, काठमाडौँ
२०७७ मङ्सिर ९, मङ्गलबार
प्यारी छोरी सदिक्षा,
धेरै धेरै आशीर्वाद !

म आराम छु। तिमीहरू सबैलाई आरामै होला भन्ने आशा गरेको छु। छोरी, तिमीले पत्रमा काठमाडौँको बारेमा लेख्न भनेकी रहिछ्यौ। काठमाडौँ नेपालको राजधानी सहर हो। यसका बारेमा सबै कुरा चिठीमा लेख्न गाह्रो हुन्छ तैपनि म केही कुरा बताउँछु। सदिक्षा, काठमाडौँ एउटा उपत्यका हो। यस उपत्यकामा काठमाडौँ ललितपुर र भक्तपुर तीन ओटा सहरहरू छन्। यस उपत्यकामा पशुपतिनाथको मन्दिर, स्वयम्भूनाथको स्तूप, हनुमानढोका दरबार, सिंहदरबार जस्ता प्रसिद्ध स्थलहरू छन्। धरहरा, नारायणहिटी दरबार, रानीपोखरी आदि पनि काठमाडौँका दर्शनीय स्थलहरू हुन्। यसका साथै भक्तपुरमा पाँचतले मन्दिर, पचपन्न झ्याले दरबार र दत्तात्रयको मन्दिर आदि प्रसिद्ध ठाउँहरू छन्। ललितपुरमा भने एक्काइस गजुर भएको कृष्णमन्दिर, पाटन दरबार स्क्वायर, चिडियाखाना आदि भ्रमणीय स्थलहरू छन्।

छोरी सदिक्षा, काठमाडौँमा जताततै घरैघर, बाटैबाटो र सवारी
साधनहरू छन् । यहाँ किनमेल गर्ने ठुला ठुला ठाउँहरू छन् । ठुला ठुला अस्पताल, स्कुल, कलेजहरू र होटेलहरू छन् । यहाँका सबै जस्तो सडकहरूमा बैङ्क, रेस्टुरेन्ट र विभिन्न कार्यालयहरू छन् । त्यसैले यहाँ जताततै भिडभाड हुन्छ ।


प्यारी छोरी सदिक्षा, काठमाडौँको बारेमा अरू बेला पनि बताउँदै गरुँला । अनि तिम्रो पढाइ कस्तो चल्दै छ ? भाइको पढाइ कस्तो छ ? हजुरबा र हजुरआमाको स्वास्थ्य कस्तो छ ? सबै कुरा पत्रमा लेख्दै गर ।

म अब दसैँको छुट्टीमा घर आउँछु । त्यस बेला हामी दार्जिलिङ घुम्न जाऔँला ।

आजलाई यति नै ।

तिमीलाई माया गर्ने बुबा

श्रवणकुमार जिमी



## शब्दभण्डार

**१. तलका शब्दहरूको अर्थसँग जोडा मिलाएर वाक्यमा प्रयोग गर्नुहोस् :**

| | |
|---|---|
| पत्रमञ्जूषा | राष्ट्रको सम्पूर्ण प्रशासन सञ्चालन गर्ने ठाउँ |
| राजधानी | भ्रमण गर्न लायक ठाउँ; भ्रमणयोग्य ठाउँ |
| भ्रमणीय स्थल | पत्रपेटिका; हुलाकबाट पत्र पठाउनका निम्ति पत्र खसाल्ने ठाउँ |
| गजुर | असक्षम; अयोग्य; लायक नभएको |
| असमर्थ | मन्दिरको छानामा राखिने ठाडो चुच्चे धुरी |

**२. उदाहरण हेरी तलका शब्दहरूको सङ्क्षिप्त रूप लेख्नुहोस् :**

प्रधान अध्यापक : प्र.अ.

आधारभूत विद्यालय : ...........................................................

माध्यमिक विद्यालय : ...........................................................

डाक्टर : ...........................................................

गाउँ पालिका : ...........................................................


**३. नमिल्ने शब्द चिनी गोलो घेरा लगाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| पत्रमञ्जूषा | हलकारा | आकाश | हुलाकघर |
| शिक्षक | किसान | विद्यार्थी | अभिभावक |
| कलम | पेन्सिल | कापी | ब्याट |
| टोपी | थाल | बटुको | भाँडा |
| साइकल | कार | ट्रक | बस |
| छोरो | काका | मान्छे | फुपू |
| हिमाल | नेपाल | पहाड | तराई |

## बोध र अभिव्यक्ति

१. माथिको चिठी सस्वरवाचन गर्नुहोस् ।

२. तलको निवेदन ध्यानपूर्वक पढ्नुहोस् :



मिति : २०७७/०८/०८

श्रीमान् प्रधानाध्यापक
श्री नवदुर्गा निम्नमाध्यमिक विद्यालय
नवदुर्गा-६, डडेल्धुरा

विषय : बिदाका सम्बन्धमा ।

महोदय,

प्रस्तुत सम्बन्धमा भोलि मेरो घरमा दिदीको बिहे हुने भएकाले म विद्यालयमा उपस्थित हुन असमर्थ छु । यसर्थ उक्त एक दिन अर्थात् मिति २०७७/०८/०९ गते मेरो हाजिरीमा बिदा जनाइदिनुहुन श्रीमान् समक्ष हार्दिक अनुरोध गर्दछु ।

आज्ञाकारी छात्र
अनुराग धानुक
कक्षा ४
क्रम सङ्ख्या : २

**३. माथिका चिठी र निवेदन दाँज्नुहोस् र निम्न प्रश्नको उत्तर दिनुहोस् ।**

(क) चिठी पहिले लेखिएको हो कि निवेदन ?

(ख) चिठी र निवेदन कुन कुन विषयमा लेखिएका छन् ?

(ग) चिठी र निवेदनका लेखक को को हुन् ?

**४. 'छोरीलाई चिठी' पढी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) यो चिठी कहिले र कहाँबाट लेखिएको हो ?

(ख) यो चिठी कसले कसलाई लेखेको हो ?

(ग) यस चिठीमा उल्लेख भएका काठमाडौँ उपत्यकाका बार ओटा दर्शनीय स्थलहरूको नाम लेख्नुहोस् :

...................... ...................... ...................... ......................

...................... ...................... ...................... ......................

**५. 'छोरीलाई चिठी' पढी सदिक्षाको तर्फबाट बुबालाई चिठी लेख्नुहोस् ।**

**६. माथिको निवेदन पढी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) यो निवेदन कसले कहिले लेखेको हो ?

(ख) यो निवेदन कुन विषयमा लेखिएको हो ?

(ग) अनुराग धानुक पढ्ने विद्यालयको नाम र ठेगाना लेख्नुहोस् ।

**७. तपाईंको विद्यालयका प्रधानाध्यापक, उप प्रधानाध्यापक र तपाईंका कक्षा शिक्षकको नाम लेख्नुहोस् ।**

प्रधानाध्यापक : ........................................................................

उप प्रधानाध्यापक : ........................................................................

कक्षा शिक्षक : ........................................................................

**८. निवेदन लेख्दा कुन कुरा कहाँ लेखिन्छ ? ध्यान दिएर पढ्नुहोस् :**

१. मिति र ठेगाना :

२. सम्बोधन

३. शिष्टाचार

४. सुरुवाती वाक्य

५. चिठीको मुख्य विषयवस्तु

६. समापन वाक्य

७. पत्र प्रापकको सम्बन्धसहितको
नाम र हस्ताक्षर

९. **घरायसी चिठी लेख्दा कुन कुरा कहाँ कहाँ लेखिन्छ ? तलको खाली ठाउँमा नम्बरअनुसार लेख्नुहोस् :**

१. ..............................................................................................................

२. ..............................................................................................................

३. ..............................................................................................................

४. ..............................................................................................................

५. ..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

६. ..............................................................................................................

७. ..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

## व्याकरण

### १. तलका सर्वनाम र क्रिया जोडी वाक्य बनाउनुहोस् :

(क) म खेल्छौ । म बस्छु ।

(ख) हामी जान्छे । ..........

(ग) तँ बस्छु । ..........

(घ) तिमी पढ्छिन् । ..........

(ङ) तपाईँ बोल्छस् । ..........

(च) ऊ मिल्छन् । ..........

(छ) उनी हेर्छौँ । ..........

(ज) उनीहरू खानुहुन्छ । ..........

### २. तलका वाक्य अशुद्ध छन् । शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :

(क) बुबा घर आयो । बुबा घर आउनुभयो ।

(ख) आमा बजार जान्छे । ..........

(ग) दाजुले घर बनायो । ..........

(घ) दिदी गीत गाउँछे । ..........

(ङ) भाइ घरमा खेल्छे । ..........

(च) बहिनी भात खान्छ । ..........

(छ) उनीहरू हल्ला गर्छ । ..........

(ज) छोरीले गृहकार्य गरेन । ..........

### ३. तलका वाक्यमा ठिक चिह्न राखेर फेरि लेख्नुहोस् :

(क) भाइ घरमा बस्छ ..........

(ख) उनी कहाँ जान्छन् ..........

(ग) भान्जाले किताब ल्याए ..............................

(घ) साथीहरू के गर्छन् ..............................

(ङ) त्यो ठाउँ कस्तो रहेछ ..............................

## सामूहिक क्रियाकलाप

- शिक्षकले कक्षाको सबभन्दा अगाडि बसेको विद्यार्थीको कानमा कानेखुसी गर्दै एउटा वाक्य भन्नुहुन्छ । त्यो वाक्य त्यस विद्यार्थीले छेउको विद्यार्थीलाई त्यसै गरी कानेखुसी गर्दै सुनाउँछ । यसरी सुनाउने क्रम कक्षाको सबभन्दा पछाडि बस्ने विद्यार्थीसम्म आइपुग्छ । अब शिक्षकले सुनाउनुभएको वाक्य पछाडिका विद्यार्थीसम्म जस्ताको त्यस्तै आइपुग्यो ? कि बदलियो ? बदलियो भने के भयो ? निरीक्षण गर्नुहोस् ।

## सिर्जनात्मक लेखन

- तल एउटा जन्मदिनको शुभकामना पत्रको नमुना दिइएको छ । तपाईं पनि तलको खाली ठाउँमा तपाईंको एक जना साथीको जन्मदिनको शुभकामना पत्र बनाउनुहोस् :

प्रिय शिवानी,

तिम्रो जन्मदिनको सुअवसरमा हार्दिक मङ्गलमय

**शुभकामना !**

उही तिम्रो साथी

पङकज

पाठ ९

# लसुन















# पूर्वपठन






Õ **माथिका मध्ये एउटा रोज्नुपर्‍यो भने तपाईं के रोज्नुहुन्छ ? किन बताउनुहोस् :**

**शब्द र अर्थ**

| | | | |
|---|---|---|---|
| खल्लो | : फिक्का; बेस्वादको | गुन | : उपकार; भलाइ |
| उत्तम | : सबैभन्दा राम्रो | परिश्रम | : मिहिनेत |
| सडेगलेका | : पुराना र बिग्रिएका; कुहिएका | धर्ती | : पृथ्वी |

## सुनाइ र बोलाइ

Õ **तलको पाठ सुन्नुहोस् :**



मेरो नाम ढिकी हो । म पुरानो प्रविधि हुँ ।
मानिसहरू धान कुट्न मलाई प्रयोग गर्छन् ।
चिउरा कुट्न पनि मलाई प्रयोग गर्छन् गाउँघरमा अहिले पनि मेरो प्रयोग हुन्छ । अहिले मानिसहरू मलाई कम प्रयोग गर्न थालेका छन् ।



मेरो नाम जाँतो हो । म पनि पुरानो प्रविधि हुँ । पहिला पहिला म सबै घरमा हुन्थेँ । केही पिस्नुपऱ्यो भने मलाई प्रयोग गरिन्थ्यो । अहिले मेरो प्रयोग कम छ । म जस्तोसुकै अन्न पनि धुलोपिठो पार्छु ।

१. **कसले भनेको हो ? भन्नुहोस् :**

(क) मानिसहरू धान कुट्न मलाई प्रयोग गर्छन् ।

(ख) चिउरा कुट्न पनि मलाई प्रयोग गर्छन् ।

(ग) म जस्तोसुकै अन्न पनि धुलोपिठो गर्छु ।

(घ) म पहिला पहिला सबै घरमा हुन्थेँ ।

(ङ) म पुरानो प्रविधि हुँ ।

२. **ढिकी र जाँतोका एउटा मिल्ने कुरा र एउटा नमिल्ने कुरा बताउनुहोस् ।**

३. **ढिकी कस्तो हुन्छ ? यसले कसरी काम गर्छ ? बताउनुहोस् ।**

४. **जाँतो कस्तो हुन्छ ? यसले कसरी काम गर्छ ? बताउनुहोस् ।**

५. **हामी स्वस्थ रहन के के कुरामा ध्यान पुऱ्याउनुपर्छ ? बताउनुहोस् ।**


६. **तपाईं कहिलेकाहीँ बिरामी हुनुभएको होला । तपाईं कसरी बिरामी हुनुभयो ? बिरामी हुँदा तपाईंलाई कस्तो भयो ? कसरी निको हुनुभयो ? क्रमशः बताउनुहोस् ।**

# लसुन

*- प्रभा भट्टराई*



**धर्तीमाथि खातैखात** लामालामा पात
**माटोभित्र** डल्लो फल्ने हुन्छ मेरो जात
साना साना बिजुलाले बनेको छ डल्लो
मलाई **बिर्से** तिम्रो भान्छा हुन जाला खल्लो ।



सके खाऊ हरियोमै केलाएर **पात**
काम लाग्छ पछिसम्म सुकाएर राख
मसला नै भन्छन् मलाई ठिकै त हो कुरा
जानेदेखि तिम्रो लागि औषधी हुँ पूरा ।



लसुन हुँ सुन जस्तै तिमी पनि सुन
धेरैलाई खुसी पारेँ लगाएर गुन
उखान यो सुनी सबै **भान्छातिर** पसून्
दिनको एक **पोटी** लसुन, डाक्टर **बाहिरै** बसून् ।

## शब्दभण्डार

**१. तलका चित्रको नाम लेख्नुहोस् :**

 ......................

 ...................

 ...................

 ................

 .........................

 ...................

 ................

 ...................

**२. तलका नाम र त्यससँग मिल्ने शब्दका जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| केरा | दानो | लसुन | घनो |
| फूल | लाँक्रो | बाँस | घोगो |
| आँप | थुँगा | अदुवा | पोटी |
| उखु | कोसो | मकै | पानो |

**३. कसलाई के भनिन्छ ? तालिकाबाट छानेर भर :**

(क) रोगीको उपचार गर्ने : ..................................
(ख) स्कुलमा पढाउने : ..................................
(ग) बेपार गर्ने : ..................................
(घ) गाडी चलाउने : ..................................
(ङ) गीत गाउने : ..................................
(च) कविता लेख्ने : ..................................
(छ) चित्र बनाउने : ..................................
(ज) भिख माग्ने : ..................................
(झ) काठको काम गर्ने : ..................................
(ञ) हवाईजहाज उडाउने : ..................................

| |
|---|
| कवि |
| भिखारी |
| पाइलट |
| डाक्टर |
| चित्रकार |
| सिकर्मी |
| शिक्षक |
| गायक |
| ड्राइभर |
| बेपारी |

**४. सब्जी तरकारीका रूपमा प्रयोग हुने पन्ध्र जति वस्तुको नाम लेख्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **माथिको कविता लय हालेर पढ्नुहोस् ।**

२. **छुटेका शब्द भरी कविता पूरा गर्नुहोस् :**

लसुन हुँ ………… …………… तिमी पनि …………

धेरैलाई ……………… पारेँ लगाएर …………

………… यो सुनी सबै …………………… पसून् ।

दिनको एक ……… लसुन, ……… बाहिरै बसून् ।

३. **ठिकबेठिक छुट्याउनुहोस् :**

(क) लसुन माटोभित्र फल्छ । ………………

(ख) लसुनको सुकेको पात मात्र खान मिल्छ । ………………

(ग) लसुन महत्वपूर्ण मसला हो । ………………

(घ) लसुन खानाले बिरामी परिन्छ । ………………

(ङ) लसुन गुनिलो खानेकुरा हो । ………………

४. **ठिक उत्तरमा रेजा (√) लगाउनुहोस् :**

(क) लसुनको पात कस्तो हुन्छ ?

(अ) छोटो (आ) लामो (इ) डल्लो

(ख) लसुनको पोटीभित्रको मसिनो दानालाई के भनिन्छ ?

(अ) दानो (आ) गानो (इ) बिजुलो

(ग) लसुन जान्नेहरूका लागि के हो ?

(अ) औषधी (आ) घर (इ) भान्सा

(घ) लसुनले कसलाई बाहिर राख्न सक्छ ?

(अ) विद्यार्थीलाई (आ) साथीलाई (इ) डाक्टरलाई

५. **'लसुन' भन्ने कवितामा मोटा अक्षरले गरेका शब्दहरू तल सार्नुहोस् :**

...................... ...................... ...................... ......................

...................... ...................... ...................... ......................

६. **तलको अनुच्छेद पढ्नुहोस् र राम्रा अक्षरले कापीमा सार्नुहोस् :**

स्वास्थ्य सबैभन्दा उत्तम धन हो । स्वास्थ्यरूपी धन हाम्रो खानेकुरा र क्रियाकलापमा अडेको हुन्छ । त्यसैले खान पायौँ भन्दैमा धेरै र जे पायो त्यही खानुहुँदैन । सडेगलेका, धेरै चिल्लो, मात लाग्ने र धेरै सुख्खा खानेकुरा खानुहुन्न । ताजा, पोसिला र हरियो खानेकुरा राम्रो हुन्छ । यसका साथै ठिक ढङ्गको परिश्रमले पनि स्वास्थ्य राम्रो हुन्छ । ठिक समयमा खेल्नाले स्वास्थ्यलाई फाइदा नै गर्छ ।

७. **तपाईँले खाने कुनै आठ ओटा सागसब्जीका नाम लेख्नुहोस् :**

...................... ...................... ...................... ......................

...................... ...................... ...................... ......................

८. **तलका मध्ये कुनै एक चिजका बारेमा तिसचालिस शब्दमा वर्णन गर्नुहोस् :**

........................................................................................................

........................................................................................................

........................................................................................................

## व्याकरण



**खचन्चले** आफ्नो **बुबासँग** मेला हेर्न गयो । उसले मेलामा **झिँगैझिँगा** भन्केको **खानेकुरा** किनेर खायो । यस्तो खानेकुराले उसको **पेट** दुख्यो । बेलुका **झाडाबान्ता** भयो र केही नखाई सुत्यो । भोलिपल्ट ऊ स्कुल जान सकेन । बेलुकी **दिदी**को बिहेको **भोज** थियो । उसले भोज पनि खान पाएन । त्यसैले **झिँगा** भन्केको खाना खाएकोमा उसले आफैँलाई धिक्कार्‍यो ।

**१. माथिको पाठबाट मोटा अक्षरले लेखिएका शब्दहरू तलको खाली ठाउँमा सार :**

.................. ..................... ..................... ..................... .....................

.................. ..................... ..................... ..................... .....................

**२. १. मा लेखिएका शब्दहरू नाम हुन् । नामहरूलाई को र केले साट्न सक्छन् । अब १ का नामहरूलाई को र के का तालिकामा लेख्नुहोस् :**

को : .................. .................. .................. ............... .........

के : ............... ............... ............... ............... .........

**३. तलका नाम लेख्नुहोस् :**

(क) तिम्रा चार जना साथी ............... ............... ............... ...............

(ख) चार ओटा ठाउँ ............... ............... ............... ...............

(ग) चार ओटा जनावर ............... ............... ............... ...............

(घ) चार ओटा खानेकुरा ............... ............... ............... ...............

(ङ) चार ओटा सामान ............... ............... ............... ...............

## सामूहिक क्रियाकलाप

- **तीन तीन जनाको समूह बन्नुहोस् । अब प्रत्येक समूहले पच्चिस ओटा खानेकुराको नाम लेख्नुहोस् ।**
- **तपाईंको समूहले लेखेको खानेकुराका नाम एक जनाले कक्षामा सुनाउनुहोस् । अर्को समूहले सुनाउँदा तपाईंको समूहले नलेखेका खानेकुराहरूको नाम पनि सुनाउन सक्छन् । यस्ता खानेकुराहरूलाई टिप्दै जानुहोस् । कुनै खानेकुरा तपाईंले नखाएको/नदेखेको भए त्यसका बारेमा सुनाउने साथीलाई सोध्नुहोस् ।**

## सिर्जनात्मक लेखन

- **घरमा तयार हुने खानामध्ये तपाईंलाई सबभन्दा मन पर्ने के हो ? त्यो खाना बनाउन केके चाहिन्छ ? त्यो कसरी बनाइन्छ ? उक्त खाना तयार पार्ने तरिका लेख्नुहोस् :**

### चाहिने सामग्रीहरू

..........................................................................................

..........................................................................................

..........................................................................................

## तयार पार्ने तरिका

१. ..............................................................................

२. ..............................................................................

३. ..................................................................................

४. ..................................................................................

५. ..................................................................................

६. ..................................................................................


७. ..................................................................................


८. ..................................................................................


९. ..................................................................................


पाठ १०

# बच्चा जन्माउने भाँडो










## पूर्वपठन

**यहाँ चारओटा चित्रमा एउटा कथाको घटना झल्कने कुरा राख्ने**



**õ माथिको चित्रका आधारमा एउटा कथा बनाएर भन्नुहोस् :**

### शब्द र अर्थ

| | | | | | |
|---|---|---|---|---|---|
| पृष्ठ | : | पाना | छिमेकी | : | आफ्नो घर छेउछाउका घर |
| अतिथि | : | पाहुना | मुख्य | : | प्रमुख |
| गर्भवती | : | गर्भ बोकेकी | किमती | : | बहुमूल्य; महङ्गो |
| काजकिरिया | : | मरेपछि गरिने संस्कार | निरुत्तर | : | उत्तर दिन नसक्ने, नाजबाफ |

## सुनाइ र बोलाइ

### Õ तलको पाठ ध्यान दिएर सुन्नुहोस् :

अकबरलाई अनौठो कुरा गर्न मन पर्थ्यो । उसले एक दिन सभाका सबै मानिसलाई मूर्ख तुल्याउने विचार गऱ्यो । उसले सभाको भुइँमा लट्ठी फ्याँक्यो र भन्यो–



**अकबर** : कसले यस लट्ठीलाई नछोईकन छोटो पार्न सक्छ ?

**मन्त्री** : यो त हुनै नसक्ने कुरा भयो नि सरकार ?

**अकबर** : वीरबल । तिमी सक्छौ कि ?

**वीरबल** : सजिलै गर्न सक्छु नि सरकार !

वीरबलले अर्को एउटा लामो लट्ठी छेउमा राख्यो ।

**बीरबल** : अब सरकारको लट्ठी छोटो भएन त !

राजा अकबर नाजबाफ भए । अरू मन्त्रीहरू वीरबलको बुद्धि देखेर छक्क परे ।

**१. सुनाइ पाठका आधारमा ठिकबेठिक छुट्याउनुहोस् :**

(क) वीरबल राजा थिए ।

(ख) अकबरका मन्त्रीले अकबरको प्रश्नको उत्तर दिए ।

(ग) बीरबलले सानो लट्ठी दुई टुक्रा पारेर धेरै बनाए ।


(घ) अकबरभन्दा बीरबल चलाख थिए ।

(ङ) कथामा सबैभन्दा बुद्धिमान् वीरबललाई मानेको छ ।

**२. भएको लट्ठीभन्दा लामो लट्ठी छेउमा राखेपछि पहिलाको लट्ठी छोटो हुन्छ । कसरी बताउनुहोस् ।**

**३. तपाईँ पनि चलाखीले युक्त एउटा कथा कक्षामा सुनाउनुहोस् ।**


# बच्चा जन्माउने भाँडो



एउटा गाउँमा नसरुद्दिन भन्ने मान्छे थियो । उसको छिमेकमा एउटा धनी मान्छेको घर थियो । त्यो धेरै धनी भएकाले सबैले उसलाई साहुबा भन्थे । साहुबा जतिसुकै धनी भए पनि अत्यन्त लोभी थियो ।

एक दिन नसरुद्दिनका घरमा केही अतिथि आए । नसरुद्दिनको घरमा ठुलो भाँडो थिएन । त्यसैले ऊ साहुबा कहाँ गयो र एउटा ठुलो भाँडो मागेर ल्यायो । नसरुद्दिनले त्यो भाँडो भोलिपल्टै फर्कायो । यसरी फर्काउँदा नसरुद्दिनको एउटा सानो भाँडो पनि त्यसभित्रै परेछ ।

नसरुद्दिन साहुबाकहाँ गयो र भन्यो, "साहुबा ! हिजो मैले तपाईंको भाँडो फर्काउँदा त्यसभित्र एउटा सानो भाँडो थियो कि ?" लोभी साहुले भन्यो, "थिएन तर तिमीले मेरो भाँडो लैजाँदा त्यो गर्भवती थियो । तिमीले फर्काउँदा त त्यसले बच्चा पाइसकेको रहेछ । तिमीले त्यसलाई बच्चासहित फर्काएको होइन ?"



नसरुद्दिन त्यस दिन केही नभनी फर्क्यो । केही हप्तापछि नसरुद्दिनकहाँ केही पाहुना आए । ऊ साहुबाकहाँ गयो र एउटा राम्रो भाँडो मागेर ल्यायो ।

हप्ता दिन बित्यो तर नसरुद्दिनले भाँडो फर्काएन । लगेकै भोलिपल्ट फर्काउने नसरुद्दिनले यसपालि किन फर्काएन ? साहुबालाई अचम्म लाग्यो र ऊ नसरुद्दिनकहाँ गयो ।

"नसरुद्दिन ! तिमीले मेरो सबभन्दा किमती भाँडो ल्याएको एक हप्ता भयो । फर्काएनौ नि ! किन ?" साहुबाले सोध्यो ।

"साहुबा ! बडो दुःखको कुरा भयो नि ! तपाईंको भाँडो त ल्याएकै भोलिपल्ट मऱ्यो नि ! यो कुरा म काजकिरिया गरिसकेपछि तपाईंलाई सुनाउँला भन्दै थिएँ । तपाईं आफैँ आइपुग्नुभयो ।"

नसरुद्दिनले शोकमा परेको जस्तो गर्दै साहुबालाई भन्यो ।

"बदमास !" साहुबा रिसाउँदै बोल्यो, "मलाई उल्लु भन्ठान्छौ ? त्यो भाँडो त चाँदीको थियो । भाँडो पनि कहीँ मर्छ ?"

"साहुजी !" नसरुद्दिनले पनि स्पष्ट आवाजमा भन्यो, "भाँडाले बच्चा जन्माउन सक्छ भने मर्न सक्दैन त ?"

साहुबा निरुत्तर भयो । ऊ केही नबोली घर फर्क्यो ।

## शब्दभण्डार

**१. तलका शब्दहरू प्रस्टसँग पढ्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| नसरुद्दिन | अत्यन्त | भोलिपल्टै | फर्काउँदा | गर्भवती |
| बच्चासहित | फर्क्यो | हप्तापछि | काजकिरिया | भन्ठान्छौ |

**२. शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| छिमेक | गर्भ बोकेकी |
| अतिथि | आफ्नो घर छेउछाउका घर |
| गर्भवती | उत्तर दिन नसक्ने; नाजबाफ |
| किमती | बहुमूल्य; महँगो |
| काजकिरिया | मरेपछि गरिने संस्कार |
| निरुत्तर | पाहुना |

**३. बच्चा जन्माउने भाँडो भन्ने पाठबाट तलका शब्दहरूको उस्तै अर्थ दिने शब्द खोज्नुहोस् :**

सम्पन्न : ................................ लालची : ................................

पाहुना : ................................ आश्चर्य : ................................

महँगो : ................................ पीडा : ................................

फटाहा : ................................ प्रस्ट : ................................

**४. बच्चा जन्माउने भाँडो भन्ने पाठबाट तलका शब्दहरूको उल्टो अर्थ दिने शब्द टिप्नुहोस् :**

गरिब : ................................ सानो : ................................

राम्रो : ................................ बाँच्छ : ................................

सुख : ................................ वन : ................................

## बोध र अभिव्यक्ति

**१. तलका वाक्यहरू पाठका कुन अनुच्छेदबाट टिपिएका हुन् ? पत्ता लगाउनुहोस् :**

| | |
|---|---|
| नसरुद्दिनले त्यो भाँडो भोलिपल्टै फर्कायो । | दोस्रो अनुच्छेद |
| बडो दुःखको कुरा भयो नि ! | ......................... |
| तिमीले फर्काउँदा त त्यसले बच्चा पाइसकेको रहेछ । | ......................... |
| त्यो भाँडो त चाँदीको थियो । | ......................... |
| साहुबा निरुत्तर भयो । | ......................... |
| साहुबालाई अचम्म लाग्यो । | ......................... |

**२. तलको अनुच्छेदमा पाठमा नपरेका वाक्यहरू चिनी रेखाङ्कन गर्नुहोस् :**

लोभी साहुले भन्यो, "त्यो बिरामी थिएन । तिमीले मेरो भाँडो लैजाँदा त्यो गर्भवती थियो । तिमीले फर्काउँदा त त्यसले बच्चा पाइसकेको रहेछ । त्यसको बच्चा सानो थियो । तिमीले त्यसलाई त्यसको बच्चासहित फर्काएको होइन ?"

**३. उत्तर भन्नुहोस् :**

(क) नसरुद्दिनको छिमेकी कस्तो थियो ?

(ख) नसरुद्दिनको सानो भाँडो कहाँ परेछ ?

(ग) साहुबालाई कुन कुरामा अचम्म लाग्यो ?

(घ) साहुबा नसरुद्दिनसँग किन रिसायो ?

(ङ) नसरुद्दिनले साहुबालाई कस्तो जबाफ दियो ?

**४. पाठबाट आधा अक्षर लागेका पन्ध्र ओटा शब्द लेख्नुहोस् :**

..................... ..................... ..................... ..................... .....................

..................... ..................... ..................... ..................... .....................

**५. पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

**६. उत्तर लेख्नुहोस् :**

(क) नसरुद्दिनले किन साहुबाको घरबाट भाँडो मागेर ल्यायो ?

(ख) साहुबाले नसरुद्दिनको सानो भाँडो किन फर्काएनन् ?

(ग) साहुबा किन नसरुद्दिनकहाँ गयो ?

(घ) साहुबाको भाँडो कस्तो थियो ?

(ङ) साहुबा किन केही नबोली घर फर्क्यो ?

**७. तपाईंलाई कसैले रू. १०००/- दिनुभयो । त्यो रकम राम्रा कामहरूमा मात्र खर्च गर्नु भन्नुभयो । अब तपाईंले त्यो रकम केकस्ता काममा खर्च गर्नुहुन्छ ? तपाईंले गर्ने काम र त्यसमा लाग्ने खर्चको सूची बनाउनुहोस् :**

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

## व्याकरण





**धनी** मान्छे



**लोभी** साहु



**ठूलो** भाँडा

**तीन ओटा** फूल    **दोस्रो** केटो    **थोरै** भात

१. **माथिका मोटा अक्षरले लेखिएका शब्दहरू विशेषण हुन्। विशेषणले नामका बारेमा थप जानकारी दिन्छ। माथिका विशेषणले पनि तिनका पछाडिका नामका बारेमा थप जानकारी दिएका छन्। अब तलका मोटा अक्षरमा लेखिएका विशेषणले कुन नामका बारेमा थप जानकारी दिएका छन्? बताउनुहोस्।**

(क) भाइले **राम्रो** कलम किन्यो।    (ख) **नयाँ** कार आयो।

(ग) तिमीले **अमिलो** अचार खाएनौ।    (घ) केटो **धनी** रहेछ।

(ङ) आज मैले **अग्लो** मान्छे देखेँ।    (च) हामी **सुखी** मान्छे हुन्छौँ।

२. **तलका नाम बदलेर विशेषण बनाउनुहोस्:**

| | | | | | |
|---|---|---|---|---|---|
| लोभ | ......लोभी...... | धन | .................... | दुःख | .................... |
| सुख | .................... | बल | .................... | भात | .................... |
| हिमाल | .................... | पहाड | .................... | धनकुटा | .................... |

## सामूहिक क्रियाकलाप

Õ कक्षाका सम्पूर्ण विद्यार्थीहरू पाँचदेखि सात जनासम्मको समूहमा विभाजित हुनुहोस् । अब प्रत्येक समूहले एउटा एउटा कथा तयार पार्नुपर्ने छ । कथा सकेसम्म लोभले लाभ र लाभले विलाप भएको विषयसँग गाँसिएको हुनुपर्ने छ । आफ्नो समूहले कुन कथा सुनाउने भनी छलफल गर्नुपर्ने छ । यसरी छलफल गरेर तयार पारेको कथा समूहको एक जनाले कक्षाका अरू साथीहरूलाई सुनाउनुपर्ने छ ।

Õ कक्षाका सात जना साथीको नाम लेख्नुहोस् । उनीहरूलाई कुन सिनेमा सबभन्दा मन पर्छ ? उनीहरूलाई नै सोधेर सिनेमाको नाम र तीन जना मुख्य पात्रको नाम पनि लेख्नुहोस् :

| साथीको नाम | सिनेमाको नाम | मुख्य पात्रहरू |
|---|---|---|
| | | |
| | | |

## सिर्जनात्मक लेखन

Õ हामीले पढ्ने थुप्रै कथाहरू हुन्छन् । यस्ता कथाका किताबहरू पुस्तक पसलहरूमा प्रशस्त पाइन्छन् । तपाईंको विद्यालयको पुस्तकालयमा पनि थुप्रै कथाका किताबहरू होलान् । तपाईंसँगै पनि केही किताबहरू होलान् । अब तपाईंले पढेकामध्ये तपाईंलाई सबभन्दा मन परेको कथाका बारेमा लेख्नुहोस् :

किताबको नाम : ..........................................................................

लेखकको नाम : ..........................................................................

प्रकाशकको नाम : ..........................................................................

पृष्ठ सङ्ख्या : ..........................................................................

मूल्य : ..........................................................................

मुख्य पात्रहरू : ..........................................................................

..........................................................................

पाठ ११

# साइकल









## पूर्वपठन






**õ साइकल र मोटरसाइकलमा पाइने छ ओटा मिल्ने कुराहरू लेख्नुहोस् :**

.............................. ........................... ..............................

.............................. .............................. ..............................

### शब्द र अर्थ

पाङ्ग्रा : चक्का; साइकललाई गुडाउने गोलो वस्तु

लोकप्रिय : जनप्रिय; सबैले मन पराएको

ओसारपसार : यताको सामान उता लाने, उताको सामान यता ल्याउने काम

मनोरञ्जन : मनलाई आनन्द दिने काम

आविष्कार : नयाँ नयाँ वस्तुको उत्पादन

रेस : दौड; कुदाइ

प्रदूषण : फोहोर

थकाइ : थाक्ने काम; गलाइ

पाइडल : साइकल गुडाउन खट्टाले बल लगाउने साधन

लोकप्रिय : जनप्रिय; सबैले मन पराएको

## सुनाइ र बोलाइ

**Õ तलको पाठ सुन्नुहोस् :**

ट्र्याक्टर इन्जिनबाट चल्ने यन्त्र हो । यो खेल जोत्न प्रयोग गरिन्छ । पहिला पहिला मान्छेहरू गोरु, राँगा लगाएर खेत जोत्थे । गोरु गाडामा सामान बोक्थे । केही आफैँ पनि पिठ्युँमा नाम्लो लगाएर भारी बोक्थे । अहिले मानिसहरू गोरु, राँगा कम पाल्न थालेका छन् । किसानहरू खेत जोत्न र मालसामान ओसार पसार गर्न ट्र्याक्टर प्रयोग गर्छन् । ट्र्याक्टर मुख्य गरी हाते र ठुलो गरी दुई किसिमका छन् । हाते ट्र्याक्टर सानो सानो हुन्छ । यसलाई हातले ठेल्दै जोत्न प्रयोग गरिन्छ । ठुलो ट्र्याक्टर खेतबारी जोत्न र मालसामान बोक्न प्रयोग गरिन्छ ।






**१. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) ट्र्याक्टर केबाट चल्छ ?

(ख) पहिला मानिसहरू कसरी जोत्थे ?

(ग) पहिला मानिसहरू के केमा सामान बोक्थे ?

(घ) अहिले किसानहरू ट्र्याक्टर के के कामका लागि प्रयोग गर्छन् ?

(ङ) ट्र्याक्टर मुख्य गरी कति किसिमका हुन्छन् ?

**२. हाते ट्र्याक्टर र ठुलो ट्र्याक्टरमा पाइने चार चार विशेषता बताउनुहोस् ।**

**३. यातायातको साधनले हामीलाई कसरी सजिलो बनाएको छ ? बताउनुहोस् ।**

# साइकल



तपाईँहरू सबैलाई साइकल भनेको के हो भन्ने कुरा थाहा होला । तपाईँहरूमध्ये धेरैलाई साइकल चलाउन आउँछ होला । तपाईँहरूमध्ये धेरैको घरमा साइकल होला । त्यसैले मलाई लाग्छ, तपाईँहरू सबैजसोलाई साइकलको बारेमा धेरै कुरा थाहा होला ।

साइकल दुई पाङ्ग्रे यातायातको साधन हो । यो सबैभन्दा लोकप्रिय र सस्तो यातायातको साधन हो । यो स्टिल, आल्मुनियम तथा रबर जस्ता विभिन्न वस्तुहरूबाट बनेको हुन्छ । यसको ह्यान्डिल, पाङ्ग्राहरू, बस्ने सिट, पाइडल, चेन र चेनस्पोकेटजस्ता विभिन्न भागहरू हुन्छन् । यसलाई अगाडि बढाउन यसको पाइडललाई खुट्टाले दबाउनुपर्छ ।

मुख्यतः साइकललाई एक ठाउँदेखि अर्को ठाउँसम्म आवतजावत गर्नको लागि प्रयोग गरिन्छ। यसको साथै यसलाई सरसामानहरू ओसारपसार गर्न पनि प्रयोग गरिन्छ। यसलाई मनोरञ्जनका लागि तथा रेस प्रतियोगिताको लागि पनि प्रयोग गरिन्छ । धेरै मोटो शरीर भएकाहरूले साइकललाई आफ्ना तौल घटाउन पनि प्रयोग गर्छन् । साइकलले अरू यातायातका साधनजस्तो धुँवा फाल्दैन, फोहोर पार्दैन र धेरै आवाज पनि निकाल्दैन। त्यसैले प्रदूषण कम गर्न पनि साइकलको

प्रयोग गर्ने चलन बढेको छ ।

साइकल आजकल संसारको सबैजसो देशमा पाइन्छ । यसको आविष्कार चाहिँ फ्रान्स भन्ने देशमा भएको हो । सन १७९० तिर फ्रान्सेली नागरिक कोम्टे डे सिभ्राकले संसारकै सबैभन्दा पहिलो साइकल बनाएका थिए । उनले बनाएको त्यो साइकल काठले बनेको थियो । त्यो साइकल बेग्लै र भद्दा थियो । अहिलेको छरितो र सजिलो साइकलको डिजाइन भने बेलायती नागरिकले सन् १८८५ मा बनाएका हुन् । तिनको नाम जे. के. स्टार्ली थियो । आजकल साइकलहरू विभिन्न आकार र विभिन्न डिजाइनमा देखिन्छन् ।

साइकलले मानिसको जीवनलाई धेरै सजिलो पारेको छ । यो मोटरसाइकल कार, बस, जहाजजस्तो महङ्गो हुँदैन । त्यसैले धनीगरिब सबैले यसलाई किन्न र प्रयोग गर्न सक्छन् । तैपनि यसका केही कमजोरीहरू छन् ।

यसलाई चलाउन बल लगाउनुपर्छ । त्यसैले यो धेरै समय चलाउँदा थकाइ लाग्छ । यो मोटरसाइकल वा कारजत्तिकै छिटो कुद्न सक्दैन । यो दुई पाङ्ग्राले चल्ने भएकाले राम्ररी चलाउन नजान्दा लडिन्छ र घाउचोट लाग्न सक्छ । कहिलेकाही त साइकलबाट लडेर मानिसहरू मर्छन् पनि ।



यसरी साइकलका धेरै फाइदा र केही बेफाइदाहरू भएको कुरा माथि उल्लेख गरिसकिएकै छ । त्यसैले साइकललाई होसियारपूर्वक प्रयोग गर्नुपर्छ ।

## शब्दभण्डार

१. **तलका शब्दहरू सुनेर लेख्नुहोस् :**

पाङ्ग्रे, यातायात, साधन, चेनस्पोकेट, ह्यान्डिल, पाइडल, प्रतियोगिता

२. **तल अर्थ छन् । ठिक शब्द छानेर लेख्नुहोस् र पढ्नुहोस् :**

...................... = चक्का; साइकललाई गुडाउने गोलो वस्तु

...................... = जनप्रिय; सबैले मन पराएको

...................... = साइकल गुडाउन खुट्टाले बल लगाइने साधन

...................... = दौड; कुदाइ

...................... = वातावरण दूषित हुनु

...................... = यताको सामान उता लाने, उताको सामान यता ल्याउने काम

...................... = मनलाई आनन्द दिने काम

...................... = बनाउने काम; नयाँनयाँ वस्तुको उत्पादन

...................... = थाक्ने काम; गलाइ

| |
|---|
| **पाङ्ग्रा, ओसारपसार, मनोरञ्जन, रेस, प्रदूषण, आविष्कार, पाइडल, थकाइ,** |

३. **छ ओटा यातायातका साधनका नाम लेख्नुहोस् :**

............................ ............................ ............................

............................ ............................ ............................

४. **तीन तीन ओटा नाम लेख्नुहोस् :**

| **(क) धुवाँ नफाल्ने यातायातका साधन** | **(ख) छिटो यातायातका साधन** | **(ग) सामान बोक्ने यातायातका साधन** |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |

## बोध र अभिव्यक्ति

**१. के तपाईंलाई साइकल कुदाउन आउँछ ? आउँछ भने तपाईंले कहिले र कसरी सिक्नुभयो ? साथीहरूलाई सुनाउनुहोस् ।**

**२. तलको अनुच्छेद मनमनै पढ्नुहोस् र कापीमा सार्नुहोस् :**

साइकल दुई पाङ्ग्रे यातायातको साधन हो । यो सबैभन्दा लोकप्रिय र सस्तो यातायातको साधन हो । यो स्टिल, आल्मुनियम तथा रबरजस्ता विभिन्न वस्तुहरूबाट बनिएको हुन्छ। यसका स्टेयरिङ, पाङग्राहरू, बस्ने सिट, पाइडल, चेन र चेनस्पोकेटजस्ता विभिन्न भागहरू हुन्छन् । यसलाई अगाडि बढाउन यसको पाइडललाई खुट्टाले दबाउनुपर्छ ।

**३. पाठ पढी ठिकबेठिक छुट्याउनुहोस् :**

(क) दुई पाङ्ग्रे साधनलाई रिक्सा भनिन्छ । ..................

(ख) साइकलको आविष्कार गर्ने कोम्टे डे सिभ्राक हुन् । ..................

(ग) छरितो र सजिलो साइकल डिजाइन गर्ने जे.के. स्टार्ली हुन् । ............

(घ) जे. के. स्टार्ली फ्रान्सेली नागरिक हुन् । ..................

(ङ) साइकल कुदाउन होस पुऱ्याउनुपर्दैन । ..................

**४. ठिक उत्तरमा चिनो लगाउनुहोस् :**

(क) साइकल कस्तो साधन हो ?

(अ) महङ्गो (आ) प्रदूषण गर्ने (इ) लोकप्रिय

(ख) पाइडलको काम के हो ?

(अ) साइकल गुडाउने (आ) साइकल राम्रो देखाउने

(इ) साइकल अड्याउने

(ग) साइकललाई केले रोक्छ ?

(अ) चक्काले (आ) ब्रेकले (इ) पाइडलले

(घ) साइकल अड्याउनेलाई के भनिन्छ ?

(अ) ह्यान्डिल (आ) चक्का (इ) स्ट्यान्ड

(ङ) पहिला आविष्कार गरेको साइकल केको थियो ?

(अ) आल्मुनियमको (आ) काठको (इ) फलामको

**५. उत्तर दिनुहोस् :**

(क) साइकल केबाट बनेको हुन्छ ?

(ख) साइकल कुन कुन कामका लागि प्रयोग गरिन्छ ?

(ग) साइकलका कमजोरीहरू के के हुन् ?

(घ) कार र साइकलमा पाइने पाँच पाँच ओटा फरक लेख्नुहोस् ।

(ङ) साइकल चलाउँदा किन होसियारी अपनाउनुपर्छ ?

**६. लामो उत्तर दिनुहोस् :**

(क) साइकल कस्तो हुन्छ ? आफूलाई लागेका कुरा लेख्नुहोस् ।

(ख) यातायातका अन्य साधनभन्दा साइकल कसरी फरक छ ?

## व्याकरण

**१. शुद्ध गरी लेख्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| साईकल | आल्मूनीयम | स्टील | ह्याण्डिल | शीट |
| चेनष्पोकेट | प्रदुषण | आबिस्कार | डिजाईन | रेश |

**२. तलका शब्दलाई छुट्याएर लेख्नुहोस् :**

धनीगरिब = धनी र गरिब देशविदेश = ..............................

| | | | | | |
|---|---|---|---|---|---|
| मानसम्मान | = | ............................ | चन्द्रसूर्य | = | ............................ |
| घामपानी | = | ............................ | मालसामान | = | ............................ |
| आवतजावत | = | ............................ | घरबारी | = | ............................ |

**३. तलका तालिकाबाट धेरै वाक्य बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| म<br>हामी<br>तँ<br>उनीहरू | खाजा खाएर<br>खाजा खान<br>कथा पढेर<br>कथा पढ्ने | घर विद्यालय | जान्छु / जाँदिनँ<br>जान्छौँ / जाँदैनौँ<br>जान्छस् / जाँदैनस्<br>जान्छन् / जाँदैनन् |

**४. पाठबाट तलका क्रियापद प्रयोग भएका वाक्य टिप्नुहोस् :**

सक्तैन, सक्छ, हुँदैन, हो, हुन्छन्, फाल्दैन, निकाल्दैन, लगाउनुपर्छ

**५. पाठबाट रेफ ( ` ) लागेका शब्द नदोहोऱ्याई लेख्नुहोस् :**

**६. तल दिइएका शब्द जोडिएका शब्द नदोहोऱ्याई पाठबाट खोजेर लेख्नुहोस् :**

लाई, मध्ये, को, बाट, ले, देखि, जसो, पूर्वक

**७. पाठमा थुप्रै अङ्ग्रेजीमा प्रयोग गरिने शब्द छन् । ती शब्द कापीमा टिप्नुहोस् । तीमध्ये पाँच ओटालाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

## सामूहिक क्रियाकलाप

**Õ तीन तीन जनाको समूह बनाउनुहोस् । अब हरेक समूहले तलको खाली ठाउँमा बढीभन्दा बढी यातायातका साधनहरूको नाम लेख्नुहोस् । गुरु/गुरुआमाले दिनुभएको समयभित्र कुन समूहले सबैभन्दा बढी नाम लेख्न सक्यो ? आफ्नो समूहले लेखेका नामहरू अन्य समूहलाई पनि सुनाउनुहोस् :**

| पानीमा चल्ने | जमिनमा चल्ने | आकाशमा उड्ने |
|---|---|---|
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |

õ कक्षाका साथीहरूलाई सोधी साइकल कुदाउन जान्ने र नजान्ने साथीहरूको सूची बनाउनुहोस् ।

## सिर्जनात्मक लेखन

õ तपाईँलाई मन पर्ने एउटा यातायातको साधनको चित्र बनाउनुहोस् । अब त्यस साधनका बारेमा ७५ शब्दसम्ममा वर्णन गर्नुहोस् :

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

पाठ
१२

# हाम्रा पोसाकहरू









## पूर्वपठन

Õ तलका पोशाक र गरगहनाहरूको नाम लेख्नुहोस् :


...........................


...........................


.........................


...........................


...........................


.........................


...........................


...........................


.........................


...........................


...........................


.........................

## शब्द र अर्थ

| | | |
|---|---|---|
| आविष्कार | : | नयाँ कुरा बनाउने काम |
| वार्षिकोत्सव | : | संस्थाको स्थापना भएको तिथिमिति मिलाएर मनाइने उत्सव |
| संस्कृति | : | एक राष्ट्र वा जातिको सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप |
| लेहेङ्गा | : | एक प्रकारको पोसाक |
| बक्खु | : | मोटो उनी कपडाको लामो कोट जस्तो वस्त्र |
| पाङ्देन | : | शेर्पा जातिका महिलाले पिठ्युँमा लगाउने विशेष वस्त्र |
| कछाड | : | गुरुङ, मगर, धिमाल, कुमाल, जातिका पुरुषले लगाउने छोटो धोती |
| हाकुपटासी | : | नेवार जातिका महिलाले लगाउने एक प्रकारको गुन्यु |
| फरिया | : | एक किसिमको परम्परागत सारी |
| कमिज | : | पुरुषहरूले कम्मरमाथि लगाउने एक प्रकारको वस्त्र |
| बोना | : | धिमाल जातिका महिलाले कम्मरमुनि लगाउने वस्त्र; पेटानी |

## सुनाइ र बोलाइ

### Õ तलको पाठ सुन्नुहोस् :

मानिसहरू सुरु सुरुमा लुगा लगाउँदैन थिए । मान्छेले जाडो, गर्मी, घाम, पानीबाट बच्न अनेक उपायहरू खोज्न थाले । सुरुमा मान्छेले रुखका ठुला ठुला पात र बोक्राहरू बेरेर हिँड्न थाले । यसले घाम र पानीबाट बच्न चिसो र तातोबाट बच्न सहयोग गऱ्यो । पछि पछि जनावरहरू मारेर जनावरको छाला बेरेर हिँड्न थाले ।

मान्छेहरू एक ठाउँबाट अर्को ठाउँमा जाँदा वातावरण पनि परिवर्तन हुन्थ्यो । यस्तो बेलामा शरीरमा बेरिएका वस्तुले सहयोग पुऱ्याउँथ्यो । मान्छेले सोच्दै र विचार गर्दै गयो । पातको बनोट र जाली बेरेर लुगा बनाउन सकिने कुरा सोच्न थाल्यो । जङ्गलमा माकुराले बुनेको जाली देखेर त लुगा कपडा बनाउन सकिने कुरा कल्पना गऱ्यो ।

त्यसै गरी मान्छेले अनेक कुरा विकास गर्दै जाँदा लुगा बनाउन सिक्यो । आज देश, ठाउँ, वातावरणअनुसार मानिसहरू फरक फरक लुगा लगाउँछन् ।

**१. पाठमा नभएका वाक्य पत्ता लगाउनुहोस् :**

(क) मानिसहरू सुरु सुरुमा लुगा लगाउँदैन थिए ।

(ख) पछि पछि जनावरहरू मारेर जनावरको मासु लगाएर हिँड्न थाले ।

(ग) जङ्गलमा माकुराले बुनेका जालो देखेर त लुगा कपडा बनाउन सकिने कुरा कल्पना गऱ्यो ।

(घ) आज देश, ठाउँ, वातावरणअनुसार मानिसहरू फरक फरक लुगा लगाउँछन् ।

(ङ) आज पनि लुगा नलगाई हिँड्ने चलन छ ।

**२. तपाईँ किन लुगा लगाउनुहुन्छ ? बताउनुहोस् ।**

**३. तपाईँलाई केकस्ता लुगाहरू मन पर्छन् ? सुनाउनुहोस् ।**

## हाम्रा पोसाकहरू

आज विद्यालयको वार्षिकोत्सव । विद्यालयले सबै विद्यार्थीलाई आज राष्ट्रिय पोसाकमा आउने निर्देशन दिएको छ । त्यसैले विद्यार्थीहरू आफ्नो जाति र संस्कृतिअनुसारका पोसाकमा आएका छन् । यस्तैमा मधुरिमा र पासाङफुटीको भेट हुन्छ ।

पासाङ : ओहो मधुरिमा ! तिम्रो लुगा कस्तो राम्रो ! तिमीले लाएका लुगालाई के भनिन्छ ?

मधुरिमा : लेहेङ्गा चोली भनिन्छ पासाङ ! तिमीले पनि आज असाध्यै राम्रो लुगा लगाएकी छ्यौ । तिम्रो लुगालाई चाहिँ के भनिन्छ नि ?

पासाङ : बक्खु भनिन्छ । यो पछाडिको कपडालाई चाहिँ पाङ्देन भनिन्छ । लौ हेर त मधुरिमा ! साथीहरूले कति राम्रो पोसाक लगाएका ! त्यो दौरा सुरुवाल, इस्टकोट र टोपी लगाउने चाहिँ को हो नि ?

मधुरिमा : ल तिमी पनि । त्यो त हाम्रै कक्षामा पढ्ने दीपक हो । दीपकसँगै आउने लोजकले लगाएको कपडाको नाम तिमीलाई थाहा छ ?

पासाङ : लोजकले कम्मरमुनि बेरेको कपडालाई कछाड भनिन्छ । कछाड नेपालको गुरुङ, मगर, धिमाल, कुमाल जातिले लगाउने परम्परागत पोसाक हो ।

मधुरिमा : तिमीलाई त पोसाकको बारेमा धेरै थाहा रहेछ । राजमतीले लगाएको कपडाको बारेमा पनि तिमीलाई थाहा होला कि ?

पासाङ : हेर मधुरिमा ! मलाई नेपालका पहाडतिरका मान्छेले लगाउने पोसाकको बारेमा अलि अलि थाहा छ । राजमतीले लगाएको त्यस पोसाकलाई हाकुपटासी भनिन्छ । हाकुपटासी भनेको कालो रङको गुन्यु हो । यसको पारी चाहिँ रातो हुन्छ । हाकुपटासी काठमाडौँका नेवार जातिका महिलाहरूले लगाउँछन् । यो घरेलु तानबाटै बनाइएको हुन्छ ।

मधुरिमा : उः परकी कक्षा ७ की रिता दिदीले त अर्कै खालको सारी र चोली पो लगाउनुभएको छ त !

पासाङ : तेी दिदीको सारीलाई फरिया भनिन्छ । चोलो चाहिँ चार ठाउँ बाँध्ने तुना भएको चौबन्दी चोलो हो । (एक जनालाई नियाल्दै) मधुरिमा ! त्यो रुखमुनि उभिने अभय होइन ? अभयले लगाएको लुगाको नाम त मैले जानिनँ । तिमीलाई थाहा छ कि ?

मधुरिमा : त्यो तराईतिरका मान्छेले लगाउने धोती र कमिज हो । तराईमा बढी गर्मी हुन्छ । त्यसैले त्यहाँका मान्छेले यस्तै हलुका र पातला कपडा लगाउँछन् ।

पासाङ : लौ हेर त बुधनालाई ! त्यसले कस्तो सुहाउँदिलो कपडा लगाएकी ? बुधनाले लगाएको पोसाकलाई बोना भन्दछन् । बोना कालो रङको एक प्रकारको लुङ्गी हो । यसमा रातो वा पहेँलो ससाना धर्का हुन्छन् । यो पोसाक धिमाल जातिका महिलाले लगाउँछन् । बोनालाई पेटानी पनि भनिन्छ ।


यत्तिकैमा कार्यक्रम सुरु हुने बेला हुन्छ । माइकबाट सबैलाई कार्यक्रम हलमा जान अनुरोध गरिन्छ । विभिन्न थरीका नेपाली पोसाक लगाएका विद्यार्थीहरू हलतिर लाग्छन् । पासाङफुटी र मधुरिमा पनि कुरा गर्दै हलतिर जान्छन् ।

## शब्दभण्डार

**१. तलका शब्द र तिनका अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| वार्षिकोत्सव | मोटो उनी कपडाको लामो कोट जस्तो वस्त्र |
| संस्कृति | एक प्रकारको पोसाक |
| लेहेङ्गा | शेर्पा जातिका महिलाले पिठ्युँमा लगाउने विशेष वस्त्र |
| बक्खु | एक राष्ट्र वा जातिको सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप |
| पाङ्देन | गुरुङ, मगर, धिमाल, कुमाल, जातिका पुरुषले लगाउने छोटो धोती |
| कछाड | संस्थाको स्थापना भएको तिथिमिति मिलाएर मनाइने उत्सव हाकुपटासी धिमाल जातिका महिलाले कम्मरमुनि लगाउने वस्त्र; पेटानी फरिया एक किसिमको परम्परागत सारी |
| कमिज | पुरुषहरूले कम्मरमाथि लगाउने एक प्रकारको वस्त्र |
| बोना | नेवार जातिका महिलाले लगाउने एक प्रकारको गुन्यु |

**२. तलका चित्र हेरेर र तिनका नाम लेख्नुहोस् :**


......................


......................




......................





............

.........  ......................  ......................

......................  ......................  ......................

३. तपाईंले जानेका तर तपाईंका केही साथीले नजानेका पाँच ओटा परम्परागत वस्तुहरूको नाम लेख्नुहोस् । तपाईंले लेखेका शब्दहरू कक्षामा सुनाउनुहोस् । ती वस्तुका बारेमा साथीलाई थाहा नभए वर्णन गर्नुहोस् ।

## बोध र अभिव्यक्ति

**१. साथीसँग मिली माथिको संवाद पढ्नुहोस् ।**

**२. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| वार्षिकोत्सव | राष्ट्रिय | निर्देशन | संस्कृति | लेहेङ्गा |
| बक्खु | असाध्यै | पाङ्देन | गर्मी | इस्टकोट |
| कम्मरमुनि | परम्परागत | गुन्यु | चौबन्दी | लुङ्गी |

**३. तलको वाक्य कसले भनेको हो ? बताउनुहोस् :**

(क) तिमीले पनि आज असाध्यै राम्रो लुगा लगाएकी छ्यौ ।

(ख) लौ हेर त मधुरिमा ! साथीहरूले कति राम्रो पोसाक लगाएका ?

(ग) तिमीलाई त पोसाकका बारेमा धेरै थाहा रहेछ ।

(घ) हाकुपटासी काठमाडौँका नेवार जातिका महिलाहरूले लगाउँछन् ।

**४. तलका वाक्यलाई १, २, ३, को क्रममा राखी एउटा अनुच्छेद बनाउनुहोस् :**

(......) यसमा रातो वा पहेँलो ससाना धर्का हुन्छन् ।

(......) बोनालाई पेटानी पनि भनिन्छ ।

(......) बुधनाले लगाएको पोसाकलाई बोना भन्छन् ।

(......) यो पोसाक धिमाल जातिका महिलाले लगाउँछन् ।

(......) बोना कालो रङको एक प्रकारको लुङ्गी हो ।

**५. के भनिन्छ ? बताउनुहोस् :**

(क) गुरुङ, मगर, धिमाल, कुमाल, जातिका पुरुषले कम्मरमुनि
छोटो धोती जस्तै बेरेर लगाउने पोसाक ......................

(ख) काठमाडौँका नेवार जातिका महिलाले लगाउने रातो पारी भएको कालो रङको गुन्यु ......................

(ग) धिमाल जातिका महिलाले लगाउने एक प्रकारको लुङ्गी ......................

**६. पासाङफुटीको चौथो संवाद सफा अक्षरमा कापीमा सार्नुहोस् ।**

**७. पाठमा प्रयोग भएका आठ ओटा पोसाकको नाम लेख्नुहोस् :**

......................... ......................... ......................... .........................

......................... ......................... ......................... .........................

**८. तलको पाठमा ठिक ठाउँमा ठिक चिह्न राखी पुनर्लेखन गर्नुहोस् :**

ती दिदीको सारीलाई फरिया भनिन्छ चोलो चाहिँ चार ठाउँमा बाँध्ने तुना भएको चौबन्दी चोलो हो एक जनालाई नियाल्दै मधुरिमा त्यो परको रुखमुनि उभिने अभय होइन अभयले लगाएको लुगाको नाम त मैले जानिनँ तिमीलाई थाहा छ कि

**९. खाली ठाउँमा मिल्ने वाक्य राखी तलको संवाद पूरा गर्नुहोस् :**

(क) नमस्ते नरहरि दाजु !

(ख) ..........................................................................................

(क) दाजुलाई नै भेटौँ भनेर आएको नि ।

(ख) ..........................................................................................

(क) मलाई एकछिन खुकुरी चाहिएको थियो । दाजुसँग छ कि भनेर माग्न आएको ।

(ख) खुकुरी त छ तर त्यति धारिलो छैन । काम चल्छ भने लैजाऊ ।

(क) ..........................................................................................

**१०. तपाईंलाई मन पर्ने पोसाकका बारेमा चालिसपचास शब्द लेख्नुहोस् ।**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## व्याकरण

एकपटक एक जना चित्रकार नेपोलियनलाई भेट्न गए । चित्रकारले नराम्रो र फोहोर लुगा लगाएका थिए । त्यसैले नेपोलियनले उनलाई आदर गरेनन् । बरु अलि पर बसाले ।

चित्रकार र नेपोलियनको कुराकानी भयो। कुराकानीका क्रममा नेपोलियनले तिनी कुशल चित्रकार रहेछन् भनी थाहा पाए । केही बेरमा ती चित्रकारले बिदा मागे । नेपोलियन उनलाई बिदा गर्न उनीसँगै ढोकासम्मै आए र हात

मिलाए ।

ती चित्रकारलाई नेपोलियनको यस किसिमको व्यवहार अनौठो लाग्यो । त्यसैले उनले सोधिहाले "म सुरुमा आउँदा तपाईंले मलाई लगभग बेवास्ता गर्नुभयो । मलाई छेउमा समेत बस्न दिनुभएन । अहिले भने मसँगै मेरो हात समाएर यहाँसम्म आउनुभयो । मैले यसको कारण बुझिनँ नि सम्राट् ?"

नेपोलियनले मुस्कुराउँदै चित्रकारलाई जबाफ दिए, "हेर्नुहोस् चित्रकारजी ! सुरुमा मान्छेको जुन आदर हुन्छ, त्यो उसको पोसाकका आधारमा हुन्छ । जाने बेलामा जुन आदर हुन्छ त्यो उसको गुणका आधारमा हुन्छ ।"

**१. माथिको पाठ पढी निम्न शब्द लागेका वाक्य सार्नुहोस् :**

पटक : ....................................................................................

सँगै : ....................................................................................

सम्म : ....................................................................................

र : ....................................................................................

समेत : ....................................................................................

**२. तलका नामयोगी प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :**

तिर : ....................................................................................

पट्टि : ....................................................................................

सित : ....................................................................................

बिना : ....................................................................................

भन्दा : ....................................................................................

## सामूहिक क्रियाकलाप

õ **तपाईँका सात जना साथीको नाम लेख्नुहोस्। उनीहरूलाई मनपर्ने पोसाक, खाना र पर्वको नाम सोधेर लेख्नुहोस् :**

| क्र.सं. | साथीको नाम | मन पर्ने पोसाक | मन पर्ने खाना | मन पर्ने पर्व |
|---|---|---|---|---|
| १. | ..................... | ..................... | ..................... | ..................... |
| २. | ..................... | ..................... | ..................... | ..................... |
| ३. | ..................... | ..................... | ..................... | ..................... |
| ४. | ..................... | ..................... | ..................... | ..................... |
| ५. | ..................... | ..................... | ..................... | ..................... |

õ **कक्षाका सम्पूर्ण विद्यार्थीहरू छ समूहमा विभाजित हुनुहोस् । अब हरेक समूहले तलका मध्ये कुनै एक विषयमा छलफल गर्नुहोस् । समूहमा छलफल भएको कुरा समूहका एक जनाले साथीहरूलाई बताउनुहोस् :**

(क) नेपालमा मनाइने चाडपर्वहरू

(ख) पानी

(ग) हाम्रो विद्यालयमा खेलिने खेलकुद

(घ) कम्प्युटर


(ङ) वनजङ्गलका फाइदाहरू

## सिर्जनात्मक लेखन

Õ कम्तीमा पाँच किसिमका पहिरनको चित्र बनाउनुहोस् । चित्र बनाउन नसके कतैबाट त्यस्ता पहिरनको तस्बिर खोजेर टाँस्नुहोस् र तिनका नाम पनि लेख्नुहोस् ।

पाठ १३


# राजा मूर्ख भएपछि







## पूर्वपठन



õ **माथिको दृष्यका आधारमा एउटा कथा सुनाउनुहोस् ।**

õ **बाघ र बटुवामा को बढी मूर्ख होला ? छलफल गर्नुहोस् ।**

### शब्द र अर्थ

| | | | | | |
|---|---|---|---|---|---|
| बिन्ती | : | अनुरोध; अनुनय | भेष | : | रूप |
| लगाम | : | घोडा नियन्त्रण गर्ने डोरी | पैयाँ | : | घोडाको दगुर्ने किसिम |
| मामुली | : | सामान्य | सकार्नु | : | स्विकार्नु |
| करामत | : | कमाल | उच्चारण | : | बोल्नु |
| मर्जी | : | हुकुम | | | |

## सुनाइ र बोलाइ

### Õ तलको पाठ राम्ररी सुन्नुहोस् :

एकदिन राजाले आफन्तीलाई भन्यो, "आफन्ती, बगैँचामा जाऊ र गुलिया स्याउहरू ल्याऊ ।"

आफन्ती बगैँचामा गयो र स्याउ टिप्दै चाख्न थाल्यो । केही छिनमै उसले पाँच दश दाना गुलिया स्याउहरू जम्मा गऱ्यो । आफूले जम्मा गरेका स्याउहरू राजालाई लगेर दियो ।

"आफन्ती, कस्तो स्याउ ल्याएको ? किन यी स्याउहरू आधी आधी मात्र छन् ?" राजा आफन्तीले ल्याएका स्याउहरू हेर्दै करायो ।

"सरकार ! हजुरले गुलिया स्याउ मात्र ल्याउनू भन्नुभएको होइन ? मैले सबै स्याउ चाखेर ल्याएको छु । सबै गुलिया छन् । खाएर त हेर्नुहोस् ।"

आफन्तीको कुराले राजा जिल्ल पऱ्यो । उसले ती स्याउहरू न फ्याक्न सक्यो न त खान नै ।

**१. तलका प्रश्नहरूको उत्तर मौखिक रूपमा दिनुहोस् :**

(क) राजाले आफन्तीलाई कस्ता स्याउहरू ल्याउन अह्राए ?

(ख) आफन्तीले बगैँचामा गएर किन स्याउ चाख्न थाले ?

(ग) राजाले आफन्तीलाई किन कराए ?

(घ) राजाले स्याउ ल्याउने आफन्तीलाई किन कुनै कर्वाही गर्न सकेनन् ?

(ङ) राजाले किन स्याउ फ्याँक्न सकेनन् ?

**२. पाठका आधारमा तपाईँलाई आफन्ती कस्तो मान्छे लाग्यो ? बताउनुहोस् ।**

**३. राजाले आफन्तीलाई कसरी काम अह्राउनुपर्ने थियो ? बताउनुहोस् ।**

**४. तपाईँले सुनेको कुनै रमाइलो कथा सुनाउनुहोस् ।**


# राजा मूर्ख भएपछि

आफन्तीको बुद्धि र चलाखीबारे जतातत्तै कुरा चल्न थालेपछि छिमेकी मुलुकको राजाले आफ्ना मन्त्रीहरूलाई बोलाएर हाँस्दै यसो भन्यो, “तिमीहरूले आफन्ती भन्ने मान्छेको बारेमा केही सुनेका छौ ? उसले त्यहाँका राजालाई जहिले पनि मूर्ख साबित गरिछाड्छ रे, हो ?”

मन्त्रीहरूले एकै स्वरमा बिन्ती चढाए, “हो सरकार, ऊ त्यहाँका राजालाई हरेक कुरामा मूर्ख साबित गरिदिने गर्छ । ऊ त साँच्चै नै तिखो बुद्धिको छ, बेजोडको छ रे ।”

“के रे ? त्यस्तो मामुली मान्छेले राजाजस्तालाई मूर्ख बनाउन कसरी सक्ला ? के त्यसले मेरो अगाडिसमेत आफ्नो करामत गरी देखाउन सक्ला त ?” “हो सरकार, सरकारबाट ठिक मर्जी भो ।” मन्त्रीहरूले सही थापे ।

आफ्ना मन्त्रीहरूले यस्तो कुरा गरेपछि राजालाई आफ्ना मन्त्रीहरूलाई आफू चानचुने होइन भनी देखाउन रहर लाग्यो । त्यसको भोलिपल्टै ऊ आफन्तीको मुलुकमा भेष बदलेर आफन्तीलाई मामुली मान्छे मात्र हो भनी साबित गरिदेखाउन हिँड्यो ।



आफन्तीको मुलुकमा पुग्नेबित्तिकै राजाले खेतमा काम गरिरहेको एक जना मान्छेसँग सोध्यो,“ए भाइ, तिमीले आफन्तीलाई चिनेका छौ ? ऊ सारै तिखो बुद्धिको छ भन्थे । ऊ साँच्चै कतिको रहेछ हेरूँ भनेर आएको ।”

राजाको कुरा सुनेपछि आफन्तीले बिस्तारै भन्यो, “ए आफन्ती भन्ने मै हुँ । अब मैले तपाईंको के सेवा गरूँ, भन्नुस् त ।”

ल आफन्ती भन्ने तिमी नै रहेछौ, हैन त ? तिमी त राजालाई जहिले पनि मूर्ख बनाइहिँड्छौ रे, होइन ?

तर तिमीले मलाई झुक्याउन सक्दैनौ । यस्तो कुरा सपनामा पनि चिताउनुपर्दैन । कसो !"

आफन्तीले सजिलै गरी भन्यो, "किन नसक्नु, सकिहाल्छु नि ? तर एउटा कुरा के भने अहिले अरूलाई मूर्ख बनाउने अक्किलहरू लेखिएको मेरो किताब यहाँ मसित छैन, घरमा राखेको छु । म तुरुन्तै लिएर आउँछु, अनि म तपाईंलाई मूर्ख साबित गरेरै देखाउँछु, त्यतिन्जेल भने तपाईंले कुर्नुपर्छ, हुन्छ ?"

"हुन्छ, लिएर आऊ, म यहीँ बसिरहन्छु ।" राजाले फुर्तीसाथ भन्यो ।

"त्यसो भए म अहिले नै गएँ । छिटो फर्कन के म यहाँको घोडा लिएर जान सक्छु त ? त्यसो भयो भने तपाईंले धेरै बेर कुरिरहनु पर्ने छैन ? मेरो किताब ल्याएपछि म तपाईंलाई हदसम्मको मूर्ख साबित गरी देखाइछाड्छु ।" आफन्तीले बडो शिष्ट पाराले यति कुरा भन्यो ।

आफन्तीको कुरा सुनिरहेको राजा रिसले भित्रभित्र मुर्मुरिँदै आफन्तीका हातमा "लौ छिट्टै फर्किनू" भनेर आफ्नो घोडाको लगाम थमाइदियो । लगाम हातमा पर्नेबित्तिकै आफन्ती घोडालाई पैयाँ ठोकाउँदै त्यहाँबाट अल्पियो ।

सुरुमा त राजाले आफन्ती तुरुन्तै फर्किहाल्ला भनी कुरिरह्यो । आफन्ती तुरुन्तै नआएपछि राजा झन् झन् रिसाउँदै उसको बाटो हेरिरह्यो । साँझ पऱ्यो तर आफन्ती भने आउँदै आएन । त्यसपछि भने राजाले आफ्नो अनुहार लाजले रातो पार्दै आफूलाई आफन्तीले मूर्ख बनाएर हिँडेको कुरा मनमनै सकार्न थाल्यो ।

यसरी घोडा चढेर त्यहाँ आइपुगेको राजा लुखुरलुखुर हिँडेर आफ्नो मुलुकतिर फर्क्यो । उसले आफन्तीद्वारा आफूलाई मूर्ख बनाएको कुरा आफ्ना मन्त्रीहरूलाई मात्र होइन कसैलाई पनि सुनाएन र आफन्तीको नाउँको 'आ' सम्मको पनि कहिल्यै उच्चारण गरेन ।

## शब्दभण्डार

**१. तलका शब्द पाठमा हेरेर शुद्ध गरेर लेख्नुहोस् र पढ्नुहोस् :**

चलाकि, मुर्ख, बेजोड, भेश, अकील, सिष्ट, उचारण

**२. तलका शब्दका अर्थ मुनि रेखाङ्कन गर्नुहोस् र पढ्नुहोस् :**

| | | | |
|---|---|---|---|
| बिन्ती | - | अनुरोध | आराम |
| लगाम | - | ~~घोडाको~~ डोरी | बिजोर |
| मामुली | - | मानिस | सामान्य |
| करामत | - | कलम | कमाल |
| मर्जी | - | हुकुम | मन |
| भेष | - | भेट | रूप |
| पैयाँ | - | घोडाको दगुर्ने किसिम | पैँसाठी |
| सकार्नु | - | सिकाउनु | स्विकार्नु |
| उच्चरण | - | बोल्नु | उकास्नु |

**३. तलका शब्दको उल्टो अर्थ आउने शब्द आफैँ लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| विद्वान् | .................. | सपना | .................. |
| अल्छी | .................. | अन्त्य | .................. |
| अशिष्ट | .................. | बिहान | .................. |
| अर्काको | .................. | पछाडि | .................. |

**४. उस्तै अर्थ दिने शब्द सँगै लेख्नुहोस् :**

लाज, साबित, मामुली, करामत, रहर, अक्किल, मुलुक, शिष्ट
सामान्य, इच्छा, उपाय, देश, सभ्य, प्रमाणित, बहादुरी, सरम

**५. तलका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| छिमेकी मुलुक | मनमनै स्विकार्नु |
| मामुली मान्छे | छिमेकी देश |
| भेष बदलेर | चलाख बुद्धि |
| बाटो हेर्नु | सामान्य मान्छे |
| मनमनै सकार्नु | रूप बदलेर |
| तिखो बुद्धि | पर्खिनु; कुर्नु |

## बोध र अभिव्यक्ति

**१. राजा मूर्ख भएपछि भन्ने कथा पालैपालो पढ्नुहोस् ।**

**२. तलका शब्दहरू ध्यानपूर्वक हेर्नुहोस् र संयुक्त वर्ण लागेका शब्दमा रेजा लगाउनुहोस् :**

| | | |
|---|---|---|
| बुद्‌धि | विद्‌या | अङ्‌क |
| बुद्धि | विद्या | अङ्क |
| गद्‌य | द्‌वारा | पद्‌म |
| गद्य | द्वारा | पद्म |
| हात्ती | भक्त | लट्‌ठी |
| हात्ती | भक्त | लट्ठी |

**३. कसले भनेको हो ? लेख :**

(क) तिमीहरूले आफन्ती भन्ने मान्छेको बारेमा केही सुनेका छौ ? .........

(ख) ऊ त साँच्चै नै अत्यन्त तिखो बुद्धिको छ । ..................

(ग) ऊ साह्रै तिखो बुद्धिको छ भन्थे । ..................

(घ) अब मैले तपाईंको के सेवा गरूँ ? ..................

(ङ) त्यस्तो कुरा सपनामा पनि चिताउनुपर्दैन । ..................

(च) म यहाँको घोडा लिएर जान सक्छु त ? ..................

**४. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) छिमेकी मुलकका राजाले आफन्तीका बारेमा के सुने ?

(ख) मन्त्रीहरूले राजालाई कस्तो बिन्ती चढाए ?

(ग) खेतमा काम गरिरहेका मान्छेलाई राजाले के भने ?

(घ) राजा किन लुखुरलुखुर हिँडेर घर फर्किए ?

(ङ) राजाले किन आफन्तीको नाम लिन छाडे ?

**५. लामो उत्तर दिनुहोस् :**

(क) आफन्तीले राजालाई कसरी झुक्यायो ?

(ख) राजा मूर्ख नहुन राजाले के गर्नुपर्थ्यो ?

**६. पाठको पहिलो अनुच्छेद सुनेर लेख्नुहोस् । लेखिसकेपछि कहाँकहाँ त्रुटि भयो ? किताब हेरेर सच्याउनुहोस् :**

**७. तलको छोटो अनुच्छेद पढ्नुहोस् र त्यस्तै गरी कुनै एक विषयमा अनुच्छेद लेख्नुहोस् :**

**गाई**

गाई घरपालुवा जनावर हो । गाईका चार ओटा खुट्टा हुन्छन् । एउटा पुच्छर हुन्छ । पुच्छर लामो हुन्छ । गाईका दुई ओटा सिङ हुन्छन् । गाईका दुई ओटा कान हुन्छन् । गाईको मुख हुन्छ । गाईको मुख सबैभन्दा अगाडि हुन्छ । गाईले दुध दिन्छ । गाईको दुध पोसिलो हुन्छ । गाईका बच्चालाई बाछाबाछी भनिन्छ ।

(क) बिरालो (ख) घोडा (ग) खरायो (घ) हात्ती

## व्याकरण

**१. पाठ पढी तलका क्रियापद प्रयोग भएका वाक्य लेख्नुहोस् :**

सुनेका छौं, चढाए, थापे, हिँड्यो, भन्यो, राखेको छु , गएँ, फर्क्यो

**२. तपाईंले लेखेका वाक्य कुन कुन कालका हुन् ? लेख्नुहोस् ।**

**३. तलका वाक्यमा सही चिह्न राख्नुहोस् :**

(क) म घरमा बस्छु

(ख) तिमी कहिले आयौ

(ग) रामले भन्यो, आज बुबा आउनुहुन्छ

(घ) राम सीता गोपाल र अनिता स्कुल आएनन्

(ङ) तिमी पनि जाने र

**४. तलका शब्दको स्त्रीलिङ्गी रूप लेख्नुहोस् :**

राजा, गोरु, पाडो, पुरुष, भाले, सानो, फुच्चे, अग्लो, छुच्चो, बाठो

**५. जोडा मिलाऊ :**

| | |
|---|---|
| पूर्णविराम चिह्न | ! |
| अल्पविराम चिह्न | । |
| विस्मयादिबोधक चिह्न | ( ) |
| प्रश्नवाचक चिह्न | “ ” |
| उद्धरण चिह्न | , |
| कोष्ठक चिह्न | ? |

**६. तलका विशेषण शब्दलाई तालिकामा मिल्ने गरी भर्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| कालो | दुब्लो | दश | यो | धेरै | होचो |
| थोरै | त्यो | पचास | अलिकति | तितो | त्यस्तो |

| | | | | | |
|---|---|---|---|---|---|
| सय | विद्वान् | ती | बिस | थुप्रै | यी |
| हजार | निकै | यति | दोस्रो | मोटो | उस्तो |

| गुण बुझाउने विशेषण | परिमाण वा मात्रा बुझाउने विशेषण | सङ्ख्या बुझाउने विशेषण | सङ्केत बुझाउने विशेषण |
|---|---|---|---|
| | | | |

## सामूहिक क्रियाकलाप

õ **दुई दुई जनाको समूह बनाउनुहोस् । अब तलका शब्दहरूबाट बढीभन्दा बढी वाक्य बनाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| भाइ | बहिनीले | जिस्कायौँ | तिमी | घर |
| स्वेटर | हुनुभयो | भाग्यमानी | किताब | गयो |
| किनी | हामीले | आमा | हिमाल | ऊ |
| खान्छन् | रहेछौ | बिरामी | म | खाना |
| बुन्नुभयो | उनीहरू | चढ्छु | दिदीले | |
| | साथीलाई | | | |

## सिर्जनात्मक लेखन

õ **तपाईंलाई मन पर्ने कुनै कथा सय शब्दमा लेख्नुहोस् । त्यस कथाको शीर्षक पनि राख्नुहोस् :**

..........................................................................................

..........................................................................................


पाठ १४


# यातायातका साधनको महत्त्व










# पूर्वपठन





................................ ................................ ................................






................................ ................................ ................................





................................ ................................ ................................

**õ माथिका यातायातका साधनहरूका नाम लेख्नुहोस् ।**

## शब्द र अर्थ

| | | | | | |
|---|---|---|---|---|---|
| यातायात | : | आवतजावत; आवागमन | वायुयान | : | हवाईजहाज |
| सभ्यता | : | विकास | साकार रूप | : | वास्तविक रूप |
| स्लेज | : | हिउँमा मानिस वा जनावरले तानेर कुदाइने एक किसिमको साधन | अन्तरिक्ष | : | पृथ्वी र अरू ग्रहका बिचको खाली ठाउँ |
| आविष्कार | : | नयाँ वस्तुको उत्पादन | उपभोग | : | प्रयोग |
| ढुङ्गे युग | : | विकास नभएको युग, पुरानो युग | परिकल्पना | : | कुनै कुराको आविष्कार गर्नुभन्दा अगाडिको कल्पना |
| पन्डाल | : | पानीजहाजको दिशा मोड्न र हावाको गति पक्रन प्रयोग गरिने पर्दा | | | |

## सुनाइ र बोलाइ

**Õ तलको पाठ शिक्षकबाट सुन्नुहोस् :**










एक ठाउँदेखि अर्को ठाउँसम्म जान र सामानहरू ओसारपसार गर्न प्रयोग गरिने साधनलाई यातायातका साधन भनिन्छ । यातायातका अनेक किसिमका साधनहरू प्रचलनमा छन् । कुनै साधन पानीमा कुनै जमिनमा र कुनै आकाशमा प्रयोग गरिन्छन् ।

नौका, पानीजहाज, पनडुब्बी आदि पानीमा प्रयोग गरिने साधनहरू हुन् । त्यसै गरी रथ, गाडा, बस, कार, ट्रक, रेल, मोटरसाइकल, साइकल आदि जमिनमा प्रयोग गरिने यातायातका साधन हुन् । हवाईजहाज, हेलिकप्टर, रकेट आदि आकाशमा उड्ने यातायातका साधनहरू हुन् ।

यस्ता यातायातका साधनहरूले हाम्रो जीवनलाई धेरै सुविधा प्रदान गरेको छ ।

**१. माथिको सुनाइ पाठ सुनेर उत्तर भन्नुहोस् :**

(क) यातायातको साधन भनेको के हो ?

(ख) यातायातका साधन कहाँ कहाँ प्रयोग गर्दछन् ?

(ग) पानीमा प्रयोग हुने कुनै दुई साधनको नाम बताउनुहोस् ।


(घ) जमिनमा प्रयोग हुने कुनै पाँच साधनको नाम बताउनुहोस् ।

(ङ) आकाशमा उड्ने कुनै तीन यातायातका साधनको नाम भन्नुहोस् ।

**२. यातायातका साधनले हाम्रो जीवनलाई धेरै सुविधा प्रदान गरेको छ ? कसरी पुष्टि गर्नुहोस् ।**

**३. यातायातका साधनका बेफाइदा पनि छन् ? कुनै तीन बेफाइदा बताउनुहोस् ।**

# यातायातका साधन र यिनको महत्त्व



यातायात भनेको आवतजावत हो अर्थात् आउनेजाने कामलाई यातायात भनिन्छ । यातायातका साधन भनेको चाहिँ मानिस वा वस्तुलाई एक ठाउँबाट अर्को ठाउँसम्म ओसारपसार गर्न प्रयोग गरिने साधनहरू हुन् । यातायातका साधनहरू अनेक किसिमका हुन्छन् । यस्ता साधनहरूको निर्माण र प्रयोगले मानव सभ्यतामा महत्वपूर्ण भूमिका खेलेको छ ।





यातायातका साधनहरूलाई प्रयोग र प्रकृतिका दृष्टिले मोटामोटी रूपमा तीन प्रकारमा बाँड्न सकिन्छ । ती हुन्- जल यातायात, स्थल यातायात र हवाई यातायात । नदी, ताल र समुद्रहरूमा सञ्चालन गरिने यातायातका साधनहरूलाई जल यातायातका साधन भनिन्छ । डुङ्गा, पानीजहाज, पनडुब्बी, स्टिमर, फेरी आदि यस प्रकारका यातायातका साधनहरू हुन् । पाङ्ग्रा, लिक तथा खुट्टाका सहायताले जमिनमा चल्ने साधनहरू स्थल यातायातका साधन हुन् । रथ, बयल गाडा, रिक्सा, साइकल, स्कुटर, कार, बस, ट्रक, रेल आदि स्थल यातायातसँग सम्बन्धित छन् । यस प्रकारका यातायातका लागि घोडा, खच्चर, गधा, उँट, याक, कुकुर जस्ता प्राणी पनि प्रयोग गरिन्छन् । आकाश वा वायुमार्गमा सञ्चालन गरिने

यातायातका साधनहरू चाहिँ हवाई यातायातका साधन हुन् । हवाईजहाज, हेलिकोप्टर, प्यारा ग्लाइडर, रकेट आदि यस प्रकारका यातायातका साधन हुन् । यसदेखि बाहेक पनि पाइप वा ढ्वाङमा चल्ने, तार वा डोरीमा चल्ने यातायातका साधन पनि हुन्छन् । आजकल त कतिपय साधनहरू जमिनमा, पानीमा र आकाशमा तीनै क्षेत्रमा सञ्चालन हुन सक्ने किसिमका पनि आविष्कार गरिएका छन् ।


यातायातका साधनको रूपमा पहिलेका मानिसहरूले मानिस तथा पशुहरूको सहायताले घिसारेर तान्ने गाडाजस्ता साधनहरू प्रयोग गर्थे । पछि तिनमा चक्का राखेपछि गुडाउने गाडाको आविष्कार भयो । यस क्रममा विभिन्न जनावरहरू नै यातायातका साधनको रूपमा प्रयोगमा आयो । रथ, साइकल, रिक्साजस्ता साधनको विकास भएपछि सडकको विकास र विस्तार हुन थाल्यो ।

यसै क्रममा कारलगायतका आधुनिक साधनहरूको आविष्कार हुन पुग्यो । उता जल यातायातको सुरुवात पनि मानव सभ्यता ढुङ्गे युगमा हुँदै आविष्कार भइसकेको थियो । त्यस समयका मानिसहरू पोखरी, नदी र समुद्र पार गर्न, माछा मार्न हलुका काठका मुढाहरूलाई नाउका रूपमा प्रयोग गर्थे । सभ्यताको विकासक्रमसँगै पन्डाल राखेर चल्ने पानीजहाजको विकास भयो । पछि बाफले चल्ने पानीजहाज हुँदै डिजेल इन्जिन भएको पानीजहाज पनि विकास भयो । पनडुब्बी भने विशेष गरी सैनिकहरूका लागि आविष्कार गरियो । चराजस्तै उड्ने कल्पना गर्ने मान्छेले चङ्गाको आविष्कार गरेपछि नै वायुयानको परिकल्पना गरेको थियो । यस कल्पनाले वास्तविक रूपमा धेरैपछि अर्थात सन् १९०३ मा मात्र साकार रूप लियो ।

यातायातको विकास र विस्तारले मानव सभ्यताको निर्माणमा महत्त्वपूर्ण योगदान पुगेको छ । हिँडेर पुग्न वर्षौं लाग्ने वा असम्भव लाग्ने ठाउँहरूमा पनि आज मानिस केही घन्टामै पुग्न सक्छ । ठुलाठुला नदी तथा समुद्रहरू पार गर्न तथा अन्तरिक्षसम्म पुग्नसमेत मानिस सफल भएको छ । संसारको एउटा कुनामा

उत्पादन गरिएका वस्तुहरू आज तुरुन्त अर्को कुनाको व्यक्तिले उपभोग गर्न पाएको छ । यी सबै सुविधाहरू यातायातका साधनहरूको विकासकै कारणले सम्भव भएको छ । त्यसैले के भन्न सकिन्छ भने मानव जीवनमा यातायातका साधनहरूको ठुलो महत्त्व रहेको छ ।

निष्कर्षमा आज जेजस्ता यातायातका साधनहरू छन् र भविष्यमा जेजस्ता साधनहरू आउनेछन्, तिनलाई मानव जातिको हितमा उपयोग गर्नुपर्छ । यसो गर्न सकेका खण्डमा यसको महत्त्व झन् बढ्न जान्छ ।



## शब्दभण्डार

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् र कापीमा सार्नुहोस् :**

यातायात, ओसारपसार, मोटामोटी, ट्रक, प्याराग्लाइडर, ढ्वाङ, आविष्कार

**२. क, ख, ग, लेखी तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| आविष्कार | ( ) | पृथ्वी र अरू ग्रहका बिचको खाली ठाउँ |
| ढुङ्गे युग | ( ) | कुनै कुराको आविष्कार गर्नु अघि गरिएको कल्पना |
| साकार रूप | ( ) | नयाँ वस्तुको उत्पादन |

अन्तरिक्ष ( ) वास्तविक रूप

परिकल्पना ( ) विकास नभएको युग

३. **तल दिइएका शब्दको एउटै अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| सभ्यता - | ............................ | वायुयान - | ............................ |
| किसिम - | ............................ | प्रयोग - | ............................ |
| विकास - | ............................ | भलाइ - | ............................ |
| हवाईमार्ग - | ............................ | पानी - | ............................ |

४. **तलका शब्दको उल्टो अर्थ लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| सम्भव - | ............................ | जल - | ............................ |
| पाताल - | ......................... | गह्रौं - | ............................ |
| असफल - | ......................... | अहित - | ............................ |
| घट्न - | ......................... | असुविधा - | ............................ |

५. **तल दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| फेरि - | ............................... | खालि - | ............................... |
| फेरी - | ............................... | खाली - | ............................... |
| सब - | ............................... | बिस - | ............................... |
| शव - | ............................... | विष - | ............................... |

## बोध र अभिव्यक्ति

१. **तपाईँलाई मन पर्ने यातायातको साधन कुन हो ? कक्षाका साथीहरूलाई बताउनुहोस् ।**

२. **माथिको पाठको प्रत्येक अनुच्छेद पालैपालो पढ्नुहोस् ।**

३. **पाठको पहिलो अनुच्छेद राम्रा अक्षरमा अनुलेखन गर्नुहोस् :**

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

४. **ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) यातायातको सुविधाले मानिसलाई सजिलो भएको छ । ................

(ख) समुद्रमा प्रयोग गरिने यातायातलाई जल यातायात भनिन्छ । ................

(ग) फेरी स्थल यातायातको साधन हो । ................

(घ) प्याराग्लाइडर जल यातायातको साधन हो । ................

(ङ) सन् १९०३ मा पहिलोपटक हवाईजहाज आकाशमा उडाइयो । ................

५. **एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कस्ता साधनलाई यातायातका साधन भनिन्छ ?

(ख) यातायातका साधनलाई मोटामोटी कति भागमा विभाजन गर्न सकिन्छ ?

(ग) हवाई यातायात कहाँ सञ्चालन गरिन्छ ?

(घ) कहिलेदेखि सडकको विस्तार र विकास भयो ?

(ङ) यातायातका साधनलाई के गर्न सकेमा यसको महत्व झन् बढ्न जान्छ ?

**६. लामो उत्तर दिनुहोस् :**

(क) यातायातका साधनहरू कति किसिमका हुन्छन् र ती केके हुन् ?

(ख) स्थल यातायातका साधनहरू केके हुन् ?

(ग) जल यातायातको विकास कसरी भयो ?

(घ) यातायातले मानिसलाई कसरी सुविधा पुऱ्याएको छ ?

**७. बढाएर लेख्नुहोस् :**

मानव जीवनमा यातायातको ठुलो महत्व छ ।

## व्याकरण

**१. पाठबाट 'श', 'ष', 'स' प्रयोग भएका शब्द खोजेर लेख्नुहोस् ।**

**२. तलका शब्दहरू एकवचन बुझाउने र बहुवचन बुझाउने समूहमा छुट्याउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| म | हामी | केटो | केटाहरू | मुसा | माछा |
| बिरालो | जरायो | सानो | काला | मिठा | तितो |
| भन्छ | खान्छन् | आयो | गए | भने | भन्यो |

एकवचन बुझाउने शब्द : ..................... ..................... .........

..................... ......................................... ..................... .........

बहुवचन बुझाउने शब्द : ..................... ........................ .........

..................... ......................................... ..................... ............

**३. तलका वाक्यलाई बहुवचनमा बदल्नुहोस् :**

(क) केटो आयो । ..................................................

(ख) यो आँप मिठो छ । ..........................................................

(ग) मेरी साथी आई । ..........................................................

(घ) चरो आकाशमा उड्यो । ..........................................................

(ङ) तिमी छिटो जाऊ । ..........................................................

**४. तलका वाक्यलाई एकवचनमा बदल्नुहोस् :**

(क) मेरा भाइहरू आए । ..........................................................

(ख) कुकुरहरू भुक्छन् । ..........................................................

(ग) आँपहरू अमिला छन् । ..........................................................

(घ) मेरा बहिनीहरू आए । ..........................................................

## सामूहिक क्रियाकलाप

õ **कक्षाका सम्पूर्ण विद्यार्थीहरू पाँच समूहमा विभाजित हुनुहोस् । अब प्रत्येक समूहले यस पाठको पाठ सुरु गर्नुअघिमा भएका साधनमध्ये कुनै एउटाको बारेमा समूहमा छलफल गर्नुहोस् । (प्रत्येक समूहले छुट्टा छुट्टै सामानका बारेमा छलफल गर्नुपर्ने छ । आफ्नो समूहमा परेका सामानका पक्षमा बोल्नुपर्ने छ र आफ्नो सामान अन्य चार ओटाभन्दा विभिन्न दृष्टिले राम्रो छ भन्ने कुरा पुष्टि गर्न प्रयास गर्नुपर्ने छ ।) यसरी दश पन्ध्र मिनेट छलफल गरिसकेपछि प्रत्येक समूहबाट एकएक जनाले आफ्नो समूहमा परेको सामानको पक्षबाट बोल्नुहोस् । कुन समूहले सबैभन्दा राम्रो तर्क प्रस्तुत गऱ्यो ? आफ्ना शिक्षकलाई सोध्नुहोस् ।**

## सिर्जनात्मक लेखन

õ **तलका मध्ये कुनै एकको चित्र बनाउनुहोस् । अब त्यसको बारेमा एक सय शब्दसम्ममा वर्णन गर्नुहोस् :**

(क) टेलिभिजन (ख) मोबाइल फोन

(ग) मोटरसाइकल (घ) हेलिकप्टर

पाठ
१५

# घडी भन्छ










# पूर्वपठन

**õ तलका प्राणीबाट के सिक्न सकिन्छ ? जोडा मिलाउनुहोस् :**



घमण्डी



इमानदार



परिश्रमी



रूप परिवर्तन गर्ने



सोझो/गुणी

## शब्द र अर्थ

| | |
|---|---|
| त्यान्द्रो : पराल वा घाँसका लामा लामा टुक्रा | बास : बस्ने ठाउँ |
| परिश्रमी : परिश्रम गर्ने; मेहनती | सिप : कौशल |
| रास : थुप्रो | |

## सुनाइ र बोलाइ

Õ **तलको पाठ ध्यान दिएर सुन्नुहोस् :**

मानिसको स्वभाव फरक फरक हुन्छ । त्यस्तै मान्छेको बानी पनि फरक फरक हुन्छ । कुनै मानिसको राम्रो बानी हुन्छ । कुनै मानिसको नराम्रो बानी हुन्छ । मेहनत गर्ने सबैलाई सहयोग गर्ने राम्रा बानी हुन् । त्यसै गरी घरपरिवारमा साथसहयोग गर्ने, सुखदुःख बाँड्ने बानी असल बानी हुन् । झैँझगडा गर्ने, अल्छी गरी बस्ने, अरूको राम्रो कुरा पनि नसुन्ने खराब बानी हुन् । अरूलाई झुक्याउने, जथाभावी फोहोर गर्ने, अपशब्द बोल्ने पनि खराब बानी हुन् । चोरी गर्ने, अर्काको कुरा लगाउने पनि खराब बानी नै हुन् । हामीले राम्रा बानी जोड्दै जानुपर्छ । खराब बानीहरू घटाउँदै जानुपर्छ । यसो गर्नाले एक दिन हामी असल मान्छे बन्न सक्छौँ ।

१. **तलका प्रश्नको उत्तर सुनेका पाठका आधारमा दिनुहोस् :**

(क) पाठमा आएका तीन तीन ओटा राम्रा र नराम्रा बानी बताउनुहोस् ।

(ख) सबै मानिसको बानी फरक हुन्छ ? कसरी ?

(ग) पाठमा नभएका वाक्यहरू चिन्नुहोस् :

(अ) मेहनत गर्ने र सबैलाई सहयोग गर्ने राम्रा बानी हुन् ।

(आ) मानिस बिरामी पर्दा उपचार गर्ने राम्रा बानी हुन् ।

(इ) ठुलो स्वरमा बोलेर झगडा गर्ने नराम्रो बानी हो ।

(ई) अपशब्द बोल्ने पनि खराब बानी हो ।

(घ) हामीले राम्रा बानी जोड्दै र नराम्रा बानी घटाउँदै जानुपर्छ भनेको के हो ?

२. **तपाईंका विचारमा मानिसमा भएका कस्ता कस्ता राम्रा बानी हुन् अनि कस्ता कस्ता नराम्रा बानी हुन् ? बताउनुहोस् ।**

३. **हामीले राम्रा बानी विकास गर्न के गर्नुपर्ला ? बताउनुहोस् ।**

## घडी भन्छ

- सच्चिदानन्द घिमिरे




घडी भन्छ यता हेर घाम लाग्यो तातो
चरी भन्छ सुसेलेर गर ढिकी जाँतो ।
चाँडै उठे सबै जागे कति राम्रो बानी
चाँदी फल्ने खेतबारी सुन फल्ने पानी ॥

कमिलाले माटो च्यापी बनाउँछ रास
जुरेलीले त्यान्द्रो जोडी बनाउँछ बास ।
मिठो मह बनाउँछन् मौरीहरू पनि
आफ्नो भाग्य आफैं कोर्छन् परिश्रमी बनी ॥

नदी भन्छ हिँड्ने गर आफैँ बन्छ बाटो

देश भन्छ काम गर आफैँ फुल्छ माटो ।

बिउ रोपे अन्न फल्छ सिप रोपे नाउँ

जतातत‍ै हरियाली कति राम्रो ठाउँ ॥



## शब्दभण्डार

१. **तलका शब्दहरू उच्चारण गर्नुहोस् :**

तातो, सेुलेर, ढिकी, जाँतो, च्यापी

त्यान्द्रो, परिश्रमी, नाउँ, खेतबारी, चाँदी

२. **तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| त्यान्द्रो | कौशल |
| बास | परिश्रम गर्ने |
| परिश्रमी | पराल वा घाँसका लामा लामा टुक्रा |
| सिप | थुप्रो |
| रास | बस्ने ठाउँ |

३. **तलका झन्डै उस्तै उस्तै सुनिने शब्द र तिनले दिने अर्थको जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| तातो | दाग | बाँस | बस्ने ठाउँ |
| टाटो | चिसोको उल्टो | बास | नाम |
| सब | लाश | नाउ | एक वनस्पती |
| शव | जम्मै | नाउँ | डुङ्गा |

४. **समूहवाची शब्दसँग मिल्ने शब्द लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| कपालको | ..........गुजुल्टो.......... | .............................. | ताँती |
| .............................. | रास | .............................. | घार |
| .............................. | घरी | .............................. | खात |
| .............................. | माला | .............................. | झुप्पो |
| .............................. | हुल | .............................. | बथान |

**५. उल्टो आउने शब्द लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| पानी | = | ............................ | चिसो | = | ............................ |
| दुर्भाग्य | = | ............................ | घाटा | = | ............................ |
| सपना | = | ............................ | ढुङ्गा | = | ............................ |
| नमिठो | = | ............................ | नराम्रो | = | ............................ |

## बोध र अभिव्यक्ति

**१. घडी भन्छ कविता निम्नानुसार वाचन गर्नुहोस् :**

(क) कक्षामा सबै जनाले समूहमा

(ख) कक्षालाई दुई समूह बनाएर

(ग) दुई दुई जनाको समूह बनाएर

(घ) एकल

**२. कविता पढेर लय मिलाउन आउने उस्तै सुनिने शब्द सँगै लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| तातो | - | ........जाँतो............... | बानी | - | ............................ |
| रास | - | ............................ | पनि | - | ............................ |
| बाटो | - | ............................ | नाउँ | - | ............................ |

**३. कविता पढी छुटेका शब्द भर्नुहोस् :**

कमिलाले माटो ........... बनाउँछ ...........

........... त्यान्द्रो ........... बनाउँछ ........... ।

मिठो ......... ........... मौरीहरू .....................

आफ्नो ......... ........... कोर्छन् ......... ......... ॥

**४. गद्यमा मिलाएर लेख्नुहोस् :**

(क) घडी भन्छ यता हेर घाम लाग्यो तातो

घडी यता हेर तातो घाम लाग्यो भन्छ ।

(ख) जुरेलीले त्यान्द्रो जोडी बनाउँछ बास

..........................................................................................

(ग) मिठो मह बनाउँछन् मौरीहरू पनि ।

..........................................................................................

(घ) नदी भन्छ हिँड्ने गर आफैँ बन्छ बाटो

..........................................................................................

(ङ) बिउ रोपे अन्न फल्छ सिप रोपे नाउँ ।

..........................................................................................

**५. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) चरीले बिहान सुसेलेर के भन्छ ?

..........................................................................................

(ख) कस्तो राम्रो बानी हुन्छ ?

..........................................................................................

(ग) कविले खेतबारी र पानीमा के के फल्छ भनेका छन् ?

..........................................................................................

(घ) कमिलाले माटो च्यापेर के बनाउँछ ?

..........................................................................................

(ङ) जुरेलीले कसरी बास बनाउँछ ?

..........................................................................................

(च) मौरीहरू के बनाउँछन् ?

..........................................................................................

(छ) के गरे माटो आफैँ फुल्छ ?

.....................................................................................

(ज) सिप रोपे के फल्छ ?

.....................................................................................

(झ) बिउ रोपे के फल्छ ?

.....................................................................................

**६. बढाएर आठदश वाक्यमा लेख्नुहोस् :**

नदी भन्छ हिँड्ने गर आफैँ बन्छ बाटो

देश भन्छ काम गर आफैँ फुल्छ माटो ।

बिउ रोपे अन्न फल्छ सिप रोपे नाउँ

जताततै हरियाली कति राम्रो ठाउँ ॥

**७. कविता पढेर बुझेका कुरा दशपन्ध्र वाक्यमा लेख्नुहोस् :**

.....................................................................................

.....................................................................................

.....................................................................................

.....................................................................................

.....................................................................................

## व्याकरण

**१. तलका शब्द जोडेर एउटै शब्द बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| खेत + बारी = | खेतबारी | घाम + पानी = | ...................... |
| हाँस + खेल = | ...................... | अन्न + पात = | ...................... |
| ढिकी + जाँतो = | ...................... | माना + पाथी = | ...................... |
| सुन + चाँदी = | ...................... | ढुङ्गा + माटो = | ...................... |
| खोला + नाला = | ...................... | फल + फूल = | ...................... |

**२. उदाहरणमा दिएजस्तै नयाँ शब्द बनाउनुहोस् :**

च्यापी = च्यापेर    पढी = ...............    गरी = ...............

भनी = ...............    कोरी = ...............    बनी = ...............

**३. तलको निर्देशानुसारका शब्द लेख्नुहोस् :**

(क) ह्रस्व इकार भएका पाँच शब्द :

............... ............... ............... ............... ...............

(ख) दीर्घ ईकार भएका पाँच शब्द :

............... ............... ............... ............... ...............

(ग) चन्द्रबिन्दु लागेका पाँच शब्द :

............... ............... ............... ............... ...............

(घ) आधा अक्षर लागेका पाँच शब्द :

............... ............... ............... ............... ...............

(ङ) 'एर' थपेर नयाँ रूप बनाउनुहोस् :

पढ् + एर = पढेर    खा + एर = .....................

उठ् + एर = .....................    भन् + एर = .....................

जाग् + एर = .....................    बन् + एर = .....................

कुद् + एर = .....................    नाच् + एर = .....................

**४. छुट्टा छुट्टै लेख्नुपर्ने शब्द एकै ठाउँमा छन् । छुट्याएर लेखनुहोस् :**

(क) मैलेत पहिल्यै भनेकीथिएँ ।

(ख) मत मेराभाइबहिनीलाई चियादिन्छु ।

(ग) तिमी लेमलाईपनि योकुराभन्नुपर्थ्यो ।

(घ) तिमीसँगै घरकोखाना पनिखायौँ ।

**५. सँगै लेख्नुपर्ने वर्ण र अक्षर अर्कोतर्फ जोडिएर आएका छन् । लेख्नुहोस् :**

(क) मेरी आमा लेमालाई हेर्नभनेर धेरैजनामान्छे बेला उद्ध भए छ ।

(ख) यो सं बादने पालीमा लेख्ने को हुन् ।

(ग) गुरु आमा ले हामी लाई व्याकरण बढा उनुभयो ।

## सामूहिक क्रियाकलाप

õ **कक्षामा तीन तीन जनाको समूह बनाउनुहोस् । अब प्रकृतिका विभिन्न कुराबाट विभिन्न कुराहरू सिक्न सकिन्छ । त्यस्ता कुराहरूको सूची बनाउनुहोस् । अब आफ्नो समूहले बनाएको सूची अरूलाई सुनाउनुहोस् र अरूको तपाईँ सुन्नुहोस् ।**

कमिलो - एकता/मेहनती

नदी - निरन्तर अगाडि बढ्ने

.................. - ..................................................................

.................. - ..................................................................

.................. - ..................................................................

.................. - ..................................................................

.................. - ..................................................................

.................. - ..................................................................

## सिर्जनात्मक लेखन

õ **तपाईँ पनि कुनै विषयमा एउटा कविता लेख्नुहोस् । अथवा मैले गर्नुपर्ने कामका विषयमा एक सय शब्दमा आफ्ना कुरा लेख्नुहोस् :**


.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

# बिदाका लागि निवेदन


श्रीमान्,
कक्षा शिक्षकज्यू
दिव्य निकेतन
कौशलटार भक्तपुर

विषय : बिरामी बिदा बारे।


महोदय,
म मिति २०७७-१०-१८ र २०७७-१०-१९ गते दुई [illegible]
आउन नसकेकाले क्षमा प्रार्थी छु। रुघा खोकी
का साथमा ज्वरो पनि आएकाले म विद्यालय
उपस्थित हुन नसकेको हुँ। आज बाट [illegible]
कम भएकाले र पढाइ धेरै छुट्न सक्ने
भएकाले हल्का रुघा लागे पनि म विद्यालय
आएँ। आफ्नो [illegible] छु।
दुई दिनको बिदालाई मानिदिनु भएकोमा धेरै
धन्यवाद।

भवदीय,
छात्र : दिनेश अधिकारी
कक्षा : ६
रोल : २५





## पूर्वपठन









**Õ माथिका चित्र हेरी आफूलाई लागेको कुरा बताउनुहोस् ।**

### शब्द र अर्थ

| | | | |
|---|---|---|---|
| निवेदन | : बिन्तीपत्र; अनुरोधपत्र | क्रमाङ्क | : क्रमसङ्ख्या; कक्षाको रोल नं. |
| सम्बोधन | : चिठी, निवेदन लेख्दा कसैलाई गरिने अनुरोध | उपर्युक्त | : माथि भनिएको |
| | | हाजिरी | : उपस्थिति |
| महोदय | : आदर गरी गरिने सम्बोधन | श्रीमान्समक्ष | : श्रीमान्सँग |

## सुनाइ र बोलाइ

**Õ तलको पाठ शिक्षकबाट सुन्नुहोस् :**



एउटै छानामुनि बस्ने र एउटै भातभान्सो गर्नेलाई परिवार भनिन्छ । परिवारभित्र दुई ओटा नाता हुन्छन् । एउटा हाड नाता र अर्को वैवाहिक नाता । छोरा, छोरी, नाति, नातिनीहरू हाड नातामा पर्छन् । विवाह गरेर वा अन्य सम्बन्ध कायम गरेर हुने नाता वैवाहिक नाता हो । श्रीमान् श्रीमती वैवाहिक नातामा पर्दछ । त्यस्तै अन्य घरबाट आएर जोडिएको नाता वैवाहिक वा अन्य नाता हो ।

**१. माथिको सुनाइ पाठका आधारमा मौखिक उत्तर दिनुहोस् :**

(क) परिवार केलाई भनिन्छ ?

(ख) परिवारभित्र पर्ने दुई ओटा नाता के के हुन् ?

(ग) हाड नातामा को को पर्दछन् ?

(घ) वैवाहिक नाता भनेको कस्तो नाता हो ?

(ङ) श्रीमान् श्रीमतीको नाता कस्तो नाता हो ?


**२. परिवारभित्र के कस्तो नाता जोडिएको हुन्छ ?**

**३. मानिसलाई परिवार किन चाहिन्छ ? परिवार भएन भने के हुन्छ ?**

**४. घरपरिवारमा कसरी एकआपसमा साथ सहयोग गर्नुपर्छ ?**

# बिदाका लागि निवेदन

भोलि प्रवीणकी दिदीको बिहे छ । प्रवीण आफ्नी दिदीको बिहेका दिन स्कुल जान सक्दैन । स्कुल जान नसक्दा प्रधानाध्यापकलाई बिदाका लागि निवेदन लेख्नुपर्ने हुन्छ । तर प्रवीणले अस्ति मात्रै कक्षामा निवेदन लेख्ने तरिका सिकेको छ । अनिता गुरुआमाले सिकाउनुभएको निवेदन लेख्ने तरिका उसले आफ्नो कापीमा सारेको छ । त्यो यसप्रकार रहेको छ :




**प्रवीणले आफ्नो कापीमा रहेको निवेदनको ढाँचाअनुसार लेखेको निवेदन अर्को पानामा रहेको छ ।**

मिति २०७७/१०/२४

श्रीमान् प्रधानाध्यापक
भानु माध्यामिक विद्यालय
शिवसताक्षी-३, झापा

विषय : बिदा जनाइदिनुहुन ।

महोदय,

उपर्युक्त सम्बन्धमा भोलि मिति २०७४/१०/२५ गते मेरी दिदीको शुभविवाह भएकाले उक्त दिन म विद्यालय आउन असमर्थ छु । यसर्थ उक्त एक दिनका लागि मेरो हाजिरी खातामा बिदा जनाइदिनुहुन श्रीमान्समक्ष हार्दिक अनुरोध गर्दछु ।

पासाङ शेर्पा
कक्षा-४ 'क'
क्रमाङ्क-३

## शब्दभण्डार

**१. तलका शब्दहरू उच्चारण गर्नुहोस् र कापीमा सार्नुहोस् :**

बिहे, स्कुल, प्रधानाध्यापक, क्रमाङ्क, उपरोक्त, शुभविवाह, श्रीमान्समक्ष

**२. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| उपर्युक्त | विन्तीपत्र; अनुरोधपत्र |
| सम्बोधन | क्रमसङ्ख्या; कक्षाको रोल नं. |
| श्रीमान्समक्ष | चिठी, निवेदन लेख्दा कसैलाई गरिने अनुरोध |
| महोदय | आदर गरी गरिने सम्बोधन |
| निवेदन | माथि भनिएको |
| क्रमाङ्क | उपस्थिति |
| हाजिरी | श्रीमान्सँग |

**३. उस्तै अर्थ दिने शब्द लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| समक्ष - | ........................ | छुट्टी - | .............................. |
| ढाँचा - | ........................ | माथिको - | .............................. |
| अनुरोध - | ........................ | विवाह - | .............................. |

**४. तलको मितिलाई अङ्कमा लेख्नुहोस् :**

| | |
|---|---|
| २०७७ सकाल वैशाख २६ गते | २०७७/११/२६ |
| २०७७ साल असोज १९ गते | .................................... |
| तपाईंको जन्म मिति | .................................... |
| तपाईंकी आमाको जन्म मिति | .................................... |
| तपाईंको बुबाको जन्म मिति | .................................... |
| तपाईंको कुनै एक साथीको जन्म मिति | .................................... |
| आजको (गृहकार्य गर्दाको) मिति | .................................... |

**५. पूरा रूप लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| प्र. अ. - | ........................ | डा. - | .................................. |
| टि. भि. - | ........................ | मा. वि. - | .................................. |

प्र. म. - ........................ प्रा. - ..................................

गो. प. - ........................ का.म.पा. - ..................................

## बोध र अभिव्यक्ति

१. **विद्यालयमा वा विद्यालयबाहिर तपाईँले कुनै कार्यक्रममा भाग लिएको हुनुपर्छ । तपाईँले कस्तो कार्यक्रममा भाग लिनुभएको थियो ? त्यो कहिले र कहाँ आयोजना भएको थियो ? तपाईँले कुन स्थान प्राप्त गर्नुभयो ? सबै कुरा साथीहरूलाई बताउनुहोस् ।**

२. **तपाईँले टेलिभिजनमा कुनै बालकार्यक्रम हेरेको हुनुपर्छ । टेलिभिजनमा आउने कार्यक्रममध्ये तपाईँलाई सबभन्दा मन पर्ने कार्यक्रम कुन हो ? त्यसका बारेमा साथीहरूलाई सुनाउनुहोस् ।**

३. **माथिको पाठमा प्रयुक्त मिति (१) र सम्बोधन (२) बान्की मिलेका अक्षरले तलको खाली ठाउँमा सार्नुहोस् :**

....................................................................................................

....................................................................................................

....................................................................................................

४. **मुखैले जबाफ दिनुहोस् :**

(क) निवेदन लेख्दा बायाँपट्टि सिरानमा के लेख्नुपर्छ ?

(ख) निवेदन लेख्दा मितिमुनि के के लेख्नुपर्छ ?

(ग) महोदय लेख्नुभन्दा ठिक माथि के लेखिन्छ ?

(घ) महोदयमुनि केकस्ता कुरा लेखिन्छ ?

(ङ) निवेदकको नाम र अन्य परिचय कहाँ लेखिन्छ ?

५. **दिइएको निवेदन पढी उत्तर लेख्नुहोस् :**

(क) यो निवेदन कहिले लेखिएको हो ?

(ख) निवेदन कसलाई लेखिएको छ ?

(ग) प्रवीण पोखरेलको विद्यालयको नाम के हो ?

(घ) प्रवीण पोखरेलको विद्यालय कहाँ छ ?

(ङ) प्रवीण पोखरेल कहिले र किन विद्यालय जान सक्तैन ?

**६. पाठको निवेदन पढ्नुहोस् । तपाईँ पनि आफ्नो दाजुको व्रतबन्ध परेकाले एक दिन विद्यालय आउन सक्तिनँ भनी आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।**

**७. कक्षाका विद्यार्थीहरू कुनै एक महत्त्वपूर्ण ठाउँमा एक दिनको लागि शैक्षिक भ्रमण जान चाहन्छन् । अब विद्यालयका प्रधानाध्यापकलाई कक्षा कप्तानले लेख्ने एउटा निवेदन लेख्नुहोस् ।**

**८. निवेदन अगाडिको निवेदनको ढाँचा हेरी नम्बरअनुसार भर्नुहोस् :**

१. ..........................................

२. ..........................................

३. ..........................................

४. ..........................................

५. ..........................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

६. ..........................................

..........................................

..........................................

## व्याकरण

**१. तलका शब्दलाई मिल्ने कोठामा भर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| विद्यालय | बिदा | विज्ञान | विकास | बयान |
| सबै | वर्ष | भावना | साबुन | परेवा |
| मेवा | हावा | बाटो | महत्व | विदेश |

| 'ब' बोलेर 'ब' लेखिने | 'ब' बोलेर 'ब' लेखिने | 'व' बोलेर 'व' नैलेखिने |
|---|---|---|
| .................. ............... | .................. ............... | .................. ............... |
| ............... ............... | ............... ............... | ............... ............... |

**२. तल उत्तर छन्, तिनलाई मिल्ने प्रश्न बनाउनुहोस् :**

(क) पासाङ भानु माध्यमिक विद्यालयमा पढ्छ ।

(ख) पासाङ चार कक्षामा पढ्छ ।

(ग) पासाङ दिदीको बिहेको दिन विद्यालय जान सक्तैन ।

(घ) भानु माध्यमिक विद्यालय शिवसताक्षी- १ झापामा छ ।

(ङ) पासाङले प्रधानध्यापकलाई निवेदन लेख्यो ।

**३. सर्वनाम बुझाउने शब्दमा गोलो घेरा (      ) लगाउनुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म | रमेश | तिमी | चीन | गाई | हामी | हुल |
| तँ | ऊ | माया | सुन | उनीहरू | त्यो | को |

**४. तपाईंले गोलो लगाएका शब्द वाक्यमा प्रयोग गर्नुहोस् ।**

**५. तल नाम र विशेषण छन् । विशेषण शब्दमा गोलो घेरा ( ) लगाउनुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| माया | असल | विद्यार्थी | धेरै | राम्रो |
| पचास | फौज | त्यो | किताब | अलिकति |

## सामूहिक क्रियाकलाप

õ **आफ्नो कक्षामा पढ्ने चार जना साथीहरूलाई सोधेर तलको खाली ठाउँ भर्नुहोस् :**

१. नामः ..............................
मन पर्ने खेलः ...............
मन पर्ने खानेकुराः ...............
मन नपर्ने खानेकुराः ...............

२. नामः ..............................
मन पर्ने खेलः ....................
मन पर्ने खानेकुराः ...............
मन नपर्ने खानेकुराः ............

३. नामः ..............................
मन पर्ने खेलः ....................
मन पर्ने खानेकुराः ...............
मन नपर्ने खानेकुराः ...............

४. नामः ..............................
मन पर्ने खेलः ....................
मन पर्ने खानेकुराः ...............
मन नपर्ने खानेकुराः ............

## सिर्जनात्मक लेखन

õ **आफ्नो कक्षाका विद्यार्थी कुनै एक महत्वपूर्ण ठाउँमा एक दिनका लागि शैक्षिक भ्रमण जान पाऊँ भनी विद्यालयका प्रधानाध्यापकलाई कक्षा कप्तानको तर्फबाट एउटा निवेदन लेख्नुहोस् ।**

õ **विद्यालयमा भएको अभिभावक दिवसको जानकारी दिँदै टाढा बस्ने आफ्नो साथीलाई एउटा चिठी लेख्नुहोस् ।**

पाठ १७

# मौकामा हिरा फोर्नु







## पूर्वपठन



Õ **पाँच पाण्डवहरूको नाम बताउनुहोस् ।**


Õ **महाभारतमा दुर्योधन, धृतराष्ट्र, द्रोणाचार्य र एकलव्यको चर्चा छ। उनीहरू को हुन् ? बताउनुहोस् ।**

### शब्द र अर्थ

| | |
|---|---|
| सेवा | : सहयोग |
| पत्यार | : विश्वास; पत्याउने काम |
| जाबो | : अति सामान्य; मामुली; तुच्छ |
| कन्जुस | : लोभी |
| अवश्य | : निश्चय; पक्का |
| ढुकुटी | : अन्न, बहुमूल्य वस्तु राख्ने ठाउँ |
| गाडा | : गोरु, राँगा अदिले तान्ने मालसामान बोक्ने साधन |
| असर्फी | : सुनको रुपियाँ |
| डेक नचल्नु | : ठाउँ नसर्नु; नहल्लिनु |
| अनमोल | : धेरै मूल्य पर्ने |

## सुनाइ र बोलाइ

**१. तलको पाठ शिक्षकबाट सुन्नुहोस् :**






महाभारत भन्ने एउटा ठुलो महाकाव्य छ । यसका रचनाकार महर्षि वेदव्यास हुन् । यस महाकाव्यमा पाण्डव र कौरवबिचको लडाइँको चर्चा गरिएको छ ।

पाण्डव र कौरवहरू दुई दाजुभाइका छोराहरू थिए । पाण्डवहरू पाण्डुका छोराहरू थिए । उनीहरू युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेव गरी पाँच जना थिए । कौरवहरू धृतराष्ट्रका छोराहरू थिए । उनीहरू दुर्योधन, दुःशासन आदि गरेर सय जना थिए । पाण्डव र कौरवहरूबिच अंशवण्डाको निहुँमा ठुलो लडाइँ भएको थियो । पाण्डवहरू कुन्ती र माद्रीका छोराहरू थिए । युधिष्ठिर, भीमसेन र अर्जुन कुन्तीका छोराहरू थिए । नकुल र सहदेव माद्रीका छोराहरू थिए । कौरवहरूकी आमाको नाम चाहिँ गान्धारी थियो ।

**१. शिक्षकबाट सुनेर ठिकबेठिक छुट्याउनुहोस् :**

(क) महाभारतमा पाण्डव र कौरवबिचको लडाइँको चर्चा छ । .........

(ख) पाण्डुका छोराहरूलाई पाण्डव भनिन्छ । .........

(ग) वेदव्यासका छोराहरूलाई कौरव भनिन्छ । .........

(घ) युधिष्ठिरकी माताको नाम माद्री थियो । .........

(ङ) कौरवहरूकी माताको नाम गान्धारी थियो । .........

**२. तलका प्रश्नहरूको उत्तर बताउनुहोस् :**

(क) 'महाभारत' का रचनाकार को हुन् ?

(ख) 'महाभारत' कुन विषयमा लेखिएको छ ?

(ग) पाण्डवहरू कसका छोराहरू हुन् ?

(घ) दुर्योधनकी आमाको नाम के हो ?

(ङ) अर्जुनकी आमाको नाम के हो ?

**३. तपाईंले सुनेको महाभारतसम्बन्धी कुनै कथा कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।**

## मौकामा हिरा फोर्नु

कुनै बेला राजा युधिष्ठिर आफू भाइहरूसहित वनबासमा थिए । त्यहाँ उनलाई एउटा यज्ञ गर्न मन लाग्यो । यज्ञ गर्नलाई थुप्रो पैसा चाहिन्थ्यो । तर साथमा एक पैसा पनि थिएन । युधिष्ठिरले भाइहरूलाई बोलाए । भीमसेन, अर्जुन, नकुल र सहदेव सबै त्यहाँ उपस्थित भए । सल्लाह र छलफलपछि लाखौँ रुपियाँ लाग्ने निधो भयो । आखिर यति धेरै पैसा कसले दिन सक्ला भनेर विचार गर्दागर्दै सबले कुबेरलाई सम्झे । सबको सल्लाहबाट भीमसेनलाई उनीकहाँ पठाउने निधो भयो ।

भीमसेन कुबेर कहाँ पुगे । त्यहाँ एक जना मानिस आँगनमा बसेर औँलामा थुक लगाउँदै पोखिएका तोरीका गेडा टिप्न लागेका थिए । त्यही मान्छेले भीमसेनलाई के सेवा गरौँ ? भनेर सोधे । भीमसेनलाई पत्यार लागेन । जाबो तोरीको गेडामा पनि यस्तो हिरिक्क हुने कन्जुसले खै के पैसा देलान् भन्ने उनलाई लाग्यो र आफ्नो कुरै नबताई उनी फरक्क फर्के ।

भीमसेनले सबै कुरा दाजुलाई बताए । कुबेरलाई उनले माखाको पित्तभन्दा पनि सानो मन भएको मान्छे भनी सिद्ध गर्न खोजे । तर युधिष्ठिरले भीमसेनलाई सम्झाउँदै भने, “कुबेरको धन त्यसै जम्मा भएको होइन । जाबो गेडा त हो नि भनेर रित्याउनेले कहिल्यै धन कमाउन सक्दैन । एक छिन त हो नि भनेर समय खेर फाल्नेले विद्या कमाउन सक्दैन । यो कुरा तिमीले गुरुबाट सुनेकै छौ । अब तिमी फेरि जाऊ । हामीलाई चाहिने पैसा उनले अवश्य दिनेछन् ।”

भीमसेन फेरि कुबेरकहाँ गए । उनी अहिलेसम्म पनि तोरीका गेडा टिप्दै दिए । यस पटक भीमसेनले दाजुको समाचार सुनाए । तपाईँले पहिल्यै यो कुरा किन बताउनुभएन भन्दै कुबेरले दुःखमनाउ गरे र उनलाई आफ्नो ढुकुटीमा लगे । कुबेरको ढुकुटी देखेर भीमसेनको चित खायो । उनको ढुकुटीमा सुन, चाँदी र हिरामोतीजस्ता अनमोल खजानाको केही लेखाजोखा थिएन । कुबेरले तुरुन्त सयौँ

बोरा असर्फीले भरिदिए । त्यसपछि ती बोरालाई गाडामा हाल्न लगाइयो । लाखौं रुपियाँले गाडा भरियो ।



सबै कुरा ठिक भएपछि गाडा गुडाउन थाले तर गुडेन । भीमसेन र कुबेर दुबैले भएभरको बल लगाएर गाडालाई घचेटे, तैपनि गाडा डेग चलेन । बाटामा ठुला खाल्टाखुल्टी भएकाले पाङ्ग्रा अड्केका थिए । अनि कुबेरले एक बोरा तोरी भुइँमा पोखिदिए । एक एक गेडा गरी टिपेको तोरी कुबेरले भुइँमा पोखेको देखेर भीमसेनको मन खिन्न भयो । यो कुरा बुझेर कुबेरले भने, “गरेको कुरा कहिल्यै खेर जाँदैन । मैले गाडा गुडाउनलाई यसरी भुइँमा तोरी खन्याएको हुँ । बेलामा एकएक गेडा तोरी टिपेर नराखेको भए अहिले गाडा गुडाउने तोरी कसरी जम्मा हुन्थ्यो । यसैले बेलाबखतमा धन जोगाइराखे मौकामा काम आउँछ भनेको हो । लौ त गाडा धकेलौँ, अब गुड्छ ।”

यसपटक गाडालाई छोएका मात्र के थिए, तोरीले बाटो चिप्लो भएकाले गुडिहाल्यो । भीमसेन दश लाख रुपियाँ लिएर फर्के । मौकामा हिरा फोर्नु बेमौकामा कौडी नछोड्नु ।

*साभार : महेन्द्रमाला-४*

## शब्दभण्डार

**१. तलका शब्दहरू उच्चारण गरेर कापीमा सार्नुहोस् :**

युधिष्ठिर, थुप्रो, आँगन, हिरिक्क, कन्जुस, जाबो, असर्फी, पाङ्ग्रा

**२. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सेवा | निश्चय; पक्का |
| पत्यार | सुनको रूपैयाँ |
| जाबो | सहयोग |
| कन्जुस | गोरु, राँगा आदिले तान्ने मालसामान बोक्ने साधन |
| अवश्य | विश्वास |
| ढुकुटी | अति सामान्य; अति तुच्छ |
| गाडा | अन्न, बहुमूल्य वस्तु राख्ने ठाउँ |
| असर्फी | लोभी; मख्खीचुस |

**३. तलका पदावली र तिनका अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| लाखौँ रुपियाँ | मर्न खोज्नु |
| निधो गर्नु | धेरै लोभ गर्नु |
| हिरिक्क हुनु | दुःख पोख्नु |
| माखाको पित्त | अचम्ममा पर्नु |
| दुःखमनाउ गर्नु | धेरै मूल्य पर्ने वस्तु |
| छक्क पर्नु | ठाउँ नसर्नु |
| अनमोल खजाना | धेरै रूपैयाँ |
| डेग नचल्नु | निश्चय गर्नु |

**४. कसलाई बुझाउँछ ? लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| धनका मालिक | = | ………………… | बाबुआमाका भक्त | = | ………………… |
| स्वर्गका राजा | = | ………………… | विद्याकी माता | = | ………………… |
| कुरौटे | = | ………………… | धनकी देवी | = | ………………… |

## बोध र अभिव्यक्ति

**१. तपाईँलाई मन पर्ने कुनै छोटो कथा कक्षाका साथीहरूलाई सुनाउनुहोस् ।**

**२. मौकामा हिरा फोर्नु भन्ने कथा पालैपालो पढ्नुहोस् ।**

**३. पाठ पढी खाली ठाउँ भर्नुहोस् :**

(क) …………………… लाई यज्ञ गर्न मन लाग्यो ।

(ख) युधिष्ठिरले …………………… लाई पैसा लिन पठाए ।

(ग) भीमसेन फेरि …………………… कहाँ गए ।

(घ) कुबेरले …………………… देखेर भीमसेनको चित्त खायो ।

(ङ) कुबेरले …………………… भुइँमा पोखिदिए ।

**४. ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) भीमसेनका भाइको नाम युधिष्ठिर हो । ……………………

(ख) अर्जुन कुबेरकहाँ गए । ……………………

(ग) भीमसेन पुग्दा कुबेर तोरी टिप्दै थिए । ……………………

(घ) कुबेरको ढुकुटीमा अनमोल खजाना थिए । ……………………

(ङ) भीमसेनले कुबेरलाई सहयोग गरे । ……………………

**५. मौकामा हिरा फोर्नु भन्ने कथाबाट रेफ ( ॅ ) लागेका शब्दहरू तलको खाली ठाउँमा टिप्नुहोस् :**

.................. .................. .................. ..................

.................. .................. ..................

**६. उत्तर दिनुहोस् :**

(क) युधिष्ठिरले भीमसेनलाई किन कुबेरकहाँ पठाए ?

(ख) भीमसेन कुबेरकहाँ जाँदा कुबेर के गर्दै थिए ?

(ग) युधिष्ठिरले भीमसेनलाई के भनेर फेरि कुबेरकहाँ पठाए ?

(घ) कुबेरको ढुकुटी देखेर भीमसेन किन छक्क परे ?

(ङ) कुबेरले एक बोरा तोरी किन गाडामुनि खन्याइदिए ?

**७. अर्थ खुलाएर लेख्नुहोस् :**

(क) मौकामा हिरा फोर्नु, बेमौकामा कौडी नछोड्नु ।

(ख) एक छिन त हो नि भनेर समय खेर फाल्नेले विद्या कमाउन सक्दैन ।

**८. पाठमा थिए, लागेका थिए, सक्दैन, छौ, दिनेछन्, हुन्थ्यो, गुड्छ, क्रियापद प्रयोग भएका वाक्य खोजेर लेख्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

## व्याकरण

**१. उदाहरणमा दिएजस्तै नयाँ क्रियापद बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| जानु - | जान्छु | जान्छौँ | जान्छस् | जान्छौ | जान्छन् |
| खानु - | ............... | ............... | ............... | ............... | ............... |
| हेर्नु - | ............... | ............... | ............... | ............... | ............... |

पढ्नु - ................ ................ ................ ................ ................

२. **उदाहरणमा दिएजस्तै शब्द जोडेर नयाँ शब्द बनाउनुहोस् :**

वनको बास = ......वनबास.............

वनमा भोज = ................................

मकैको बारी = ................................

धानको खेत = ................................

विद्याको आलय = ................................

३. **तलका अनुकरणात्मक शब्द र क्रियामूलको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| हिरिक्क | फर्कनु |
| फरक्क | रुनु |
| थचक्क | हाँस्नु |
| मुसुक्क | हुनु |
| धुरुधुरु | बस्नु |

४. **माथिका जोडी मिलाएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

५. **शब्द जोडी एउटै शब्द बनाउनुहोस् :**

| | |
|---|---|
| सुन र चाँदी = सुनचाँदी | जग्गा र जमिन = .................. |
| दौरा र सुरुवाल = ...................... | बोट र बिरुवा = .................. |
| हिरा र मोती = .................. | घर र बारी = .................. |
| ढुङ्गो र माटो = .................. | किताब र कापी = .................. |

६. **उदाहरण हेरी नयाँ शब्द बनाउनुहोस् :**

| | |
|---|---|
| महा + ऋषि = महर्षि | राजा + ऋषि = राजर्षि |
| देव + ऋषि = ...................... | महा + ईश = महेश |
| नर + ईश = ...................... | महा + इन्द्र = ...................... |

धर्म + इन्द्र = ......................    देव + इन्द्र = ......................

सुर + इन्द्र = ......................    भोग + इन्द्र = ......................

## सामूहिक क्रियाकलाप

Õ **चार चार जनाको समूह बनाउनुहोस् । अब प्रत्येक समूहले तलका अक्षरबाट सुरु हुने चार चारओटा शब्द लेख्नुहोस् । कुन समूहले सबैभन्दा पहिले लेखिसक्यो ? आफ्नो समूहले लेखेका शब्दहरू अरूलाई सुनाउनुहोस् :**

| प्र | सु | वि | नि |
|---|---|---|---|
| ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ |

## सिर्जनात्मक लेखन

Õ **पौराणिक कालमा कुबेरलाई संसारको सबैभन्दा धनी व्यक्ति मानिन्थ्यो । उनीसँग प्रशस्त धनसम्पत्ति थियो । वर्तमानमा तपाईं कुबेरजत्तिकै सम्पन्न भए तपाईं के गर्नुहुन्थ्यो । पचहत्तर शब्दसम्ममा वर्णन गर्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

पाठ
१८

# असल मान्छे बन्नुपर्छ रे












## पूर्वपठन

Õ **पेसा र कामको जोडा मिलाउनुहोस् :**



पढाउने




गीत गाउने



बिरामीको उपचार गर्ने



हिमाल चढ्ने



कला प्रस्तुत गर्ने



खेल खेल्ने

### शब्द र अर्थ

| | | | |
|---|---|---|---|
| पत्रकार | : समाचचार सङ्कलन; प्रकारशन गर्ने व्यक्ति | नायक | : सिनेमा वा नाटकको मुख्य पात्र |
| रक्षक | : रक्षा गर्ने | अलमल | : दोधार; यो वा त्यो गरुँ भन्ने |
| सपारी | : सपारेर; राम्रो बनाएर | | |

## सुनाइ र बोलाइ

**Õ तलको कविता शिक्षकबाट सुन्नुहोस् :**



बिहानै चाँडै उठेर
हातमुख धोएर
अलिअलि पढेर
खानेकुरा खाएर
सफा लुगा लगाई
स्कुल जान्छ मेरो भाइ ।



पुगेर
साथीभाइ भेटेर
सबै जना मिलेर
नयाँ कुरा सिकेर
खेलकुदमा मन लगाई
मखख पर्छ मेरो भाइ ।

**१. सुनेको कविताका आधारमा उत्तर भन्नुहोस् :**

(क) भाइ बिहान चाँडै उठेर के गर्छ ?

(ख) सफा लुगा लगाई भाइ कहाँ जान्छ ?

(ग) भाइ किन मखख पर्छ ?

(घ) भाइले साथीभाइ कहाँ भेट्छ ?

(ङ) सबै जना मिलेर के गर्छन् ?

**२. पाठमा भएको भाइको वर्णन गर्नुहोस् ।**

**३. तपाईंका आफ्ना कुनै भाइ वा बहिनीका बारेमा कक्षामा बताउनुहोस् ।**

**४. हामीले साना नानीबाबुहरूलाई कसरी माया गर्नुपर्छ ? उनीहरूलाई कसरी सहयोग गर्नुपर्छ बताउनुहोस् ।**

# असल मान्छे बन्नुपर्छ रे

*- हरिहर तिमिल्सिना*

कोही साथी डाक्टर बन्ने कोही पाइलट रे
सोच्नै गाह्रो भयो मलाई म पो बनूँ के ?



कुनाकाप्चा डुली डुली खोज्दै समाचार
कोही साथी बन्ने अरे राम्रो पत्रकार ।

कोही साथी अग्ला अग्ला हिमाल चढ्ने रे ?




कोही साथी नेता बनी अघि बढ्ने रे
कोही चाहिँ गीत गाउने गायक बन्ने रे
कोही चाहिँ सिनेमाको नायक बन्ने रे ।



कोही बन्ने इन्जिनियर पढाइ सपारी
कोही भने बन्ने अरे राम्रो बेपारी
एउटा मिल्ने साथी भन्छ बन्छु खेलाडी
देशको झन्डा बोकेर बढ्छु अगाडि ।

म पो अब लेखक वा शिक्षक बनूँ कि ?
सेना बनी यो देशको रक्षक बनूँ कि ?



यो बनूँ कि त्यो बनूँ म परेँ अलमल
हरे ! मेरो दिमाग नै भयो खलबल ।

आमालाई सोधेँ मैले आमा ! बनूँ के ?
भन्नुभयो तिमीलाई मनमा लाग्छ जे
आफूलाई आफूले नै चिन्नुपर्छ रे
जे बने नि असल मान्छे बन्नुपर्छ रे ।

## शब्दभण्डार

**१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कुनाकाप्चा | सपारेर; राम्रो बनाएर |
| पत्रकार | दोधार; यो वा त्यो गरुँ भन्ने |
| नेता | भित्री भागसम्म |
| गायक | समाचार सङ्कलन; प्रकाशन गर्ने व्यक्ति |
| नायक | नेतृत्व गर्ने |
| सपारी | गीत गाउने |
| रक्षक | चलचित्र वा नाटकको प्रमुख पात्र |
| अलमल | रक्षा गर्ने |

**२. कुन काम गर्नेलाई के भनिन्छ ? लेख्नुहोस् :**

व्यापार गर्ने = .................. खेतीपाती गर्ने = ..................

शिक्षण गर्ने = .................. समाजसेवा गर्ने = ..................

लुगा सिउने = .................. घर बनाउने = ..................

काठको काम गर्ने = .................. बिरामी उपचार गर्ने = ..................

हवाईजहाज उडाउने = .........................

घरबाटो आदिको डिजाइन गर्ने = .........................

**३. तलका शब्दको उही अर्थ दिने एक एक शब्द लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| मित्र | = | .............................. | ताँती | = | .............................. |
| अगाडि | = | .............................. | राष्ट्र | = | .............................. |
| मस्तिष्क | = | .............................. | मानिस | = | .............................. |

**४. उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| सजिलो | = | .............................. | होचा | = | .............................. |
| बिगारी | = | .............................. | पछाडि | = | .............................. |
| खराब | = | .............................. | अर्को | = | .............................. |

## बोध र अभिव्यक्ति

**१. 'असल मान्छे बन्नुपर्छ रे' कविता निम्नानुसार वाचन गर्नुहोस् :**

(क) कक्षामा शिक्षक सँगसँगै

(ख) कक्षाका सबै विद्यार्थी उठेर समूहमा

(ग) कक्षाका विद्यार्थी दुई समूहमा विभाजन भएर पालैपालो

(घ) छात्र र छात्रा आधा आधा भएर

(ङ) एकल रूपमा पालैपालो

**२. मौखिक उत्तर दिनुहोस् :**

(क) 'असल मान्छे बन्नुपर्छ रे' कविता कसले रचना गरेका हुन् ?

(ख) 'असल मान्छे बन्नुपर्छ रे' कवितामा कति हरफ छन् ?

(ग) यस कवितामा कति ओटा प्रश्नवाचक चिह्न राखिएको छ ?

(घ) यस कवितामा कतिओटा पूर्णविराम चिह्न राखिएको छ ?

(ङ) यस कवितामा तपाईँलाई अत्यन्तै मनपर्ने दुई पङ्क्ति कुन कुन हुन् ?

(च) पाइलटले के काम गर्छ ?

**३. ठिक बेठिक छुट्याउनुहोस् :**

(क) समाचार सम्पादन गर्नेलाई पत्रकार भनिन्छ । ................

(ख) हिमाल चढ्नेलाई पर्वतारोही भनिन्छ । ................

(ग) नेताहरू खेतीकिसानी मात्र गर्छन् । ................

(घ) गीत लेख्नेलाई गायक भनिन्छ । ................

(ङ) सिनेमा भनेको चलचित्र हो । ................

**४. छुटेका शब्दहरू भरी कवितांश पूरा गर्नुहोस् :**

आमालाई सोधेँ .................. ! बनू .................. ?

.................. तिमीलाई .................. लाग्छ जे

आफूलाई .................. नै .................. रे

जे बने ............ असल ............ बन्नुपर्छ ......... ।

**५. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) पत्रकारले समाचार कसरी सङ्कलन गर्छ ?

(ख) समाजको नेतृत्व गर्नेलाई के भनिन्छ ?

(ग) गायकको काम के हो ?

(घ) कसले खेलाडी बन्छु भनेको छ ?

(ङ) देशको रक्षा कसले गर्छ ?

(च) कवि किन अलमलमा परेका छन् ?

(छ) आमाले के बनूँ भन्दा के भन्नुभयो ?

(ज) आफूले आफूलाई के गर्नुपर्छ ?

(झ) जे बने पनि हामी कस्तो मान्छे बन्नुपर्छ ?

**६. बढाएर चालिस पचास शब्दमा लेख्नुहोस् :**

आमालाई सोधेँ मैले आमा ! बनूँ के ?

भन्नुभयो तिमीलाई मनमा लाग्छ जे

आफूलाई आफूले नै चिन्नुपर्छ रे

जे बने नि असल मान्छे बन्नुपर्छ रे ।

**७. 'असल मान्छे बन्नुपर्छ रे' कविताको सबभन्दा राम्रो लाग्ने कविताांशका चार लाइन यहाँ सार्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## व्याकरण

**१. उदाहरणमा देखाए जस्तै गरी शब्द बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| खोज् + दै | = | खोज्दै | पढ् + दै | = | .................... |
| चढ् + ने | = | चढ्ने | पढ् + ने | = | .................... |
| बन् + ने | = | .................... | बढ् + ने | = | .................... |
| बढ् + छु | = | बढ्छु | पढ् + छु | = | .................... |
| बन् + ऊँ | = | .................... | पढ् + ऊँ | = | .................... |
| लाग् + छ | = | .................... | पढ् + छ | = | .................... |

## २. तलका वाक्यमा उपयुक्त ठाउँमा निपात भर्नुहोस् :

(क) मेरा साथीहरू ............ कलाकार बन्ने ......... ।

(ख) ............ तिमी पनि पत्रकार बन्ने ............ ।

(ग) हामी ............ त्यहाँ पुगेका छैनौँ ............ ।

(घ) ............... बस त छुटिसकेछ ।

भर्नुपर्ने निपातहरू:
त, रे, ए, र, नै, क्यारे, ला

## ३. तलका वाक्यलाई बहुवचनमा परिवर्तन गर्नुहोस् :

(क) छोरो आयो । ............................................................

(ख) त्यो रुख अग्लो छ । ............................................................

(ग) मेरी बहिनी आइन् । ............................................................

(घ) तिमी छिटो आऊ । ............................................................

## ४. तलका वाक्यलाई एक वचनमा परिवर्तन गर्नुहोस् :

(क) मेरा भाइहरू आए ।

(ख) चराहरू उडे ।

(ग) मेरा छोरीहरू आए ।

(घ) मेरा कुखुराहरू कराउन थाले ।

## ५. तलका निपात राखी एक एक वाक्य बनाउनुहोस् :

त, नि, र, पो, ल, रे, क्यारे, ब्यारे

## सामूहिक क्रियाकलाप

Õ कक्षामा भएका साथीहरूको नाम लेख्नुहोस् । अब ती साथीहरू भविष्यमा के बन्न चाहन्छन् ? त्यो पनि सोधेर लेख्नुहोस् ।

साथीहरूको नाम - बन्न चाहने

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

...................................... - ..............................................................

## सिर्जनात्मक लेखक

Õ तपाईं के बन्न चाहनुहुन्छ ? सो विषयमा एक शब्दसम्ममा आफूले बन्न चाहेको कुरा र किन त्यो बन्न चाहनुहुन्छ ? लेख्नुहोस् । अथवा मेरो चाहना शीर्षकमा एउटा कविता लेख्नुहोस् ।

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

पाठ
१९

# पृथ्वी : साझा घर








## पूर्वपठन

**Õ तलका चित्रहरू हेरी ती दुईका पाँच ओटा भिन्नताहरू लेख्नुहोस् :**



सूर्य अत्यन्त तातो हुन्छ तर पृथ्वी त्यस्तो तातो हुँदैन ।

१. ..............................................................................

२. ..............................................................................

३. ..............................................................................

४. ..............................................................................

५. ..............................................................................

### शब्द र अर्थ

| | | | |
|---|---|---|---|
| साझा | : सबैको | शाकाहारी | : सागसब्जी मात्र खाने |
| उब्जिनु | : फल्नु | झार | : भुइँमा उम्रिने घाँस |
| भिर | : पहरो | बुट्यान | : साना साना रुख |
| प्राणी | : जीवजन्तु; जनावर; पशुपन्छी | हुर्कनु | : ठुलो हुनु; बढ्नु |
| मांसाहारी | : माछामासु खाने | सर्वहारी | : सबैचिज खाने |

## सुनाइ र बोलाइ

Õ **तलको पाठ सुन्नुहोस् :**



हाम्रो संसार अनौठो छ । यहाँ कहिले घाम लाग्छ । घाम लाग्दा गर्मी हुन्छ । कहिले पानी पर्छ । कहिले बादल लाग्छ । कहिले हुस्सु लाग्छ ।

गर्मीको समयमा चर्को घाम लाग्छ । यति बेला गर्मी पनि निकै बढेको हुन्छ । जाडोको समयमा घाम कम लाग्छ । जाडोको समयमा लागेको घामले गर्मी हुँदैन । जाडोको समयमा हुस्सु लाग्छ ।

वर्षातको समयमा धेरै पानी पर्छ । कुहिरो बादल लाग्छ । यस समयमा बाढी पहिराले क्षति पनि पुऱ्याउँछ ।

हिमाली क्षेत्रमा जाडो धेरै हुन्छ । हिमालमा बाह्रै महिना हिउँ पर्छ । पहाडी क्षेत्रमा पनि जाडो बढी हुन्छ । तराई क्षेत्रमा गर्मी बढी हुन्छ । तपाईंलाई थाहा छ चैत बैशाखतिर हावाहुरी बढी चल्छ । यस समयमा पानी कम पर्छ । हावाहुरीले धुलो उडाउँछ ।

हाम्रो यस संसारमा समयअनुसार मौसम परिवर्तन हुन्छ । तपाईंलाई चाहिँ कुन मौसम मन पर्छ ?

१. **तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) तपाईंलाई कस्तो समय मन पर्छ ?

(ख) हुस्सु कुन समयमा लाग्छ ?

(ग) सबैभन्दा धेरै गर्मी कुन क्षेत्रमा हुन्छ ?

(घ) कुन समयमा हावाहुरी चल्छ ?

(ङ) समयअनुसार के परिवर्तन हुन्छ ?

२. **यो संसार अनौठो छ । कसरी बताउनुहोस् :**

३. **तपाईंले गर्मी वा जाडो रोज्नुपऱ्यो भने कुन रोज्नुहुन्छ र किन ? तर्क दिनुहोस् ।**

# पृथ्वी : साझा घर



मान्छे पृथ्वीमा बस्छ । यहीँ उब्जिएको अन्न खान्छ । यहीँको पानी पिउँछ । यहीँ बहने हावाले सास फेर्छ । यहीँ हिँडडुल गर्छ । यहीँ परिश्रम गर्छ र यहीँ आराम गर्छ ।

मान्छेबाहेकका अरू प्राणीहरू पनि पृथ्वीमै बस्छन् । यस्ता प्राणीहरू कुनै मान्छेभन्दा ज्यादै ठुला हुन्छन् । कुनै मान्छेभन्दा ज्यादै साना हुन्छन् । यिनीहरूको आहारा पनि पृथ्वीमै हुन्छ । यिनीहरूको बासस्थान पनि पृथ्वीमै हुन्छ । यिनीहरू खेल्ने, उफ्रने र रमाउने ठाउँ पनि पृथ्वी नै हो ।

बाघ, भालु, गैँडा, हात्ती, ब्वाँसो आदि जङ्गलमा बस्छन् । बनेल, सिंह, मृग, खरायो र अरू धेरै जनावरहरू पनि जङ्गलमा बस्छन् । जङ्गल पनि पृथ्वीमा हुन्छ । जङ्गलमा बस्ने जनावरलाई जङ्गली जनावर भनिन्छ । यस्ता जङ्गली जनावरहरू कुनै मांसाहारी हुन्छन् । कुनै शाकाहारी हुन्छन् । कुनै चाहिँ सर्वहारी हुन्छन् । यी सबै किसिमका आहाराहरू पृथ्वीमै पाइन्छन् ।

जङ्गलमा जनावर मात्र हुँदैनन्, चराचुरुङ्गी पनि हुन्छन् । चराचुरुङ्गीहरू आकाशमा उड्छन् । तापनि उनीहरूको आहारा पृथ्वीमै हुन्छ । उनीहरू बस्ने ठाउँ पृथ्वीमै हुन्छ । कुनै चराचुरुङ्गीले मासु मात्र खान्छन् । कुनै चराचुरुङ्गीले

घाँसपात र अन्न मात्र खान्छन् । कुनैकुनैले चाहिँ मासु पनि खान्छन्, घाँसपात र अन्न पनि खान्छन् । यस्ता कुराहरू पनि पृथ्वीमै हुन्छन् ।



धेरै चराहरू गुँड बनाएर बस्छन् । यस्ता गुँडहरू कुनै रुखमा हुन्छन् । कुनै भिरमा हुन्छन् । कुनैकुनै चाहिँ माटामुनि पनि हुन्छन् । चराहरूले जहाँ गुँड बनाए पनि पृथ्वीमै बनाउँछन् ।

पृथ्वीमा ठुला ठुला रुख र जङ्गल मात्रै हुँदैनन्, साना साना झार र बुट्यानहरू पनि हुन्छन् । यस्ता झारपात र बुट्यानहरूमा साना साना किराफट्याङ्ग्राहरू बस्तछन् । तिनीहरूको आहारा पनि पृथ्वीमै हुन्छ । तिनीहरू उड्ने, उफ्रने ठाउँ पनि पृथ्वी नै हो । यस्ता किराफट्याङ्ग्राहरू कुनै कुनै त धेरै साना पनि हुन्छन् । कतिपयलाई त आँखाले देख्न पनि सकिँदैन । तापनि यिनीहरू पृथ्वीमै रमाउँछन् ।

कतिपय प्राणी त पानीमा पनि बस्छन् । पानी पनि पृथ्वीमै हुन्छ । यस्ता पानीभित्रका माछा र अरू प्राणीहरूको आहारा पनि पृथ्वीमै हुन्छ । माटामुनि पनि धेरै किसिमका प्राणीहरू रहन्छन् । सर्प, भ्यागुता, मुसा आदि बाहिर पनि देखिन्छन्, तर यिनीहरू माटामुनि पनि बस्छन् । गँड्यौला र अरू किराहरू पनि माटामुनि नै बस्तछन् । माटामुनि बस्ने कतिपय किराहरू पनि ज्यादै साना हुन्छन् । त्यस्ता किराहरूलाई हामी आँखाले देख्न सक्तैनौँ । यिनीहरूको आहारा यहीँ हुन्छ । सबै किसिमका जनावरहरू, चराचुरुङ्गीहरू र किराफट्याङ्ग्राहरू पृथ्वीमै जन्मन्छन्, पृथ्वीमै हुर्कन्छन् र पृथ्वीमै मर्छन् । त्यसैले पृथ्वी सबै किसिमका प्राणीहरूको साझा घर हो, साझा बासस्थान हो । सबै प्राणीहरूले आफूखुसी बाँच्न पाउने ठाउँ हो । यही कुरा बुझेर हामी पनि बाँच्नुपर्छ र अरूलाई पनि बाँच्न दिनुपर्छ ।

## शब्दभण्डार

**१. तलका शब्दको ठिक अर्थ छानी खाली ठाउँमा लेख्नुहोस् :**

| | | |
|---|---|---|
| साझा | ........................................ | (एउटाको, सबैको) |
| उब्जिनु | ........................................ | (फल्नु, नफल्नु) |
| भिर | ........................................ | (तराई, पहरो) |
| प्राणी | ........................................ | (प्राण, जीवजन्तु) |
| झार | ........................................ | (रुख, घाँस) |
| बुट्यान | ........................................ | (सानासाना रुख, ठुला ठुला रुख) |

**२. के भनिन्छ ? लेख्नुहोस् :**

| | |
|---|---|
| माछामासु खाने | ........................................ |
| सागसब्जी मात्र खाने | ........................................ |
| सबै चिज खाने | ........................................ |
| जङ्गलमा बस्ने | ........................................ |
| घरमा पालिने | ........................................ |

**शाकाहारी**
**जङ्गली**
**सर्वहारी**
**घरपालुवा**
**मांसाहारी**

**३. शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| पृथ्वी | मेहनती | आराम गर्नु | चराहरू |
| परिश्रमी | बहने | चराचुरुङ्गी | थकाइ मार्नु |
| बग्ने | खानेकुरा | बासस्थान | श्वास |
| आहारा | धरती | सास | बस्ने ठाउँ |

**४. नमिल्ने शब्दमा गोलो घेरा लगाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | पृथ्वी | धरती | धरणी | सूर्य | पृथिवी |
| (ख) | ज्यादै | थोरै | निकै | धेरै | थुप्रै |
| ((ग) | घाँसपात | माछामासु | सागसब्जी | झारपात | सागपात |

| | | | | | |
|---|---|---|---|---|---|
| (घ) | रुख | बोटबिरुवा | जनावर | बुट्यान | झारपात |
| (ङ) | पानी | खोलो | ताल | ढुङ्गो | समुद्र |

**५. शाकाहारी र मांसाहारी छुट्याउनुहोस् । शाकाहारीमा गोलो घेरा (○) लगाउनुहोस् मांसाहारीमा चारकुने घेरा (□) लगाउनुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाघ | स्याल | गिद्ध | गाई | भैँसी | कुकुर | भेडो |
| बाखो | चिल | गैँडा | गोही | मृग | सिंह | खरायो |

## बोध र अभिव्यक्ति

**१. तलको अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् अनि किताब हेरेर शुद्ध अशुद्ध जाँच्नुहोस् :**

सबै किसिमका जनावरहरू, चराचुरुङ्गीहरू र किराफट्याङ्ग्राहरू पृथ्वीमै जन्मन्छन् । पृथ्वीमै हुर्कन्छन् र पृथ्वीमै मर्छन् । त्यसैले पृथ्वी सबै किसिमका प्राणीहरूको साझा घर हो, साझा बासस्थान हो । सबै प्राणीहरूले आफूखुसी बाँच्न पाउने ठाउँ हो । यही कुरा बुझेर हामी पनि बाँच्नुपर्छ र अरूलाई पनि बाँच्न दिनुपर्छ ।

**२. पाठको चित्रमा तपाईं के के देख्नुहुन्छ ? पचास शब्दसम्ममा आफूले देखेका कुराहरू बताउनुहोस् ।**

**३. 'पृथ्वी सबैको साझा घर हो' कसरी ? बताउनुहोस् ।**

**४. पृथ्वी साझा घर पाठ सबैले आवाज ननिकाली पढ्नुहोस् ।**

**५. मुखैले जबाफ दिनुहोस् :**

(क) कुनै चार ओटा जङ्गली जनावरको नाम बताउनुहोस् ।

(ख) कुनै दुई ओटा शाकाहारी जनावरको नाम बताउनुहोस् ।

(ग) माटामुनि बस्न सक्ने कुनै दुई जनावरको नाम बताउनुहोस् ।

(घ) गँड्यौलाहरू कहाँ बस्छन् ?

(ङ) सबैको साझा बासस्थान कहाँ हो ?

**६. ठिकलाई जस्ताको तस्तै र बेठिकलाई सच्याएर सार्नुहोस् :**

(क) सागसब्जी मात्र खानेलाई शाकाहारी भनिन्छ ।

.................................................................................................

(ख) सबै जङ्गली जनावर सर्वहारी हुन्छन् ।

.................................................................................................

(ग) सर्पहरू पृथ्वीमा बस्दैनन् ।

.................................................................................................

(घ) भ्यागुता, मुसा, गँड्यौला माटामुनि पनि बस्छन् ।

.................................................................................................

(ङ) हामी आफू पनि बाँच्नुपर्छ र अर्कालाई पनि बाँच्न दिनुपर्छ ।

.................................................................................................

**७. उत्तर दिनुहोस् :**

(क) मान्छे पृथ्वीमा केके गर्छ ?

.................................................................................................

(ख) सबै प्राणीको साझा घर कुन हो ?

.................................................................................................

(ग) पृथ्वीमा केकस्ता जङ्गली जनावरहरू बस्छन् ?

.................................................................................................

(घ) कस्ता जनावरलाई मांसाहारी जनावर भनिन्छ ?

.................................................................................................

(ङ) साना साना किराफट्याङ्ग्राहरू कहाँ बस्छन् ?

.................................................................................................

(च) पृथ्वी ककसको साझा घर हो ?

.................................................................................................

**८. पृथ्वी सबैको साझा घर हो । कसरी ? कम्तीमा पाँच वाक्यमा लेख्नुहोस् :**

..................................................................................................

..................................................................................................

**९. बढाएर पाँच वाक्यमा लेख्नुहोस् :**

हामी पनि बाँच्नुपर्छ । अरूलाई पनि बाँच्न दिनुपर्छ ।

..................................................................................................

..................................................................................................

..................................................................................................

..................................................................................................

..................................................................................................

## व्याकरण

**१. शुद्ध शब्दमा गोलो घेरा (◯) लगाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| (क) | प्राणि | पराणी | प्रानी | प्राणी |
| (ख) | हाति | हात्ती | हाती | हात्ति |
| (ग) | शाकाहारि | साकाहारि | शाकाहारी | साकाहारी |
| (घ) | बुत्यान | बुट्यान | बूट्यान | बूत्यान |
| (ङ) | वासस्थान | बासस्थान | वाशस्थान | वासस्थान् |

**२. तल देखाएजसरी पाठको दोस्रो अनुच्छेदमा रहेका वाक्यहरू बदल्नुहोस् :**

मानिसबाहेक अरू प्राणीहरू पनि पृथ्वीमै बस्छन् ।

मानिसबाहेक अरू प्राणीहरू पनि पृथ्वीमै बसे ।

मानिसबाहेक अरू प्राणीहरू पनि पृथ्वीमै बस्नेछन् ।

३. **कोठामा पहिले, अहिले र पछि बुझाउने पाँच पाँच ओटा वाक्य बनाउनुहोस् :**

| पहिले | अहिले | पछि |
|---|---|---|
| १. मानिस ओडारमा बस्थे | १. मानिस घरमा बस्छन | १. मानिस घरमा |
| २. | २. | २. |
| ३. | ३. | ३. |
| ४. | ४. | ४. |
| ५. | ५. | ५. |

४. **कर्ताअनुसार कोष्ठकमा दिइएका धातुबाट मिल्ने क्रियापद बनाउनुहोस् :**

जस्तै : राम धेरै .......................... । (पढ्) राम धेरै पढ्छ ।

(क) म विद्यालय .......................... । (जा)

(ख) हामी खाजा .......................... । (खा)

(ग) तँ कथा .............................. । (पढ्)

(घ) तिमी कविता ...................... । (लेख्)

(ङ) तिमीहरू कक्षामा ............... । (बस्)

(च) उनीहरू सिनेमा .................. । (हेर्)

## सामूहिक क्रियाकलाप

Õ **संसारमा केके कुरा सबैको साझा हुनुपर्छ ? किन ? चार पाँच जनाको समूहमा छलफल गर्नुहोस् र साझा हुनुपर्ने कुराहरूको सूची बनाउनुहोस् :**

............... ........................................... .....................

........................... ........................ ........................

## सिर्जनात्मक लेखन

Õ **'हाम्रो पृथ्वी हाम्रो संसार' भन्ने विषयमा एक सय शब्दसम्म समावेश गरेर एउटा निबन्ध लेख्नुहोस् ।**

.....................................................................................................

पाठ २०

# आकाश छुने रहर









## पूर्वपठन

**õ  माथिका दुई चित्रमा भएका भिन्नता बताउनुहोस् ।**

### शब्द र अर्थ

| | | |
|---|---|---|
| बुट्यान | : | सानो रुख |
| दुबिधा | : | दोधार; शङ्काउपशङ्का; द्विविधा |
| उजाड | : | उराठलाग्दो; रुखपात नभएको |
| क्षितिज | : | आकाश र धर्ती जोडिएजस्तो देखिने ठाउँ |
| उदास | : | मन खिन्न भएको; केही गर्न मन नलाग्ने |
| मध्याह्न | : | दिनको बार बजे |
| हाडखोर | : | हाडछाला आदि अवशेष |
| परवाह | : | वास्ता |
| मृगौला | : | शरीरको रगत छान्ने एक महत्वपूर्ण अङ्ग |
| भ्रम | : | नभएको कुरा पनि भएजस्तो लाग्ने अवस्था |

## सुनाइ र बोलाइ

Õ **तलको पाठ शिक्षकबाट सुन्नुहोस् :**

### कसरी बस्ने ? कसरी हिँड्ने ?

धनबहादुर बस्दा ढाड र कम्मर अगाडि झुकाउँदै बस्छन् । उनको ढाड र कुम बाङ्गोजस्तो देखिन्छ । हिँड्दा पनि छाती र टाउको झुकेको हुन्छ । हिँडाइ नै लोसे जस्तो लाग्छ । उनको शरीर र अनुहारमा स्फूर्ति देखिँदैन । उनलाई देख्नेबित्तिकै सबैले कस्तो अल्छी मान्छे ? भन्छन् । धनबहादुर घरमा पुग्ने बित्तिकै बस्नु भन्दा सोफा वा खाटमा पल्टिहाल्छन् ।

मनबहादुर बस्दा टाउको र गर्धन सिधा पार्छन् । उनी हिँड्दा वा बस्दा ढाड सिधा पारेर हिँड्छन् र बस्छन् । उनको हिँडाइ, बसाइ र बोलाइमा स्फूर्ति देखिन्छ । उनी हँसिला, सुकिला र अनुहारमा पनि एक किसिमको चमक भएका मान्छे छन् । धनबहादुर हिँड्दा, बस्दा, बोल्दा सुत्दा, उठ्दा हरेक समयमा आफ्नो अवस्थाको ख्याल गर्छन् ।





१. **माथिको सुनाइ पाठका आधारमा कसको विशेषता हो भन्नुहोस् :**

(क) ढाड र कम्मर झुकाएर बस्ने ।

(ख) बसाइ र हिँडाइमा स्फूर्ति नदेखिने ।

(ग) हँसिलो र सुकिलो देखिने ।

(घ) घरमा पुग्नेबित्तिकै पल्टिने ।

(ङ) आफ्नो अवस्थाको ख्याल हरपल गर्ने ।

(च) बसाइ राम्रो भएको ।

(छ) बसाइ सुधार गर्नुपर्ने ।

**२. तपाईंले धनबहादुरलाई सल्लाह दिनुपर्‍यो भने के सल्लाह दिनुहुन्छ ?**

**३. हाम्रो शरीरलाई केकस्तो बानी लगाउनुपर्छ ? के कस्ता बानी त्यागनुपर्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

**४. तपाईंका हिँडाइ र बसाइ बारेका नराम्रा बानी केकस्ता छन् ? बताउनुहोस् ।**

# आकाश छुने रहर

*- अनन्तप्रसाद वाग्ले*

अविराम हरायो । ऊ विद्यालय गएको पनि छैन, घरमा पनि छैन । आज तीन तीन दिन भइसक्यो, अविरामको अत्तोपत्तो छैन । बुबाआमा, साथीभाइ र छरछिमेकीको ओठ मुख सुकिसक्यो ।

उनीहरूले अविरामलाई खोज्न के मात्रै गरेनन् ? घरबारी, वनपाखा, झाडी-बुट्यान सबैतिर खोजिसके । प्रहरीलाई पनि खबर गरे । विद्यालयबाट पनि अविरामको खुब खोजी गरियो ।

अविराम हराउँदा उसको घर उजाड भएको छ, उसको आँगन उदास भएको छ । त्यही उदास आँगनमा दुःखी गाउँलेहरू भेला भएका छन् । पिँजडामा बसिरहेका सुगा र गोठअगाडि उग्राइरहेका गाई पनि दुःखी देखिन्छन् । बहिनी अदिती दाइ हराएदेखि रोइरहेकी छ ।

“बाघले नै लगेको भए पनि हाडखोर, कपडा केही त फेला पर्थ्यो । अचम्म भयो बा !” भीराडोलका काकाले भन्नुभयो ।

थुम्काली हजुरबाले थप्नुभयो- “न डुबेको पो छ कि भनेर पोखरीको पिँध पिँध छामिसकियो । के त्यो फुच्चे धर्तीमै छैन त ?”

“धर्तीमा त अवश्य छ, तर कतै मृगौला बेच्ने निर्दयीले त लगेन ?” शर्मिला दिदीले शङ्का व्यक्त गर्न नपाउँदै चम्फा आमैले दुबिधा देखाउनुभयो- “न भागेर सहर पस्यो, न कुनै फुस्रे (जोगी) का हात पर्‍यो ......... ।”



यत्तिकैमा पिँजडाको सुगा कराउन थाल्यो- “अ...विराम, अ...विराम !” सबैको ध्यान त्यतै मोडियो । नभन्दै सल्लाघारीकी सुन्तली दिदीको अघि अघि लागेर अविराम आँगनमा आइपुग्यो । सबैको अनुहारमा हाँसो र खुसी देखियो । अदिती दगुर्दै आई र अविरामलाई अँगालो हाली ।

सबैले घेरेर अविरामलाई विभिन्न कुरा सोध्न थाले । उनीहरूले सुन्तली दिदीलाई धेरै धेरै धन्यवाद दिए । सुन्तली दिदी र अविराम स्वयम्को कुरा सुनिसकेपछि पो थाहा भयो, कुरो यस्तो रहेछ- वरिपरिका डाँडाहरूलाई घप्लक्क छोपेर बसेको आकाश देख्दा अविराम दङ्ग पर्दा रहेछ- “त्यो बाटुलो क्षितिजमा चढ्न पाए अनि आफ्नै हातले आकाश छुन पाए कस्तो मजा हुन्थ्यो होला !”

अविरामलाई आकाश छुने ठुलो रहर रहेछ । त्यसैले तीन दिनअघिको त्यो बिहान अविराम कसैलाई नभनी घरबाट निस्क्यो । बुबा पूजाकोठामा र आमा भान्सामा हुनुहुन्थ्यो । बहिनी अदिती फलैँचामा बसेर गृहकार्य गर्दै थिई ।

घरबाट हेर्दा नाल्दुम डाँडासँग आकाश जोडिएजस्तै देखिन्थ्यो । त्यसैले अविराम नाल्दुमतिर लम्कियो । हिँड्दा-हिँड्दा साँझपख ऊ नाल्दुमको टुप्पामा पुग्यो, तर त्यहाँबाट उसले आकाश छुन सकेन ।

अविरामलाई लाग्यो, आकाश त साखिने डाँडासँग पो राम्ररी जोडिएको रहेछ । त्यो दिन अबेर भइसकेकाले तल झरेर ऊ सुशान्तको घरमा बस्यो । भोलिपल्ट सुशान्तकहाँबाट निस्क्यो र साखिनेतिर हिँड्यो ।

मध्याह्नमै साखिनेको शिखर टेक्दा अविरामलाई आनन्द लाग्यो । तर त्यहाँ पनि आकाश नभेटिँदा ऊ खिन्न भयो । त्यहाँबाट आकाशले पारिको सल्लाघारीलाई छोएको देखियो । भोक-तिर्खाको परवाह नगरी अविराम साखिनेबाट झर्‍यो । अनि सल्लाघारीको उकालो लाग्यो । सल्लाका बाक्ला रुखहरूले त्यहाँ दिउँसै पनि अँध्यारोजस्तै हुन्थ्यो । यसले गर्दा अविरामलाई दिन ढलेको पत्तै भएन ।

ऊ सल्लाघारीको थाप्लोमा पुग्दा झमक्क साँझ परिसकेको थियो । त्यहाँ पनि

आकाश भेटिएन । बासमा फर्केका चराहरू कराइरहेका थिए । अँध्यारो बढ्दै थियो । भोक, तिर्खा र थकाइले पीडित अविराम रुन थाल्यो ।

सुन्तली दिदी दाउरा बोकेर हतार हतार झर्दै थिइन् । बालक रोएको आवाज सुनेर उनी डराइन् पनि । केही पाइला हिँडेपछि उनले अविरामलाई देखिन् र आफूसँगै घरमा लगिन् ।

अहिलेसम्म अविरामले बुझिसकेको थियो- “आकाश शून्य छ । हामी जहाँ रहे पनि आकाशलाई छोइरहेछौँ । वरिपरिको क्षितिजले मात्र आकाश छोएको देख्नु हाम्रो भ्रम हो ।” यो कुरा थाहा पाएपछि गाउँलेहरू हाँस्दै घर फर्किए । त्यसपछि अविरामले कहिल्यै पनि आकाश छुने रहर गरेन ।

## शब्दभण्डार

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् र कापीमा सार्नुहोस् :**

अत्तोपत्तो, आँगन, हाडखोर, घप्लक्क, क्षितिज, शिखर

**२. क, ख, ग ......... लेखी शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) बुट्यान | ( ) | हाडछाला आदि अवशेष |
| (ख) उजाड | ( ) | शरीरको रगत छान्ने एक महत्वपूर्ण अङ्ग |
| (ग) उदास | ( ) | नभएको कुरा पनि भएजस्तै लाग्नु |
| (घ) हाडखोर | ( ) | वास्ता |
| (ङ) मृगौला | ( ) | सानो रुख |
| (च) दुबिधा | ( ) | उराठलाग्दो; रुखपात नभएको |
| (छ) क्षितिज | ( ) | दिनको बार बजे |
| (ज) मध्याह्न | ( ) | दोधार; शङ्का उपशङ्का; द्विविधा |
| (झ) परवाह | ( ) | आकाश र धर्ती जोडिएजस्तो देखिने ठाउँ |
| (ञ) भ्रम | ( ) | मन खिन्न भएको; केही गर्न मन नलाग्ने |

**३. तलका पदावलीको अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| ओठमुख सुक्नु | शङ्का गर्नु |
| दङ्ग पर्नु | गाईबस्तुले केही चपाएर बस्नु |
| दिन ढल्नु | थहापत्तो नहुनु |
| अत्तोपत्तो नहुनु | ज्यादै चिन्तित हुनु |
| गाईबस्तु उग्राउनु | मख्ख पर्नु |
| शङ्का व्यक्त गर्नु | दिन बित्दै जानु |

**४. तलका शब्दको दुई दुई अर्थ लेख्नुहोस् :**

(क) रहर १. ...........................................................................

रहर २. ...........................................................................

(ख) उत्तर १. ...........................................................................

उत्तर २. ...........................................................................

(ग) साँचो १. ...........................................................................

साँचो २. ...........................................................................

(घ) पुतली १. ...........................................................................

पुतली २. ...........................................................................

## बोध र अभिव्यक्ति

**१. तपाईँलाई गर्न मन लागेको तर गर्न नसकेको कुरा के होला ? कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।**

**२. तलका शब्दहरू शुद्धसँग पढ्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| उग्राइरहेका | धर्ती, | मृगौला | शर्मिला | फुस्रे | निर्दयी |
| पऱ्यो | दगुर्दै | गृहकार्य | तिर्खा | भ्रम | फर्केका |

**३. पाठ पढ्नुहोस् र कसले भनेको हो, लेख्नुहोस् ।**

(क) कपडा केही त फेला पर्थ्यो । ..................

(ख) के त्यो फुच्चे धर्तीमै छैन त ? ..................

(ग) न भागेर सहर पस्यो । ..................

(घ) कतै मृगौला बेच्ने निर्दयीले त लगेन ? ..................

(ङ) आफ्नै हातले आकाश छुन पाए कस्तो मज्जा हुन्थ्यो होला । ..................

**४. उत्तर दिनुहोस् :**

(क) अविरामका आमाबुबा, छरछिमेक, साथीभाइको किन ओठमुख सुक्यो ?

(ख) अविरामको खोजी कहाँ कहाँ गरियो ?

(ग) अविराम किन नाल्दुम डाँडातिर लम्कियो ?

(घ) सल्लाघारी कस्तो थियो ?

(ङ) सुन्तली दिदीले अविरामलाई कसरी भेटिन् ?

(च) सुन्तली दिदीलाई सबैले किन धन्यवाद दिए ?

**५. लामो उत्तर लेख्नुहोस् :**

(क) अविराम किन हराएको रहेछ ?

(ख) अविराम कसरी सल्लाघारीसम्म पुग्यो ?

(ग) आकाश छुने रहर गर्दा अविरामले के थाहा पायो र कसरी ?

**६. बढाएर लेख्नुहोस् :**

आकाश शून्य छ । हामी जहाँ रहे पनि आकाशलाई छोइरहन्छौँ । वरिपरिको क्षितिजले मात्र आकाश छोएको देख्नु हाम्रो भ्रम हो ।

**७. पाठको पहिलो र दोस्रो अनुच्छेद खोजेर लेख्नुहोस् र त्यसपछि आफैँ किताब हेरेर परीक्षण गर्नुहोस् ।**

**८. तलको सूचना पढ्नुहोस् :**

**बालक हराएको सूचना**



मन्थली-१ रामेछाप घर भई हाल मैजुबहालमा बस्ने, पशुपति मित्र मा.वि. मा कक्षा चारमा पढ्दै गरेको, १० वर्षको अविराम नाम गरेको केटो हराइरहेको छ । गहुँगोरो वर्णको, आकासे रङको सर्ट र निलो पेन्ट लगाएको उक्त केटो मिति २०७८/०३/०३ गतेदेखि सम्पर्कविहीन छ । उपर्युलिखित हुलिया भएको केटो कतै फेला पार्नुभयो भने फोन नं. ४४९९२.. मा अथवा नजिकैको प्रहरी चौकीमा सूचना दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**९. तलका शब्दार्थ पढ्नुहोस् :**

| | | |
|---|---|---|
| सूचना | : | जानकारी |
| हाल | : | अहिले |
| वर्ण | : | रङ |
| उपर्युल्लिखित | : | माथि भनिएको |
| हुलिया | : | ढङ्गढाँचा; रूपरङ आदिको बयान |

**१०. माथिको सूचनामा अङ्कहरू किन प्रयोग भएका छन् ? बताउनुहोस् :**

(क) १ (ख) १०

(ग) २०७८/०३/०३ (घ) ४४९९२८५

**११. माथिको सूचनाको आधारमा तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) अविरामको स्थायी ठेगाना कहाँ रहेछ ?

(ख) अविराम पढ्ने विद्यालयको नाम बताउनुहोस् ।

(ग) अविराम कहिलेदेखि हराएको रहेछ ?

(घ) अविराम अहिले कहाँ बस्दै रहेछ ?

(ङ) अविरामलाई भेटेमा कहाँ सूचना दिन सकिने रहेछ ?

## व्याकरण

**१. तलका जोडिएका शब्दहरू छुट्याएर देखाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| बाबुआमा | = | बाबु र आमा | साथीभाइ | = | ........................ |
| बाबुछोरा | = | ........................ | भाइबुहारी | = | ........................ |
| देशविदेश | = | ........................ | कामकुरा | = | ........................ |
| दयामाया | = | ........................ | काकाकाकी | = | ........................ |
| डरत्रास | = | ........................ | भोकतिर्खा | = | ........................ |

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| दिउँसोको समय | साँझ |
| बेलुकाको समय | प्रभात |
| रातको समय | मध्याह्न |
| बिहानको समय | मध्यरात |

**३. शुद्ध शब्दमा गोलो घरा लगाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| (क) | साथिभाइ | साथीभाई | साथीभाइ | साथिभाई |
| (ख) | वहिनी | बहिनी | बहीनी | बहिनि |
| (ग) | शंका | शङ्का | षङ्का | संका |
| (घ) | छितिज | छीतिज | क्षीतीज | क्षितिज |
| (ङ) | वरीपरी | वरिपरी | वरिपरि | वरिपरी |

**४. शब्द दोहोऱ्याएर लेख्नुहोस् :**

धेरै = धेरै धेरै

हतार, माथि, तल, वर, पर, डर, छिटो

**५. कर्ताअनुसार कोष्ठमा दिइएका धातुबाट क्रियापद बनाउनुहोस् :**

अविराम घरबाट हिड्यो । (हिँड्)

(क) सबैले अविरामलाई ...................... । (खोज्)

(ख) सुन्तली दिदीले अविरामलाई ...................... । (भेट्)

(ग) घरको सुगा पनि ...................... । (कराउ)

(घ) सबै जना अविरामलाई खोज्न ...................... । (हिँड्)

(ङ) अविरामले आकाश छुने रहर ...................... । (गर्)

## सामूहिक कार्य

Õ **दुई दुई जनाको समूह बनाउनुहोस् । अब हरेक समूहले तलका खाली ठाउँमा आफ्नो विद्यालयमा भएका तर एउटै कक्षामा नपढ्ने विद्यार्थीहरूको नाम लेख्नुहोस् । पाँच मिनेटमा कुन समूहले सबैभन्दा बढी विद्यार्थीको नाम लेख्यो ?**

.................. .................. .................. .................. ..................

.................. .................. .................. .................. ..................

## सिर्जनात्मक लेखन

Õ बालक हराएको सूचना जस्तै कुनै बालिका हराएको सूचना बनाउनुहोस् :

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................